# रुपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम. एड.) नेपाली
दोस्रो वर्षको पा“चौ“ पत्रको अध्ययन पूरा गर्ने
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

(२०६१-६३)


शोधकर्ता
टीकानाथ पौडेल
स्नातकोत्तर (एम.एड.) नेपाली दोस्रो वर्ष
दोस्रो वर्षको वार्षिक परीक्षा रोल नं. २८०५३८
क्याम्पस दर्ता नं. ६९३-२०६१-६३, रजिस्ट्रेशन नं. ९-२-१-८८५-९९
त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग

नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, २०६३

# रुपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम. एड.) नेपाली

दोस्रो वर्षको पा"चौ" पत्रको अध्ययन पूरा गर्ने

प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

(२०६१-६३)

शोधनिर्देशक

डा. यादवप्रकाश लामिछाने

उप-प्राध्यापक

त्रि.वि.शि.शा.स. नेपाली शिक्षा विभाग

विश्वविद्यालय क्याम्पस, कीर्तिपुर

शोधकर्ता

टीकानाथ पौडेल

स्नातकोत्तर (एम.एड.) नेपाली दोस्रो वर्ष

दोस्रो वर्षको वार्षिक परीक्षा रोल नं. २८०५३८

क्याम्पस दर्ता नं. ६९३-२०६१-६३, रजिस्ट्रेशन नं. ९-२-१-८८५-९९

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पस, नेपाली भाषा शिक्षा विभागका छात्र टीकानाथ पौडेल (एम.एड.) तहमा नेपाली विषयको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **"रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन"** शीर्षकको शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृत प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

मितिः २०६३।०९।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, २०६३

# शोध निर्देशकको मन्तव्य

नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविालय शिक्षाशास्त्र केन्द्रीय विभाग विश्वविद्यालय क्याम्पस कीर्तिपुरका श्री टीकानाथ पौडेलले नेपाली शिक्षा विभागको स्नातकोत्तर (एम.एड.) उपाधिको आवश्यकता परिपूर्तिका लागि **"रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन"** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार गर्नुभएको हो । उहाँले तयार गर्नुभएको यस शोधपत्रप्रति म सन्तुष्ट छु । तसर्थ यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

**शोधनिर्देशक**

मितिः २०६३।०९।
काठमाडौं, नेपाल

..................................................
**डा. यादवप्रकाश लामिछाने**
**उप-प्राध्यापक**
**त्रि.वि.शि.शा.स. नेपाली शिक्षा विभाग**
**विश्वविद्यालय क्याम्पस, कीर्तिपुर**

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय नेपाली शिक्षा विभाग एम.एड. द्वितीय वर्षको पाँचौ पत्रको प्रयोजनका लागि तयार पारिएको **"रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन"** शीर्षकको शोधपत्र आदरणीय गुरुवर श्री यादवप्रकाश लामिछानेज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । प्रस्तुत शोधपत्र तयार पार्दा आफ्नो व्यस्ततालाई समेत परवाह नगरी शोधजस्तो जटिल कार्यमा मिहिन र मसिनु लामिछानेले अध्ययन विश्लेषणका लागि समय उपलब्ध गराउनु हुने निर्देशकज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्रको रुपरेखा तयारदेखि अध्ययन विश्लेषणका पक्षमा सहयोग पुऱ्याउनु हुने आदरणीय गुरुवर डा. पारसमणि भण्डारीज्यूप्रति हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्र तयार पार्दा मैले विभिन्न विद्वान समीक्षकहरूका कृतिहरूको समेत उपयोग गरेको छु र त्यस्ता महत्त्वपूर्ण कृतिहरूको लेखक र कृतिका नामहरू समेत सन्दर्भ-सूचीमा दिएको छु । मैले जजसका कृतिबाट प्रत्यक्ष परोक्ष रूपमा सामाग्री लिएको छु । उहाँहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधपत्र तयार पार्दा आर्थिक तथा अमूल्य सुझाव सल्लाह दिएर सहयोग गर्नुहुने पूज्यनीय बुबा श्री हरिप्रसाद पौडेल र आमा श्रीमती तुलशा पौडेलप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधपत्रको प्रस्तावना तयारीका क्रमदेखि सामाग्री सङ्कलन, विज्ञहरुसँगको सम्पर्क तथा अन्य विविध कार्यमा अपूर्व सहयोग पुऱ्याई लेखन कार्यमा बारम्बार सहयोग पुऱ्याउने दाजु चन्द्रकान्त पौडेल, भाइ अर्जुन, साथीहरू हेम भण्डारी, विनोद खतिवडा, कुमार निरौला र हरिकुमार लोहनीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्रको साफीलाई छिटो, छरितो र शुद्धसँग कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने दुर्क कम्प्युटर सिस्टम, कीर्तिपुर, नयाँ बजारका श्री दुर्कमान महर्जनलाई हार्दिक धन्यवादन दिन चाहन्छु ।

............................

**टीकानाथ पौडेल**

एम.एड. दोस्रो वर्ष

क्रमाङ्क २८०५३८

त्रि.वि. दर्ता नं. ९-२-१-८८५-९९

# शोधसार

**शोधशीर्षक:** यस शोधपत्रको शीर्षक 'रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन' रहेको छ ।

**शोधार्थी:** टीकानाथ पौडेल

**शोधनिर्देशक:** प्रा.डा. यादवप्रकाश लामिछाने

**विभाग/क्याम्पस:** नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

शोध प्रक्रिया

शोधप्रयोजन: प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको आठौँ पत्रको आवश्यकता पूरा गर्ने प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

शोधसमस्या

राणाकालीन मध्यमवर्गीय एक ब्राह्मण परिवारसित सम्बन्धित 'रूपमती' उपन्यासमा परिवारका सदस्यहरू बीचको पारिवारिक झैं-झगडा, कलह, सङ्घर्ष देखाउने क्रममा एकातर्फ व्यक्ति चरित्रको उद्घाटन गरिएको पाइन्छ भने अर्कोतर्फ तत्कालीन समाजको समेत मोटामोटी रूपरेखा प्रस्तुत गरिएको छ । पारिवारिक सामाजिक विषयवस्तुमा आधारित यो उपन्यासलाई प्रथम आधुनिक, सामाजिक, यथार्थवादी, नारीचरित्रप्रधान उपन्यास भनेर चिनिन्छ । नेपाली साहित्यको क्षेत्रमा उपन्यास लेखनको इतिहासमा लेखन शैली, वाक्य गठन भाषिक प्रयोग एवं रचना शिल्पका हिसाबले महत्त्वपूर्ण ठहरिएको छ । यस उपन्यासको शैली वैज्ञानिक अध्ययन गर्नु, विश्लेषण एवं मूल्याङ्कन गर्नु, उक्त उपन्यासका संरचना पक्षको निरक्षण गर्नु, शैली वैज्ञानिक दृष्टिले यस उपन्यासको अध्ययन गर्नुका साथै शिक्षण प्रक्रिया तथा शैक्षणिक प्रयोगलाई समेत प्रस्तुत गर्नु यस शोधपत्रको प्रमुख समस्या हो ।

उद्देश्य

यस शोधपत्रको उद्देश्य रूपमती उपन्यासको संरचनापक्षको निरूपण गर्नु, यस उपन्यासको शैलीवैज्ञानिक दृष्टिले चयन, विचलन र समानान्तरताका आधारमा अध्ययन विश्लेषण गर्नु रहेको छ ।

## शोधको औचित्य

रूपमती उपन्यास उच्चतहको पाठ्यक्रममा समावेश गरिएको छ । यस उपन्यासको अध्ययनको महत्त्व उच्च शिक्षाको शैक्षिक प्रयोजन परिपूर्तिका निम्ति मात्र नभएर अध्ययन विश्लेषणमा रुचि राख्ने जो कोहीका लागि पनि उपयोगी छ । तसर्थ यस उपन्यासको अध्ययन विश्लेषण गर्नु उतिकै महत्त्वपूर्ण रहेको छ । कुनै पनि शिक्षार्थीले उपन्यासको अध्ययनबाट आनन्दको अनुभूति प्राप्त गर्नुका साथै बौद्धिक खुराक समेत प्राप्त गर्दछ । जोसुकै अध्ययन कर्तालाई सामाजिक सांस्कृतिक परम्परा, मूल्यमान्यताका विविध पक्षको सूक्ष्म अध्ययन गर्ने क्षमताको विकास हुने हुनाले अध्ययन र अध्यापन गर्ने जोसुकैका लागि समेत उपयोगी ठहरिएको छ ।

## शोधको सीमाङ्कन

प्रस्तुत शोधपत्र निम्नलिखित सीमाहरूमा आवद्ध भइ गरिएको छ –

रूपमती उपन्यासको संरचना पक्ष (साहित्यिक संरचना बनोट र बुनोट, भाषा संरचनाः व्याकरण व्यवस्था, शब्द, व्यवस्था र ध्वनि व्यवस्था) को निरूपण गर्नुका साथै शैली विश्लेषण प्रक्रियाहरू (विकल्पन र चयन, अग्रभूमि निर्माण, विचलन र समानान्तरता) अपनाई रूपमती उपन्यासको अध्ययन गरिएको छ ।

## सामग्री सङ्कलन

यस शोधपत्र तयार पार्दा पुस्तकालयीय पद्धति अपनाई प्राथमिक स्रोत सामाग्रीका रूपमा रूपमती उपन्यास र सहायक, गौण सामग्रीका रूपमा अन्य सम्बन्धित पाठ्युपस्तक, सन्दर्भ पुस्तक, पत्रपत्रिका तथा शोधपत्रहरूको सहयोग लिई अध्ययन विश्लेषण गरिएको छ ।

## शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्दा विभिन्न सङ्कलित सामाग्रीहरूलाई पुस्तकालयीय विधि अपनाइएको छ । प्राप्त सामाग्रीहरूलाई विश्लेषणात्मक विधिका साथै शैलीविज्ञानका विश्लेषणात्मक पद्धतिहरूलाई अवलम्बन गरिएको छ ।

## शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र ६७ पृष्ठमा संरचित रहेको छ । यो सातौं परिच्छेदसम्मको रहेको छ । प्रथम परिच्छेददेखि सातौं परिच्छेदसम्मको संरचनालाई निम्नानुसार दिइएको छ–

**प्रथम परिच्छेद-** यस शोधपत्रको प्रथम परिच्छेद परिचय शीर्षकअन्तर्गत शोधशीर्षक, शोधकार्यको प्रयोजन, शोधसमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको

औचित्य, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन अध्ययन र विश्लेषण र शोधविधि जस्ता शीर्षकमा संरचित छ ।

**दोस्रो परिच्छेद-** यस परिच्छेदमा कृतिविश्लेषण गर्ने शैलीवैज्ञानिक आधार अन्तर्गत शेलीको परिचय, शैलीविज्ञानको परिचय, परिभाषा र पृष्ठभूमि, शैलीको सैद्धान्तिक स्वरूप, शैली विज्ञान विश्लेषण प्रक्रियाका आधारमा अध्ययन गरिएको छ ।

**तेस्रो परिच्छेद–** यस परिच्छेदमा कथानकको आधारमा 'रूपमती' उपन्यास शीर्षकअन्तर्गत कथानक, उपन्यासको शीर्षक सार्थकता, उपन्यासको संरचना (बाह्य र आन्तरिक) कथानक, चरित्रविधान, संवाद, वातावरण, दृष्टिविन्दु, भाषाशैली आदिका आधारमा चर्चा गरिएको छ ।

**चौथो परिच्छेदः** यस परिच्छेदमा चरित्रका आधारमा रूपमती उपन्यास शीर्षकअन्तर्गत 'रूपमती' उपन्यासभित्र प्रयुक्त पात्रहरू, चरित्र चित्रणका विभिन्न आधारहरू (लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आवद्धता) का आधारमा अध्ययन तथा व्याख्या विश्लेषण, रूपमती र बरालपुत्रीबीच तुलनात्मक अध्ययन आदिका आधारमा चर्चा गरिएको छ ।

**पाँचौ परिच्छेदः** यस परिच्छेदअन्तर्गत चयन शीर्षकअन्तर्गत शब्द चयन (नामपद, सर्वनाम, क्रियापद, विशेषण, अव्यय (क्रियाविशेषण), अनुकरणात्मक, निपात, विश्मयादिबोधक, उखानटुक्का, विम्ब, प्रतीक), वाक्य चयन (सरल, लघु, संयुक्त मिश्र वाक्य, जटिल, प्रश्न, इच्छार्थक, मुक्त क्रियात्मक) का साथै विभिन्न चिन्हहरूको समेत चर्चा गर्दै निष्कर्ष दिइएको छ ।

**छैटौं परिच्छेदः** यस परिच्छेदमा विचलन र समानान्तरताका आधारमा रूपमती उपन्यास शीर्षकअन्तर्गत क्रमशः कोशीय, व्याकरिणक, ध्वनि प्रक्रियात्मक, अर्थतात्विक, भाषिका विचलन र बाह्य र आन्तरिक समानान्तरताका आधारमा विश्लेषण गरिएको छ । अन्त्यमा निष्कर्ष दिइएर छैटौं परिच्छेदलाई टुङ्ग्याइएको छ ।

**सातौं परिच्छेदः** सातौं परिच्छेद यस शोधपत्रको अन्तिम परिच्छेद हो । यस परिच्छेदमा सम्पूर्ण शोधकार्यको बिट मार्ने जमर्को गरिएको छ । साथै परिशिष्टअन्तर्गत रूपमतीमा प्रयुक्त केही तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक शब्दहरू, उखान टुक्काहरूलाई समेत समावेश गरिएको छ । शोधपत्र तयार पार्दा प्राथमिक तथा सहायक सामग्रीका रूपमा सहयोग लिइएका सामग्रीहरूलाई सन्दर्भग्रन्थ सूची अन्तर्गत पुस्तकसूची, शोधपत्र सूची र पत्रपत्रिकाहरूको सूची राखिएको छ ।

शोध निष्कर्ष

रूद्रराज पाण्डेद्वारा लेखिएको 'रूपमती' उपन्यासले नेपाली उपन्यासको आधुनिक युगको सूत्रपात गरेको पाइन्छ । यस उपन्यासको विभिन्न विद्वान्हरूले व्याख्या विश्लेषण तथा विवेचना गरे पनि शैलीवैज्ञानिक अध्ययन भने कहीँ पनि कसैले गरेको पाइँदैन । त्रि.वि.वि. नेपाली भाषा, शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आठौँ शोधपत्रको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि 'रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षक चयन गरी अध्ययन गरिएको छ । फ्रेटागको पिरामिडका आधारका पाँच अवस्थाहरूका आधारमा राखेर हेर्दा यो उपन्यास अत्यन्तै सवल र सक्षम उपन्यासका रूपमा चिनिन्छ । उपन्यासको शीर्षक चयनलाई हेर्दा सही शीर्षक छानेको पाइन्छ । ग्रामीण र शहरीया वातावरण सापेक्ष कथानकलाई सही पात्रको चयन गरेको पाइन्छ । सरल, सहज भाषाशैली प्रयोग गरी निर्माण गरिएको 'रूपमती' उपन्यास लघु संरचनामा बाँधिएको छ । चरित्र चित्रण गर्ने विभिन्न शैलीवैज्ञानिक आधारहरू (लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्ता र अवद्धता) का आधारमा रूपमती उपन्यासलाई अध्ययन विश्लेषण गर्दा अत्यन्तै बढी पत्रहरूको चयनले केही कठिन महशुस भए पनि धेरै गौण पात्रहरूको प्रयोग गरेकाले उपन्यासको कथावस्तु केही खजमजिएको जस्तो देखिन्छ । पाण्डेले जे जति पात्रको चयन गरे पनि सबै आवश्यक र आफ्नो-आफ्नो कार्यको भूमिका निर्वाह गर्नका लागि चयन गरेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा प्रयुक्त शब्द वाक्य तथा विभिन्न विम्ब प्रतीक चिन्हका साथै उखान टुक्का तथा शब्दहरूको बारम्बार पुनरावृत्तिले उपन्यासलाई दिक्क लाग्ने, पटयाँई लाग्नबाट टाढा राखेर रोचक पारेको पाइन्छ । चयनका र समानान्तरताका आधारमा शैलीवैज्ञानिक दृष्टिले हेर्दा सवल देखिन्छ । रूपमती उपन्यासमा प्रशस्तै मात्रामा विचलनका शब्दहरूको प्रयोग पाइन्छ । जस्तै फर्कोइन, सकार्छ, होओइन, आइडिन, कस्टो, पडयो, जाउ खान भात, कपालमा चढाइ राखेकी आदि विचलन पाइन्छ । यस्ता विचलनका शब्द तथा वाक्यको प्रयोग गरेको पाइएता पनि अस्पष्ट तथा अप्ठ्यारो महशुस भने पाइँदैन । त्यस्तै गरी जति जति, भन्नु न भन्नु, कोहो-कोहो जस्ता समानान्तरता पदहरूले पनि उपन्यासलाई उद्देश्य तर्फ लगेको देखिन्छ । समग्रमा रूपमती उपन्यासको अध्ययन गरी यो उपन्यासको उद्देश्य, विषयवस्तु, कथानक, परिवेश, वातावरण, भाषाशैली, दृष्टिबिन्दु लगायत, शैलीवैज्ञानिक दृष्टिले अध्ययन गर्ने विभिन्न आधारहरूको अध्ययन गर्दा अत्यन्तै मार्मिक, सान्दर्भिक, सरल, सहज उपन्यासका रूपमा ठहरिन्छ ।

# विषय-सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| **पहिलो परिच्छेदः परिचय** | | **१-४** |
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधकार्यको प्रयोजन | १ |
| १.३ | शोध समस्या | १ |
| १.४ | शोधकार्यको उद्देश्य | १ |
| १.५ | पूर्वकार्यको समीक्षा | १ |
| १.६ | शोधकार्यको औचित्य | ३ |
| १.७ | अध्ययनको सीमाङ्कन | ३ |
| १.८ | सामग्री सङ्कलन अध्ययन र विश्लेषण | ३ |
| १.९ | शोध विधि | ४ |
| १.१० | शोधपत्रको रूपरेखा | ४ |
| **दोस्रो परिच्छेदः कृति विश्लेषण गर्ने शैलीवैज्ञानिक आधार** | | **५-१७** |
| २.१ | परिचय | ५ |
| २.२ | शैलीको परिचय | ५ |
| २.३ | शैलीविज्ञानको परिचय | ६ |
| २.४ | शैलीविज्ञानको सैद्धान्तिक स्वरूप | ८ |
| २.५ | शैलीविज्ञानको क्षेत्र | ८ |
| २.६ | कृति विश्लेषणको शैलीवैज्ञानिक आधार | ९ |
| २.७. | सारांश | १७ |
| **तेस्रो परिच्छेदः कथानकको आधारमा रुपमती उपन्यास** | | **१८-३२** |
| ३.१ | परिचय | १८ |
| ३.२ | कथानक | १८ |
| ३.३ | उपन्यासको नामकरण | १९ |
| ३.४ | अध्याय विभाजन र कथानक | २० |
| ३.५ | रूपमती उपन्यासको कथानक विकासक्रम | २५ |
| ३.६ | कथानक विकासक्रम तालिका र विश्लेषण | २६ |
| ३.७. | फ्रेटागको सूची स्तम्भका आधारमा कथानक विकासक्रम तालिका | २८ |
| ३.८ | कथानक विकासक्रम तालिकाको विश्लेषण | ३० |
| ३.९ | सारांश | ३२ |

| | | |
|---|---|---|
| **चौथो परिच्छेदः चरित्रका आधारमा रूपमती उपन्यास** | | **३३-५०** |
| ४.१ | परिचय | ३३ |
| ४.२ | 'रूपमती' उपन्यासमा प्रयोग गरिएका पात्रहरू | ३३ |
| ४.३ | चरित्र चित्रणका विभिन्न आधार | ३८ |
| ४.४ | चरित्र चित्रणका वर्गीकरणको आधार | ३८ |
| ४.५ | चरित्रहरूको तालिका | ४१ |
| ४.६ | चरित्रहरूको तालिकाको व्याख्या विश्लेषण | ४३ |
| ४.७ | रूपमती उपन्यासका पात्रहरू रूपमती र बरालपुत्रीबीचको विभिन्न तुलनात्मक अध्ययन | ४८ |
| ४.८ | सारांश | ५० |
| **पाँचौ परिच्छेदः चयनका आधारमा 'रुपमती' उपन्यास** | | **५१-६२** |
| ५.१ | परिचय | ५१ |
| ५.२ | चयन | ५१ |
| ५.२.१ शब्द चयन र विश्लेषण | | ५१ |
| ५.२.१.१ नाम पदको चयन | | ५१ |
| ५.२.१.२ सर्वनाम पदको चयन | | ५२ |
| ५.२.१.३ क्रियापदको चयन | | ५२ |
| ५.२.१.४ विशेषण पदको चयन | | ५३ |
| ५.२.१.५ अव्यय (क्रियाविशेषण) पदको चयन | | ५३ |
| ५.२.१.६ अनुकरणात्मक शब्दको चयन | | ५३ |
| ५.२.१.७ निपात पदको चयन | | ५४ |
| ५.२.१.८ विस्मयादिबोधक पदको चयन | | ५४ |
| ५.२.१.९ उखान-टुक्काको चयन | | ५५ |
| ५.२.२ शब्दचयनको तालिका | | ५५ |
| ५.२.३ वाक्य चयनका आधारमा 'रूपमती' उपन्यास | | ५६ |
| ५.२.३.१ सरल वाक्यहरू | | ५६ |
| ५.२.३.२ लघु वाक्य संरचना | | ५६ |
| ५.२.३.३ संयुक्त वाक्य | | ५७ |
| ५.२.३.४ मिश्र वाक्य | | ५७ |
| ५.२.३.५ जटिलवाक्य | | ५७ |
| ५.२.३.६ प्रश्नवाक्य | | ५८ |
| ५.२.३.७ सबभन्दा लामो वाक्य | | ५८ |
| ५.२.३.८ इच्छार्थक वाक्य | | ५८ |
| ५.२.३.९ मुक्तक्रियात्मक वाक्यको प्रयोग | | ५८ |
| ५.२.४ वाक्य चयनको आधारमा विश्लेषण | | ५८ |

५.२.५ बिम्ब र प्रतीकको चयन ६०
५.२.६ अलङ्कार चयन ६१
५.२.७ चिह्न प्रयोग ६१
५.२.८ उद्धरण चिह्नको चयन ६२
५.३ सारांश ६२

**छैठौं परिच्छेदः विचलन र समानान्तरको आधारमा रूपमती उपन्यास ६३-६८**
६.१ परिचय ६३
६.२ विचलन ६३
६.२.१ कोशीय विचलन ६३
६.२.२ व्याकरणात्मक विचलन ६४
६ २ ३ ध्वनि पक्रियात्मक विचलन ६५
६.२.४ अर्थतात्विक विचलन ६६
६.२.५ भाषिका विचलन ६७
६.३ समानान्तरता ६७
६.३.१. बाह्य समानान्तरता ६७
६.३.२. आन्तरिक समानान्तरता ६७
६.४ सारांश ६८

**सातौं परिच्छेदः निष्कर्ष ६९-७१**

**परिशिष्ट ७२-७४**

**सन्दर्भग्रन्थसूची ७५-७६**

# तालिका सूची


| | | |
|---|---|---|
| | | **पेज नं.** |
| तालिका नं. १ | : शैलीविज्ञान विश्लेषण | ९ |
| तालिका नं २ | : संरचना | २० |
| तालिका नं. ३ | : कथानक विकासक्रम | २६ |
| तालिका नं. ४ | : फ्रेटागको सूची स्तम्भ | २८ |
| तालिका नं. ५ | : चरित्र वर्गीकरण | ४० |
| तालिका नं. ६ | : चरित्र चित्रण | ४१ |
| तालिका नं. ७ | : रूपमती र बरालपुत्री बीचको तुलना | ४८ |
| तालिका नं. ८ | : ध्वनिक्रम | ६६ |
| तालिका नं. ९ | : विचलन र समानता | ६८ |

पहिलो परिच्छेद

# परिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन रहको छ ।

## १.२ शोधकार्यको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविधालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको आठौ पत्रको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ शोध समस्या

रूद्रराज पाण्डेद्वारा लिखित 'रूपमती' उपन्यास नेपाली गद्य साहित्यको एक महत्त्वपूर्ण सफलता हाँसिल गर्न सक्षम रहेको प्रथम विधागतसचेतका साथ लेखिएको उपन्यास हो । यो मूलतः पारिवारिक समस्यामा आधारित रहेर लेखिएको उपन्यास हो । राणाकालीन मध्यमवर्गीय एउटा ब्राह्मण परिवारसित सम्बन्धित यस उपन्यासमा परिवारका सदस्यहरूबीचको सम्बन्ध सङ्घर्ष देखाउने क्रममा एकातर्फ व्यक्तिचरित्रको पनि उद्घाटन भएको छ भने अर्कातर्फ तत्कालीन समाजको पनि मोटामोटी रूपरेखा प्रस्तुत गरिएको छ । यस उपन्यासको कथावस्तु पारिवारिक सामाजिक विषय वस्तुमा रहेको छ । यस उपन्यासलाई प्रथम आधुनिक उपन्यास, प्रथम सामाजिक उपन्यास, प्रथम यर्थार्थवादी उपन्यास नारी चरित्रप्रधान प्रथम उपन्यासका रूपमा समेतले चिनिन्छ । नेपाली साहित्यको क्षेत्रमा उपन्यासको. इतिहासमा लेखनशैली, भाषिक प्रयोग, वाक्यगठन, एवं रचना शिल्पका हिसावले महत्त्वपूर्ण ठहरिएको रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन विश्लेषण एवं मूल्याङ्कन गर्नु, उक्त उपन्यासको संरचना पक्षको निरूपण गर्नु, शैलीवैज्ञानिक दृष्टिले यस उपन्यासको अध्ययन गर्नु, उक्त अध्ययनका आधारमा उपन्यास शिक्षण प्रक्रिया शैलीवैज्ञानिक अध्ययनको शैक्षणिक प्रयोजनलाई प्रस्तुत गर्न यस शोधको प्रमुख समस्या हो ।

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्यहरू रहेका छन् -

क) रूपमती उपन्यासको संरचना पक्षको निरूपण गर्नु,

ख) रूपमती उपन्यासको शैलीवैज्ञानिक दृष्टिले समग्र पक्षको विश्लेषण गर्नु ।

(क) चयन (ख) विचलन

(ग) समानान्तरताका आधारमा रूपमती उपन्यासको विश्लेषण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

'रूपमती' आदर्शोन्मुख यथार्थवादी धारामा लेखिएको पहिलो नेपाली उपन्यास हो । रुद्रराज पाण्डे यसका प्रवर्तक हुन् । यस उपन्यासले माध्यमिककालीन औपन्यासिक प्रवृतिलाई विदा दिएर उपन्यास विधामा आधुनिक युगको सूत्रपात गरेको छ ।

'रूपमती' उपन्यासका विषयमा विभिन्न व्यक्तिहरूले विभिन्न शीर्षकमा अध्ययन गरेको पाइन्छ । जसमा इन्द्रबहादुर राई 'रूपमती भित्र आदर्शबाद' (२०५४) कृष्णचन्द्रसिंह प्रधान 'आधुनिक नेपाली उपन्यासका अगुवा उपन्यासकार रूद्रराज पाण्डे' (२०५४) केशवप्रसाद उपाध्याय 'बरालपुत्री र समकालीन समाज', गोपीकृष्ण शर्मा, 'उपन्यासकार रूद्रराज पाण्डे र उनका प्रवृत्ति' (२०५४), घनश्याम कँडेल 'नेपाली उपन्यास परम्परामा रूपमती र उनका विशेषता' (२०५४), ठाकुरप्रसाद पराजुली 'आधुनिक नेपाली उपन्यासको प्रस्थान बिन्दु र रूपमतीको भूमिका' (२०५४), बाबुराम शर्मा पोखेल, 'रूपमती अन्तर्गत विश्लेषण', नरेन्द्र राज प्रसाई र इन्दिरा प्रसाई 'रूद्रराज पाण्डे सृष्टि र दृष्टि' (सम्पादन) (२०५४), मोहनराज गिरी, 'रूद्रराज पाण्डेको व्यक्तित्व र कृतित्व' (२०५४) आदि शीर्षकमा विश्लेषण गरेको पाइन्छ । विभिन्न पत्रपत्रिकाका माध्यमबाट समेत यस उपन्यासको विश्लेषण गरेको पाइन्छ, जसलाई क्रमशः चर्चा गर्न सकिन्छ -

(क) कृष्णचन्द्रसिंह प्रधानले (मधुपर्क (२०२८) पत्रिकामा पाण्डेज्यू र उनका उपन्यास शीर्षकको लेखमा नेपाली समाजको पृष्ठभूमिमा हुर्केको रूपमती कठोर शहर, शिक्षित र अशिक्षित,स्वार्थ र निस्वार्थको स्वभाविक द्वन्द र यथार्थ हो । आदर्श समाजको आदर्श पारिवारिक जीवनलाई आदर्शमय, व्यवहारद्वारा प्राप्त गर्न आदर्शवादी मनोभावनाको सफल परिक्षण हो भनी रूपमतीलाई भनेका छन् (प्रधान, २०२८: ६) ।

(ख) वासुदेव त्रिपाठीले "विचरण" मा आधुनिक उपन्यास दोस्रो कृति रूपमती शीर्षकको लेखमा रूपमती समसामयिक नेपाली जीवनको सजीव प्रतिविम्व हो । रूपमतीको कथावस्तु सामाजिक यथार्थ हो, परिवार वस्तुतथ्य हो तर उपन्यासकार पाण्डे पूर्णत यथार्थवादी रहन सकेका छैनन्, आदर्शको आलोकले रूपमतीलाई पर्याप्त प्रभाव पारेको छ, भनेका छन् (त्रिपाठी, २०२८: ६) ।

(ग) इन्द्रवहादुर राईले "प्रज्ञा" पत्रिकामा 'रूपमती नैतिक संरचना' शीर्षकको लेखमा रूद्रराज पाण्डेका उपन्यास सामाजिक शिक्षाप्रद मौलिक उपन्यास हो भन्दै रूपमतीलाई शिक्षाप्रद मानेका छन् (राई, २०२९: ४९) ।

त्यस्तैगरी कृष्णचन्द्रसिह प्रधानले 'साझा समालोचना' पुस्तकमा रूपमती उपत्यासले आधुनिक उपन्यासको शैलीमा नवीनता ल्याई, समाज र जीवनको सत्य घटनालाई कथाको रूप दिएको छ भनेका छन् (प्रधान, २०३४: ३६६) ।

विभिन्न उपन्यासको क्षेत्रमा विभिन्न अध्ययन अनुसन्धान भएको पाइएतापनि उपन्यासको शैलीवैज्ञानिक अध्ययन परम्पराको इतिहास त्यति लामो पाईदैन । उपन्यासको शैलीवैज्ञानिक ढङ्गले अध्ययन गर्नु त्यति सरल होइन । शिक्षाशास्त्र सङ्कायअन्तर्गत शैलीविज्ञानको अध्ययनको सुरुवात वि.सं. २०५६मा डी.बी.थापा शोधार्थी भएको विश्वेश्वरप्रसाद कोइरालाको तीनघुम्ती (२०२५) उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट भएको पाइन्छ । त्यस्तै गरी नीलमणि ढुङ्गेल शोधार्थी २०५६ सालमा -शिरीषको फूल) २०२२ (उपन्यासको शैलीबैज्ञानिक अध्ययन भएको पाइन्छ । उपन्यासको शैलीवैज्ञानिक अध्ययनकै क्रमलाई अगाडि बडाउने काम कृष्णचन्द्र सापकोटा शोधार्थी रहेर लैनसिंह वाङ्देल (१९८०)को माइतघर (२००५) को शैलीवैज्ञानिक अध्ययन (२०५९) रहेको छ । त्यस्तै गरी राजेन्द्र खनाल शोधार्थी रहेको मुगलान (२०३१) को पनि शैलीवैज्ञानिक अध्ययन (२०६१)गरिएको छ । दुर्गाप्रसाद दहाल शोधार्थी रहेर (नरेन्द्रदाइ ) (२०२७)को शैलीबैज्ञानिक अध्ययन (२०५९) गरेको पाइन्छ । त्यसैगरी 'अनिधो पहाडसँगै' उपन्यासको शैलिवैज्ञानिकअध्ययन २०६१ सालमा रितुराज धमलाले गरेका छन् ।

अध्ययन अनुसन्धानको क्रमलाई अगाडि बढाउने क्रममा 'रूपमती' उपन्यासको विभिन्न विद्वानहरूले व्याख्या विश्लेषण गरे पनि शैलीवैज्ञानिक दृष्टिले यसको विश्लेषण नभएकोले प्रस्तुत शीर्षक चयन गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य

रूद्रराज पाण्डेको 'रूपमती' उपन्यास माध्यमिककालीन प्रवृत्तिलाई चिर्दै आधुनिक प्रवृत्तिहरू अँगाल्ने प्रथम आदर्शोन्मुख यथार्थवादी उपन्यास हो । शैलीवैज्ञानिक अध्ययन भाषा र साहित्यको समन्वयात्मक अध्ययन भएकाले र यस उपन्यासको भाषा पनि त्यस समयअनुरूप भएकाले, यस उपन्यासलाई उच्च तहको पाठ्यक्रममा समेत समावेश गरिएको पाइन्छ । यस उपन्यासको अध्ययनको महत्त्व उच्च शिक्षाको शैक्षिक प्रयोजन परिपूर्तिका निम्ति मात्र नभएर अध्ययन विश्लेषणमा रूचिराख्ने जो कोहीका लागि पनि औचित्यपूर्ण रहेको छ । तसर्थ यसको अध्ययन गर्नु उतिकै महत्त्वपूर्ण रहेको छ ।

उपन्यास नवीनतम विधा भएकाले यसको शिक्षणले व्यक्तिको मानसिक, बौद्धिक, वैयक्तिक एवं सामाजिक विविध पक्षहरूमा व्यक्तिमा रहेको अन्तर्निहित क्षमतालाई प्रस्फुटन, विस्तार, परिस्कार गर्न सहयोग गर्ने हुँदा यसको शिक्षणले व्यक्तिको सर्वतोन्मुखी विकासमा ठोस प्रभाव पाईन्छ । कुनैपनि शिक्षार्थीले उपन्यासको अध्ययन गरेर आनन्दको अनुभूति प्राप्त गर्दछन् । त्यस्तै गरी बौद्धिक खुराक समेत प्राप्त गर्दछन् । यसको अध्ययनले सामाजिक, सांस्कृतिक परम्परा, मूल्य मान्यताका विविध पक्षहरूको सूक्ष्म अध्ययन गर्ने क्षमताको समेत विकास हुन्छ ।

शैलीवैज्ञानिक अध्ययन शिक्षणमा एकरूपता ल्याउन कृतिको र कृतिकारको अध्ययन गर्ने वैज्ञानिक, वस्तुपरक, वर्णनात्मक, विश्लेषणात्मक पद्धतिमा आधारित भएकाले कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन गर्नु आवश्यक छ । शैलीवैज्ञानिक अध्ययनबाट हेर्दा रूपमतीलाई विभिन्न कोणबाट हेरिन्छ । यो उपन्यास उच्चमाध्यमिक शिक्षा परिषद्को पाठ्यक्रममा समेत राखिएको छ । तसर्थ यस तहमा अध्ययन गर्ने विधार्थीहरू सबैलाई समेत उपयोगी ठहरिन्छ ।

## १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्र निम्नलिखित सीमाहरूमा आवद्ध भई गरिने छ -

(क) रूपमती उपन्यासको संरचना पक्षको निरूपण गरिएको छ, (साहित्यिक संरचना (बनोट र बुनोट) र भाषा संरचना (व्याकरण, शब्दव्यवस्था र ध्वनिव्यवस्था)

(ख) शैलीविश्लेषण प्रक्रियाहरू (विकल्पन र चयन, अग्रभूमि निर्माण, विचलन र समानान्तरता) अपनाई रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

## १.८ सामग्री सङ्कलन अध्ययन र विश्लेषण

यस शोधपत्रमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय पद्धति अपनाइएको छ । प्राथमिक स्रोत सामग्रीको रूपमा 'रूपमती' उपन्यास र सहायक, गौण सामग्रीका रूपमा अन्य पुस्तकहरूको सहयोग लिइएको छ र सोहीअनुसार विश्लेषण गरिएको छ ।

## १.९ शोध विधि

यस शोध पत्रमा विभिन्न सामग्रीहरूको विश्लेषणका लागि पुस्तकालयीय विधिअन्तर्गत उपलब्ध सामग्रीका आधारमा विश्लेषणत्मक विधिका साथै शैलीविज्ञानका विश्लेषणात्मक पद्धतिहरूको अवलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

| | |
|---|---|
| १. पहिलो परिच्छेद | शोध परिचय |
| २. दोस्रो परिच्छेद | शैलीविज्ञानको सैद्धान्तिक परिचय |
| ३. तेस्रो परिच्छेद | कथानकको आधारमा 'रूपमती' उपन्यास, |
| ४. चौथो परिच्छेद | चरित्रका आधारमा 'रूपमती' उपन्यास, |
| ५. पाचौं परिच्छेद | चयनका आधारमा 'रूपमती'उपन्यस, |
| ६. छैटौँ परिच्छेद | विचलन र समानान्तरताका आधारमा 'रूपमती' उपन्यासको अध्ययन, |
| ७. सातौँ परिच्छेद | निष्कर्ष र सुझाव |

# दोस्रो परिच्छेद
# कृतिविश्लेषण गर्ने शैलीवैज्ञानिक आधार

## २.१ परिचय

कुनै पनि साहित्यिक कृतिको विश्लेषण वा मूल्याङ्कन गर्ने एक आधार शैलीवैज्ञानिक पद्धतिलाई मानिन्छ । यस्तो विश्लेषण वैज्ञानिक, वस्तुपरक र वर्णनात्मक हुन्छ । दोस्रो परिच्छदमा शैलीको परिचय, शैलीविज्ञानको परिचय, परिभाषा र पृष्ठभूमि, सैद्धान्तिक स्वरूप, शैलीविज्ञानको विश्लेषण प्रक्रिया आदिको अध्ययन गरिएको छ ।

## २.२ शैलीको परिचय

शैलीको परिचय दिने अगुवा मोहनराज शर्मा हुन् । उनैको कुरा माथि सहमती थप्दै शैलीको परिचय यस प्रकार दिएको छ -

“शैली पूर्वमा संस्कृत शब्दबाट निर्माण भएको मानिन्छ । शील् धातुबाट व्युत्पन्न भएर निर्माण भएको मानिन्छ वा शी धातुबाट एवं लक् प्रत्ययको योगबाट व्युत्पन्न भएको पनि मानिएको छ । समालोचनाका फाँटमा निकै चर्चामा आएको शैली शब्द अङ्ग्रेजी कतथभि शब्दको नेपाली रूपान्तर हो । अङ्ग्रेजी कतथभि शब्दको व्युत्पति ल्याटिन कतषगिक शब्दबाट गरिन्छ” (शर्मा, २०५९-२) । वर्तमान सन्दर्भमा शैली साहित्यिक समालोचनाको पारिभाषिक शब्द बनिसकेको छ । शैलीका सम्बन्धमा शर्माका परिभाषाहरू -

१. विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति वा काम गराइको ढाँचा, परिपाटी, छाँटछन्द,
२. असल शीलस्वभाव भएको व्यक्ति वा हुने कुरो,
३. कुनै सिद्धान्त यस्तै भएर आएको रीति वा चलन, । (शर्मा; २०५९: २)
४. साहित्यिक रचनामा लेखकका व्यक्तित्वगत विशेषताको छाप दिने वा विषयवस्तु अनुकूल भाव अभिव्यक्ति हुने खास ढाँचा र सरल शैली, तार्किक शैली,आलङ्कारिक शैली आदि (बालकृष्ण पोखरेल र अन्य, नेपाली बृहत् शब्दकोश २०५०:११९६) ।

शैली त्यसलाई भनिन्छ, जसले सामान्य भाषाको संरचनालाई अतिक्रमण गर्दछ वा गर्नसक्छ । शैली एकभन्दा बढी भाषिक एकाइको सौन्दर्यले बोधक समुच्य हो । शैली कुनै रचनाकारको विशिष्ट रचना प्रकार हो ।

समग्रमा शैलीको परिभाषा :– रचनाकारको यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समूच्च हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा, २०५९:३१ ) । अर्थात शैलीविज्ञानले कुनै रचनाकारको विशिष्ट रचना प्रकार अथवा अभिव्यक्तिलाई शैली भनिन्छ । शैलीका सम्बन्धमा मोहनराज शर्माले ‘शैलीविज्ञान’ (२०५९:२६-२९) मा चर्चा गरेको पाइन्छ -

१ शैली चयन हो ।
(आर्किबाल्ड ए हिल, चाल्स र अस्गुड, रिचर्डस, ओहम्यान, रोजर फाउलर, लियोहिक्की आदिको भनाइ पाइन्छ )

२	शैली चयन र संयोजन हो ।
	(एल टी मिलिक, डी लिखासेभ, मिस माइल्स आदिको परभाषा वा भनाइ )
३	शैली विचलन हो ।
४	शैली वितरण हो ।
५	शैली कथ्य पनि हो र रूप पनि हो. ।
६	शैली भाषा हो ।
७	शैली अर्थ हो ।
८.	शैली कौशल हो ।

यसरी विभिन्न किसिमले शैलीलाई वताइएको छ । शैलीको परिभाषा पाश्चात्य विद्वानहरूले निम्नानुसार दिएको पाइन्छ –

कं)	जव विचारलाई तात्विक रूप या आकार दिइन्छ तव शैलीको उदय हुन्छ । –प्लेटो
ख)	कुनै लेखकको शैली उसका मस्तिष्कको साँचो प्रतिलिपि हो । –गेटे
ग)	शैली आत्माको मुखाकृति शास्त्र हो । –शोपेनहावर
घ)	शैली विचारको भेषभूषा हो । – चेस्टारफिल्ड
ङ)	शैली व्यक्तित्वको घनिष्ट एवं अभिभाज्य तत्त्व हो । –इ पि हिपले
	(सिद्धान्त र साहित्य, भानुभक्त पोखरेल साफा, २०५९ : १०८: ११०)

शैलीलाई लेखक विषय अभिव्यक्ति र पाठ्यक्रमसित पनि सम्बन्ध राख्ने तत्त्वको रूपमा स्वीकार्ने र शैली भन्नाले विचारको तात्त्विक रूप भाषाका विशिष्टताको स्रोत एवं साधन वर्णनको उपयुक्त ढङ्ग, मस्तिस्कको प्रतिलिपि, भाषाको मुखाकृति, विचारको भेषभूषा, व्यक्तिका प्रकृतिको अङ्ग व्यक्तित्वको अभिभाज्य अंश भाषाको सम्प्रेषण शक्ति, सम्पर्क एवं उद्दीन्तिको साधन अभिव्यञ्जनको वैयक्तिक विशेषता र रचनामा प्रकट वैयक्तिक विशेषता आदि बुझ्न सकिन्छ ।

## २.३ शैलीविज्ञानको परिचय

शैली विज्ञान अङ्ग्रेजी शब्द कतथष्कितष्अक को नेपाली रूपान्तरण हो । अङ्ग्रेजी शब्द कतथभि मा जोडिएर यस शब्दको निर्माण भएको छ । उन्नाइसौ शताब्दीको प्रारम्भमा सर्वप्रथम जर्मनमा कतषष्किष्प शब्दको प्रयोग भएको पाइन्छ । फ्रान्सेली भाषामा कतथष्कितष्त्रगभ शब्दको प्रयोग सन् १८७२ मा भएको पाइन्छ । अङ्ग्रेजी भाषामा सर्वप्रथम सन् १८८२ मा यस शब्दको प्रयोग भएको पाइन्छ । नेपाली भाषामा प्रयुक्त शैलीविज्ञान समस्त शब्द हो । शैलीको विज्ञान भन्ने शब्दहरूबीच समास भएर शैलीविज्ञान शब्दको निर्माण भएको हो । जसको. सामान्य अर्थ शैलीको अध्ययन गर्ने विज्ञान हुन्छ भने विशिष्ट रूपमा शैलीको अध्ययन गर्ने विज्ञानले भाषाको माध्यमबाट गरिने वस्तुनिष्ठ आलोचना प्रणालीलाई बुझाउँदछ ।

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम् विधा वा प्रकार हो । शैलीविज्ञानलाई भाषविज्ञानको एउटा महत्त्वपूर्ण अङ्ग वा शाखा मानिन्छ । भाषा विज्ञानले सामान्य भाषाझै काव्यभाषा  वा साहित्यिक भाषालाई पनि भाषाको एउटा प्रकार माने पछि सो काव्यभाषाको विश्लेषणका निम्ति शैलीविज्ञाानको उदय भएको देखिन्छ । शैलीविज्ञान भाषाविज्ञानको त्यो अङ्ग हो जो साहित्यिक (काव्य) भाषाका विविध प्रयोगहरूको अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ ।

शैलीविज्ञानको फाँटभित्र सामान्यको नभएर विशिष्ट (साहित्यिक) भाषा प्रयोगको अध्ययनविश्लेषण गरिन्छ । शैलीविज्ञानले साहित्यिक कृति वा सङ्कलनको भाषिक आधारबाट विश्लेषण गरी शैलीका माध्यमबाट त्यसमा रहेको कलात्मक संवेगहरूको रेखाङ्कन गर्ने र कृतिमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गर्ने लक्ष्य लिएको छ । त्यसैले शैलीविज्ञानलाई भाषविज्ञान र साहित्यशास्त्र (काव्यशास्त्रको) मिलन विन्दु मानिन्छ । आधुनिक युगमा भाषाविज्ञानले साहित्यिक भाषा वा काव्यभाषाको समेत अध्ययन गर्न थालेदेखि शैलीविज्ञानको प्रारम्भ भएको मानिन्छ । शैलीका सम्बन्धमा भरत, भामह, दण्डी, आनन्दबर्धन, क्षेमेन्द्र, कुन्तक, आदिबाट साहित्यमा शास्त्रीय चिन्तन भएको पाइन्छ भने पश्चिममा प्लेटो, अरस्तु,सिसिरो आदिले शैलीका सम्बन्धमा चर्चा गरेको पाइन्छ ।

आधुनिक युगमा शैलीको शुभारम्भ गर्ने श्रेय फर्डिनाल्डि डी सस्युरलाई जान्छ । वर्णनात्मक भाषा विज्ञानका प्रथम प्रवर्तक सस्युर र उनका शिश्य चाल्स वालीका कार्यबाट वर्तमान युगमा शैलीविज्ञानको प्रमुख धारा शुरु हुन्छ– शर्मा, २०५९:४ ।

शैली भनेको ढङ्ग हो । हिँडाइको, बसाइको, जस्तैः बोलाइको पनि आ–आफ्नै ढङ्ग हुन्छ । शैलीलाई रीति वा तरिका पनि भनिन्छ । यसरी शैली कुनै विषयलाई प्रस्तुत गर्ने तौरतरिका हो । विषय, व्यक्ति प्रयोजन, परिवेश आदिले गर्दा शैलीमा विभिन्नता आउँछ । भाषाको अभिव्यक्ति वा सङ्कथनमा पाइने यस्तै शैलीगत विविधतासम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई शैलीविज्ञान भनिन्छ । साहित्यमा शैलीको अध्ययन गर्ने परम्परा प्राचीन कालदेखि चलिआएको भए पनि आधुनिक भाषाविज्ञानको विकास भएको देखिन्छ (अधिकारी, २०६२-२६१) । आधुनिक भाषाविज्ञानको विकास सँगै शैलीको अध्ययन गर्ने नयाँ दृष्टिकोणहरू देखा परे जसमा सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञानको चर्चा गरेको पाइन्छ ।

**सामान्य शैलीविज्ञान**

साहित्येत्तर अभिव्यक्ति सम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई सामान्य शैलीविज्ञानअन्तर्गत राखिन्छ । यसमा सामान्य भेद र स्तरीय भेद, अनौपचारिक र औपचारिक भेद, मौखिक र लिखित भेद, स्थानीय भाषिका र सामाजिक भाषिकागत भेदमा अभिव्यक्त सङ्गठनहरूको भाषिक अध्ययन विश्लेषण गरिन्छ । यसैमा एक अर्कावीच घनिष्ट शैली, आकस्मिक शैली उच्चारण सम्बन्धी विभिन्न भेद (जस्तै सम्वाद, विवाद, छलफल, आदि) को अध्ययन गरिन्छ । त्यतै गरी प्रयोजनपरक भेद -विज्ञान, कानुनी, धार्मिक, आदि) अर्थशास्त्र, राजनीतिशास्त्र आदिलाई सामान्य शैलीविज्ञानमा नै समेटिन्छ । चिठी पत्र, निवेदन, विज्ञापन आदि पनि यसैअन्तर्गत पर्दछन् । यिनको अध्ययन भाषाका वर्ण, रूप शब्दभण्डार पदावली उपवाक्य र वाक्यका विभिन्न तह र तिनको छनोट र संरचनाका साथै सङ्कथन ढङ्ग, ढाँचा र शैलीगत समग्रतालाई लिइएको हुन्छ (शर्मा, २०६२:१६१) ।

**साहित्यिक शैलीविज्ञान**

साहित्य भषाको नै विशिष्ट स्वरूप हो । तसर्थ यसको भाषावैज्ञानिक दृष्टिले व्याख्या विश्लेषण गर्न सकिन्छ भन्ने अवधारणा साहित्यिक शैलीविज्ञानको हो । साहित्यको खास भेदको विशिष्ट शैलीको अध्ययनलाई शैलीविज्ञान भनिन्छ । यसमा साहित्यका विभिन्न विधाका कृतिहरूको भाषावैज्ञानिक अध्ययन हुन्छ । साथै साहित्यकारका शैलीगत विशिष्टताहरूको भाषा तात्विक विश्लेषण समेत गर्न सकिन्छ । कुनै कृति किन उत्कृष्ट

हुन्छ, त्यसको वारेमा जानकारी दिन्छ । कुनै पनि कृतिको वा कृतिमा निहित भाषिक सामग्रीहरूको वस्तुगत विश्लेषण गरेर देखाउन सकिन्छ । भाषिक उपकरणको (छनोट, संयोजन, प्रस्तुति) । तिनको समग्रताको परिशीलनबाट साहित्यिक रचनाहरूका उत्कृष्टताका आधारमा पहिल्याउन सकिन्छ । साहित्यिक शैलीविज्ञानअन्तर्गत निम्नानुसारका विशेषताहरू देखाउन सकिन्छ –

१) साहित्यको भाषावादी विश्लेषण,
२) साहित्यलाई वस्तुवादी दृष्टिले अध्ययन,
३) भाषिक एकाइहरूको अध्ययन,
४) साहित्यिक कलाको सृजनामा भाषाको उपयोगको अध्ययन,
५) साहित्यको कृतिपरक अध्ययन,
६) कृतिको बनोट /संरचना र बुनोटको विविध पक्षको अध्ययन,
७) भाषाविज्ञान र सौन्दर्यशास्त्रको समन्वित प्रयोग (अधिकारी २०६२: २६२) ।

## २.४ शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

शैलीविज्ञान सिद्धान्ततः भाषाविज्ञान र साहित्यशास्त्र (काव्यशास्त्र ) का समन्वयबाट निर्मित शास्त्र हो । साहित्यिक कृतिका भाषिक पक्षको अध्ययन गर्ने हुँदा यो भाषाविज्ञानसँग सम्बद्ध छ भने कृतिमा अन्तर्निहित सौन्दर्य पक्षको पनि उद्घाटन गर्ने हुँदा यो साहित्यशास्त्र वा सौन्दर्यशास्त्रसंग पनि सम्वद्ध हुन्छ । सैद्धान्तिक रूपमा शैलीविज्ञानको सम्बन्ध साहित्यशास्त्रसँग भए तापनि यसको मूल प्रवृत्तिचाँहि भाषावैज्ञानिक छ । शैलीविज्ञानले साहित्यलाई भाषिक कला मान्दछ । भाषिक कलाअन्तर्गत यसले प्रत्येक कृतिलाई एउटा भाषिक प्रतीक ठान्छ । साहित्यिक कृतिका दुई पक्ष (अभिव्यक्ति र कथ्य) हुन्छन् । अभिव्यक्तिले कृतिको बाह्यतलबाट गहनतलमा ओर्लिने प्रक्रिया अङ्गाल्छ । प्रत्येक साहित्यिक कृतिको एउटा मूर्त आकार हुन्छ भने त्यस कृतिको एउटा अमूर्त आकार पनि हुन्छ । जो त्यस कृतिको गहनतल हो । त्यस्तै प्रत्येक साहित्यिक कृतिको एउटा मूर्त आकार पनि हुन्छ । जसलाई रचनाको बाह्यतल भनिन्छ । शैलीविज्ञानले कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य दिन्छ । मूर्त आकारबाट अमूर्त आकार कसरी प्राप्त गर्ने, प्राप्त अमूर्त आकारको तालमेल मूर्त आकारसँग कसरी बसाउने भन्ने कुरा शैलीविज्ञानले बताउँछ । यसलाई निम्न तालिकाबाट देखाइन्छ – शर्मा २०५९ :५

माथिको तालिकाबाट शैलीविज्ञान साहित्यलाई हेर्ने एउटा नयाँ दृष्टि हो भन्ने कुरा स्पष्ट हुन्छ ।

## २.५ शैलीविज्ञानको क्षेत्र

शैलीविज्ञानको क्षेत्र कला र भाषाका फाँटमा फिजिएको छ । कलापक्षबाट हेर्दा उपयोगीकला र ललितकला पर्दछन् । उपयोगी कलालाई दैनिक प्रयोग र जीविकोपार्जनको

माध्यम मानिन्छ । उपयोगीकला सिकर्मी, डकर्मी, कुमाले आदिसँग सम्बन्ध गाँसेर आउँछ भने ललितकला मानवमन र भावसँग गाँसिएको हुन्छ । त्यस्तै मूर्तिकला, वस्तुकला, चित्रकला, नृत्यकला, आदि ललितकला अन्तर्गत पर्दछन् । साहित्यलाई भाषापक्षबाट हेर्दा भाषाका दुई मुख्य प्रयोग देखापर्छन् । सामान्य प्रयोग र घरायसी तथा सामाजिक क्रियाकलाप आदि दैनिक व्यवहारमा गरिन्छ भने यसको विशिष्ट प्रयोग वाङ्मयमा गरिन्छ । साहित्यिक कृतिलाई भाषिक प्रतीक मानेर शैली विज्ञान आफ्नो कार्यक्षेत्रको विस्तार चिन्हविज्ञान वा प्रतीकविज्ञानका फाँटसम्म फैलिएको छ ।

## २.६ कृति विश्लेषणको शैलीवैज्ञानिक आधार

कृति विश्लेषणको शैलीवैज्ञानिक आधार मोहनराज शर्मा (शैलीविज्ञान २०५९: ६) का अनुसार निम्नअनुसार रहेको छ । शैलीका माध्यमबाट कृतिको विश्लेषण र व्याख्या गर्न शैलीवैज्ञानिक प्रारूप चाहिन्छ । प्रारूप भनेको त्यस्तो सैदान्तिक र प्रविधिगत ढाँचा हो जसका आधारमा कृति व्यवस्थित, क्रमिक र वस्तुनिष्ठ विश्लेषण, विवेचना गर्न सम्भव हुन्छ । शैलीविज्ञानले भाषाविज्ञानमा उपलव्ध प्रविधि र उपकरणका आधारमा कृतिविश्लेषणको प्रारूप प्रदान गर्छ । शैलीवैज्ञानिक समालोचानामा प्रारूपको चयन, ग्रहण वा निर्धारण निम्न लिखित आधारमा गरिन्छ -

१) विश्लेश्य कृतिको प्रकृति के कस्तो छ,
२) विश्लेषकको आफ्नो ज्ञान के-कति छ,
३) उसको आफ्नो क्षमता के-कस्तो छ,
४) उसको शक्ति र सीमा के हो ।

शैलीविज्ञानले समालोचना वा मूल्याङ्कनका निम्ति कृतिको विश्लेषण निम्नलिखित प्रकियाबाट गर्दछ –

**तालिका नं. १**
**शैलीविज्ञान विश्लेषण**

## १)	साहित्यिक संरचना

प्रत्येक साहित्यिक कृतिको आफ्नो संरचना हुन्छ । संरचना भनेको कुनै वस्तु (प्रस्तुत प्रसङ्गमा कृति) मा पाइने साना संरचक घटकहरूको कूल योग र त्यसभन्दा बढी अरू केही पनि हो । जस्तै  मानिस नाक, कान, आँखा, नाक, हात, खुट्टा आदि विभिन्न लघु घटकहरूको कूल योग हो र सो कूल योग भन्दा बढी अरू पनि केही (व्यक्तित्व) हो । साहित्यिक संरचनाका घटनाहरू बनोट र बुनोट गरी दुई तहमा विभाजन गर्न सकिन्छ ।

### क) बनोट

बनोट वा संरचना कृतिमा पाइने साना घटनाहरूको कुल योग हो  जस्तै अङ्क, दृष्य संवाद आदि लघु घटकहरूको योग नाटक हो भने भाग, परिच्छेद, प्रसङ्ग, घटना आदि लघु घटनाहरूको कूल योग उपन्यास हो शैलीविज्ञानले चिर्ने साना घटनाहरूको वर्णन-विश्लेषण गरेर कृतिको अमूर्त बनोटलाई मूर्त पार्ने काम  गर्छ, (शर्मा, २०५९. ६-७ ) ।

### ख) बुनोट

बुनोटचाहिँ बनोटका पर्याधारमा पाइने लघु घटकहरूको आफ्नो  कर्य हो र एउटा घटकको अर्को घटकसँग सम्बन्ध पनि हो । यस तहलाई लघु, सीमित वा खण्डात्मक साहित्यिक प्रभावको तह मानिन्छ । बनोटका विपरित यो तह चाहिँ मूर्त हुन्छ । कृतिमा प्राप्तहुने अलङ्कार योजना, छन्दविधान, प्रतीक-व्यवस्था, बिम्बविधान, चरित्र-कथन, घटना-संयोजन आदिको वर्णन विश्लेषण गरेर शैलीवज्ञिानले बनोटको विवेचना गर्छ  (शर्मा २०५९: ७ )।

## २. भाषासंरचना

साहित्यिक कृतिको माध्यम वा आधार-सामग्री भाषा हो र भाषाको आफ्नै संरचना हुन्छ । भाषाका तल्ला संरचक घटनाहरूको क्रमश्रेणी निम्नअनुसार देखाउन सकिन्छ-

क)	व्याकरण-व्यवस्था- यसअन्तर्गत रूपप्रक्रिया र वाक्य विज्ञान पर्दछ ।
खं)	शब्दव्यवस्था  यसअन्तर्गत रूपप्रक्रिया र अर्थविज्ञान पर्दछ ।
ग)	ध्वनि-व्यवस्था  यसअन्तर्गत खण्डीय र खण्डेत्तर ध्वनिको व्यवस्था पर्दछ ।

## ३)	शैली

साहित्यक शैलीविश्लेषणका क्रममा भाषिक उपकरणका. संरचनालाई साहित्यिक विशिष्टता दिन चयन, अग्रमूमि निर्माण, विचलन र समानान्तरताले महत्त्वपूर्ण भूमिका पनि निर्वाह गरेका हुन्छन् । जसलाई यहाँ प्रस्तुत गरिएको छ ।

### क)	विकल्पन र चयन

साहित्यिक अभिव्यक्तिमा विविधताको विशेष महत्त्व रहन्छ । विविधता सृर्जना गर्न भाषामा उपलब्ध विकल्पहरूले ठूलो भूमिका निर्वाह गर्ने हुन्छन् । त्यसैले विकल्पहरूलाई शैलीका शर्जक मानिन्छ । विकल्पहरूले नै विकल्पनको काम गर्दछ ।  यिनै विकल्पहरूमध्ये उपयुक्त कुनै एकको छनोट गर्नुलाई चयन भनिन्छ । भाषामा वर्ण, रूप, शब्द आदि विभिन्न

एकाइहरू हुन्छन् । ती प्रत्येक एकाइ अन्तर्गत विभिन्न आइटमहरूको समूह (सेट) हुन्छ । उक्त समूह भित्र सम्भाव्य विकल्प हुन सक्ने मिल्दाजुल्दा आइटमहरू फेला पर्न सक्छन् ।

विकल्पहरूको चयनमा एकको कार्यका लागि अर्काले काम चलाउन सक्ने स्थिति हुनु पर्छ । यसको मतलव विकल्पहरू समानान्तर वा समस्त समानान्तर प्रकृतिका हुनु आवश्यक छ । वर्ण, अक्षर, रूप, शब्द, पदावली, उपवाक्य वा वाक्य जस्ता एकाइका समान तहमा मात्र नभएर उच्च, निम्न श्रेणीमा पनि विकल्पहरू उपलव्ध हुन सक्छन् । कुनै विकल्प मौखिक र लिखितका बीच हुन सक्छन् भने कुनै स्थानीय, स्तरीय वा अनौपचारिक र औपचारिक भेदका बीच हुन सक्छ । कुनै उमेर लिङ्ग, वर्ग, (उच्च, मध्यम, निम्न) जात जाति आदिले प्रयोग गर्ने भाषिक भेदका बीच हुन सक्छन् । जस्तै तँ, तिमी, तपाई,.... हजुर, मौसुफ आदि शाव्दिक विकल्पहरू र सो अनुसारको शैलीको चयनलाई सामाजिकतह वा वर्गगत आधारमा हेर्न सकिन्छ । शास्त्रीय (विशिष्ट वा प्रयोजनपसरक) र अशास्त्रीय (सामान्य) विषयमा प्रयक्त हुने भाषिक भेदका बीच पनि विकल्पहरू शब्दभण्डारको विशेष महत्त्व रहन्छ । कविता, कथा उपन्यास, नाटक-एकाङ्की, वस्तुपरक र निजात्मक निबन्ध हास्यव्यङ्गय आदि विधाको प्रकृतिअनुसार पनि भाषिक विकल्पहरू फरक पर्नाले चयनमा विभिन्नता आउने हुन्छ (शर्मा, २०५९-२६९) ।

विभिन्न समय परिस्थितिअनुसार पदावली वाक्यहरू आदि प्रयोगमा ध्वनि, वर्ण, लय,छन्दआदिको प्रयोग गराइले साहित्यलाई प्रभावकारी वनाउने गरिन्छ । एउटा वर्णचयनमा गरिएको एक उदाहरण - 'छविलालले छोरो पायो, छोरो मऱ्यो, छ वर्षमा छक्क पऱ्यो छविलाल' यसमा विशेषतः 'छ' वर्णको ध्वनिसादृश्यको छनोट भएको छ ।

चयनका विकल्पहरू पाइने अर्को महत्त्वपूर्ण क्षेत्र शब्दभण्डार हो । पर्यायवाचीहरूको उपलव्धताले विकल्पहरूको चयनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यिनले विविधता, सूक्ष्मता र नवीनता बढाउन प्रशस्त मद्दत गर्न सक्छ । उदाहरणका लागि -

मृत्यु शव्दका लागि विकल्पहरू स्वर्ग हुनु, स्वर्गवास हुनु, निधन हुनु, मर्नु, प्राणजानु ...... आदि ।

घर शव्दका लागि -वास, निवास, गृह ...........।
बाटो शब्दका लागि - गोरेटो, मार्ग ......।
पत्नीलाई जनाउने शब्दहरू -गृहिणी, श्रीमती, आदि ।

वर्ण र शब्दको चयनमा भावको कुरालाई निम्न पङ्क्तिले पुष्टि गर्छ-

"घेर्छन् छाँया जव विपतका दूरमा गर्जिएर
छिप्छन् मान्छे जव घर-घरै त्रासमा तर्सिएर
त्यो वेला हे युवक खतरा जोज्नको निम्ति निस्क
आँधीवेरीसित जुध तिमी कालका साथ जिस्क'

माधवघिमिरे नवयुवक, (अधिकारी २०६२-२७४)

यस्ता अनेके शब्दले भावदिनका लागि सुहाउने शब्दको चयन गरेको पाइन्छ

कविको सिर्जना शक्तिले गर्दा कविताले विभिन्न भावहरू दिएको पाइन्छ । कविले ओजमय भाव दिनका लागि विभिन्न तवरले वर्ण र शब्दहरूको चयनलाई महत्त्व दिएका उदाहरणहरू हेरौं -

'गोली लागि छटपट फुटोस् देहको अङ्गअङ्ग
छाला टाँगी वदन सब होस् मासुको मात्र पुञ्ज
बाटो होओस् भतभत उसै पोलिने बालुवाको
देशद्रोही यदि छन् भने माथ नै ताक्छु त्यसको ।

(सिद्धिचरण श्रेष्ठ, परिचय)

रूपगत चयनको अर्थपूर्णतालाई देखाउन देवकोटा निम्न कविताांशमा सक्षम रहेका छन्-

'बुद्धदेवको नजर अगाडि
यही भिखारी आएथ्यो
मूर्ति यसैमा शब्द यिनैमा
मुटुको सुल कराएथ्यो'

(लक्ष्मीप्रसाद देवकोटाः भिखारी)

आएथ्यो, कराएथ्यो जस्ता क्रियापदको चयन उहिले बुद्ध सूक्ष्म आएको भिखारी पनि थियो भन्ने अभिप्रायमा जोड दिनका लागि भएको देखिन्छ (अधिकारी, २०६२: २७४) ।

## ३. अग्रभूमि निर्माण

साहित्यिक कृतिमा अभिव्यक्तिको पूरा व्यवस्थालाई तोडेर नव्यव्यवस्था अङ्गाल्ने प्रकृति बढी पाइन्छ । यस सर्न्दभमा पूरा व्यवस्थालाई भाषाको सामान्य वा पश्चभूमिको प्रयोग भनिन्छ भने नव्यव्यवस्थालाई विशिष्ठ वा अग्रभूमि निर्माण भनिन्छ । साहित्यिक कृतिमा अग्रभूमिको निर्माण भनेको अभिव्यक्ति माध्यमका कुनै पक्षलाई भङ्गिमाको बक्रताद्वारा तिख्याउनु हो । बढी प्रयोगका कारण रुढ वा यान्त्रिक हुँदै गएका संवेदनाहरूलाई तोडनु र तिनमा नयाँ हुँदै गएका संवेदनाहरूलाई तोडनु र तिनमा नयाँ रङ्ग भरेर बस्तु जगत्प्रतिको रुढ बोधमा साजीपन ल्याउनु यसको उद्देश्य हो, (शर्मा २०५९:२१) ।

साहित्यिक भाषको सिर्जना गर्न अग्रभूमि निर्माणको विशेष भूमिका रहेको हुन्छ । तसर्थ साहित्यको विश्लेषणका लागि भएको उपयोग महत्त्वपूर्ण हुन्छ । शैलीविज्ञानमा अग्रभूमि निर्माणको अवधारणाको प्रथम प्रतिपादक प्राग स्कुलका भाषा वैज्ञानिक मुकारोम्स्की हुन् । अग्रभूमि निर्माण एउटा यस्तो युक्ति हो जसले अभिव्यक्तिमा ध्यानाकर्षण पैदा गराउँदछ । परम्परित भाषा प्रयोगमा हुने स्वचालनको विपरीत पक्षले भाषा प्रयोगमा अस्वचाल र अवपरिचयीकरण  गराएर नवीनता ल्याईदिन्छ । सामान्य भाषाको प्रयोगमा भाषा यस्तो स्वचालित र रुढ हुन्छ जस्तो अभिव्यक्तिमा साहित्यिकता वा सौन्दर्य कमै अनुभव हुन्छ । तसर्थ साहित्यिक अभिव्यक्ति प्रचलित अथवा स्वीकृत मानकलाई व्यवस्थित रूपमा भङ्ग गरेर सृजना गरिन्छ । यस किसिमको प्रस्तुति स्वचालित नभएर अवस्वचालित तथा अपरम्परित भएर देखाएको हुन्छ ।

अग्रभूमि, मध्यभूमि र पश्चभूमि वा पृष्ठभूमि चित्रकलामा बढी प्रचलित शब्द हुन् । कुनै पनि चित्रको पछिल्लो भाग वा पृष्ठभागमा देखिने दृश्य पश्चभूमि हो, बीचको भाग चाँहि मध्यभूमि हो भने अगाडि वा सामुन्ने देखिने भागलाई अग्रभूमि भनिन्छ । उदाहरणका

लागि बगैंचामा फूल टिप्दै गरेकी केटीको चित्रमा पश्चभूमिमा बगैँचा, मध्यभूमिमा फूलको बोट र अग्रभूमिमा केटीलाई देखाइएको हुन्छ ।यसरी चित्रकलामा प्रयुक्त पश्चभूमि र अग्रभूमि जस्ता पारिभाषिक शब्दहरूलाई साहित्यिक कलाको विश्लेषणमा उपयोगमा ल्याइएको पाइन्छ । उहाँ प्रचलित परम्परामा पश्चभूमिमा रहेको सूचनालाई अग्रभागमा ल्याई नवीकृत गर्ने वा आकर्षक देखाउने युक्तिलाई अग्रभूमि भनिएको हो । परम्परीत अभिव्यक्तिमा पश्चभूमिमा रहेको सूचना अग्रभूमीकृत भएपछि अग्रभूमिमा रहेको सूचना चाँहि पश्चभूमीकृत हुन जान्छ । मुकारोस्कीले काव्य भाषाको सृजनामा अग्रभूमिलाई सर्वोपरि महत्त्व दिएको पाइन्छ । यिनका अनुसार अग्रभूमिमा नवीनता, असामान्यता, अद्वितीयता, अप्राथमिकता र अनपेक्षितता जस्ता विशेषता भेटिन्छन् । यसका साथै प्रचलित प्रयोग भन्दा बढी स्मरणीय, महत्त्वपूर्ण, प्रभावकारी हुनु, अनौठोपन वा बक्रताले गर्दा चर्चित वा ब्याख्येय वन्नु अग्रभूमिलाई पहिचान गर्ने आधार मानिन्छन् (अधिकारी, २०५९: २७५) । समग्रमा अग्रभूमि कुनै पनि रचनाको कुनै अंशलाई विशिष्ठ तुल्याउन सो अंशमा विशेष बल दिनु हो । अग्रभूमि निर्माणका दुई पक्षहरू रहेका छन्:–

### (क) विचलन

सामान्य भाषामा प्रयोग हुने सामान्य भाषिक नियमको अतिक्रमण अर्थात मानकेत्तर प्रयोगलाई विचलन भनिन्छ । कृतिमा विचलन सार्थक हुनु पर्दछ प्रचलित पथ मानक प्रयोगलाई उलङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भनिन्छ । खास साहित्यिक विशिष्ठता सृजना गर्नु यसको प्रयोजन हुन्छ । सृजनाका क्रममा साहित्यकार असचेत रूपमा मानकबाट विचलित भैरहेको हुन्छ । विचलनको प्रयोग रूपान्तरवादीहरूले बढी गरेको पाइन्छ । सामान्य नियमबाट रूपान्तरित हुने हुनाले यसलाई विचलन भनिन्छ । विचलन भाषिक एकाईका विभिन्न स्तरमा देखिन सक्छ । वर्ण, शब्द, पदावली, उपवाक्य, वाक्य र सङ्कथन समेत विचलन प्रतिविम्बित हुन्छ । विचलनले व्याकरण देखि शब्दभण्डार एवं अर्थका स्तरका साथै समग्र शैलीलाई प्रभावित पारेको पाइन्छ, मोहनराज शर्मा (२०५९:२१) का अनुसार विचलनलाई निम्न प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ -

### (अ) कोशीय विचलन

नयाँ नयाँ शब्द निर्माण प्रक्रिया नै कोशीय विचलन हो । शब्दकोशमा समेत विचलन आउनु नै कोशीय विचलन हो यस्ता शब्दहरू प्रयोगमा आएता पनि कोशमा नपर्न सक्दछन् जस्तै– चक्रेटो, फूलारु, गोवरीलो, माद्रिलो, तिखरीलो, च्वाँकेदार, आदि ।

### (आ) व्याकरणिक विचलन

लिङ्ग, वचन, पुरुष, काल, पदक्रम, भाव, पक्ष आदिमा आउने विचलनलाई व्याकरणिक विचलन भनिन्छ । जस्तै :-

"धोती केवल चार अगुंल धरो नङ्गा छ सर्वाङ्गमा
काम्यो लुग लुग त्यो गरीब विचरा त्यसमा दया गर्छ को ?"

(भिमनिधी तिवारी, काम्यो लुग लुग त्यो)

प्रस्तुत कविताशंमा "काम्यो लुगलुग त्यो" मा विचलन पाइन्छ ।

### इ. ध्वनि प्रक्रियात्मक विचलन

खास एकाइको उच्चारणमा पहिचान गर्न सकिने अन्तर ध्वनि प्रक्रियात्मक विचलन हो । जस्तै :–प्रस्तुत –प्रश्तुत, सङ्गीत –शंगित

### ई. लेखन प्रक्रियात्मक विचलन

शब्दहरू लेखाइमा आउँने विचलन जस्तैः-

चढेर आइज
घरको माथि उँदो ।
तल

### उ. अर्थतात्विक विचलन

अर्थमा विचलन आएमा अर्थतात्विक विचलन उत्पन्न हुन्छ । जस्तै आज त हिमाल मुसुक्क हाँस्यो (हिमाल वा अचेतन हाँस्नु ) पूर्व फाटेर आयो । (दूध, दही फाटे जस्तो भान हुनु) ।

### ऊ. भाषिका विचलन

भिन्ना-भिन्नै भाषिकाहरूको प्रयोग गर्नु- जस्तैः- खाजालाई अर्नी, दूधलाई ओलन, ठीकलाई राम्रो, नाङ्लोलाई सुपो आदि ।

### ए. प्रयुक्ति विचलन

एउटा परिस्थिति वा प्रसङ्गअनुरूप भाषाको अर्को प्रसङ्गमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो । जस्तैः जङ्गलवासी भयङ्कर डाकाहरूले प्रत्येक शीत ऋतुमा कीराहरूको संहार गर्छन् । (कीराका लागि संहारको प्रयोग) यसरी उल्लेखित उपकरणहरूद्वारा शैलीविज्ञानले कृतिमा भाषाको विशिष्ट अनुभूतिलाई नयाँ भङ्गिभावद्वारा अभिव्यक्त गरेको हुन्छ ।

### (ख) समानान्तरता

विचलनका विपरीत रूपमा देखापर्ने उपकरण समानान्तरता हो । विचलन अनियमितता हो भने समानान्तरता चाहिँ अतिरिक्तता नियमितता हो । साहित्यिक कृतिमा समानान्तरता कुनै भाषिक लक्षण वा पुनरावृत्तिको नियमितताका रूपमा देखा पर्दछ, जस्तै छन्दको प्रयोगमा समान उच्चारणको पुनरावृत्ति पाइन्छ । यस तरहको पुनरावृति विभिन्न भाषिक एकाइहरू (शब्द, पदसमूह, उपवाक्य, वाक्य) मा अर्थस्तरमा देख्न पाइन्छ (शर्मा, २०५९: २२) । यस्तैगरी समानान्तरताको व्याख्या विश्लेषण गर्ने क्रममा हेमाङ्गराज अधिकारीको भनाइ यस्तो रहेको छ - 'समानान्तरताले समान तत्त्वहरूको पुनरावृत्तिलाई जनाउँदछ । यसलाई पनि भाषाका विभिन्न एकाइ र तहभित्र प्रकटित भएको देख्न सकिन्छ । यसर्थ वर्ण, लय, रूप,शव्द, पदावली, वाक्य आदिमा हुने सादृश्यले साहित्यिक अभिव्यक्तिमा विशिष्टता झल्काउन मद्दत गरेको हुन्छ । सादृश्यका लागि तत्समान तत्त्वहरूको पुनरावृत्ति आवश्यक हुन्छ । विचलनले मात्र नभई समानान्तरताले पनि अग्रभूमि निर्माणकै कार्य गरेको

हुन्छ । विचलनले अनियमितता वा प्रचलित मानकलाई उल्लङ्घन गरेर अभिव्यक्तिमा आकर्षण पैदा गर्छ भने समानान्तरताले भाषाको प्रयोगमा अझ नियमितता सृजना गरेर आकर्षण बढाउँदछ । यसरी अग्रभूमि निर्माण वा अग्रप्रस्तुतिका दुई युक्ति एक अर्काका विपरीत देखिन्छन् । एकले अनियमिततालाई आधार बनाएर अगाडि बढाउँछ भने अर्काले नियमिततालाई अङ्गाल्छ । (अधिकारी, २०६२: २७९) समानान्तरतालाई शर्मा र अधिकारी दुई किसिमले वर्गीकरण गरेर प्रष्ट पार्ने काममा तल्लिन देखिन्छन्-

**अ. बाह्य समानान्तरता**

एक वा एकभन्दा वढी ध्वनि, शब्दरूप, पदावली, वाक्य आदिको बाह्य रूपमा आबृत्ति हुनुलाई बाह्य समानान्तरता भनिन्छ । यो स्थूल प्रकृतिको हुन्छ । यो अभिव्यक्तिमा यो शब्दवैचित्र्य वा शब्दालङ्कारका रूपमा देखापर्छ । बाह्य समानान्तरता शाब्दिक तहमा हुन्छ । जस्तै

'स्वर्ग यही हो, स्वर्ग यही हो,
अमर श्री भरिएको
जपले तपले युग युगदेखि
पहुँच यसैमा खोज्छ
मासु गलाई हाड सुकाई
भोग यसको रोज्छ' ।
सिद्धिचरण श्रेष्ठ उर्वशी (अधिकारी, २०५२: २६९) ।

पहिलो पङ्क्तिमा सिङ्गै वाक्यको पुनरावृत्ति भएको छ । यस पुनरावृत्तिले स्वर्गप्रतिको आनन्दविभोरजन्य संभ्रम वा हडबडी जनाएको देखा पर्छ । दोस्रो पङ्तिमा र वर्ण, तेस्रोमा 'य' र 'ल' वर्ण दोहोरिएका छन् । तेस्रो पङ्तिमा 'युग' र 'युग' पाँचौमा शब्दांश 'गलाई', 'सुकाई', चौथौ र छैटौंमा पनि 'खोज्छ' र 'रोज्छ' को पुनरावृत्ति देखिन्छ । यस किसिमको कविताांशले विभिन्न पुनरावृत्ति देखिन्छ । बाह्य समानान्तरताको अर्को उदाहरणमा कवि देवकोटा मेनुकाको आगमनको क्रममा व्यक्त गर्दछन् -

'सुन झन्झन्, छन्छन् शब्दभरी
घुँघुरा जलका क्षुतिरञ्जन छन्
अलिअलि गुञ्जन झैं जलझञ्जन ती
सुन मञ्जुल शब्द सुनाउँदछन् ।'
(देवकोटा –शाकुन्तल )

वर्ण, शब्दाशं र शब्दमा देखा परेको समानान्तरतामा अनुकरणात्मक शब्दको समेत चयनले वातावरण नै साङ्गीतिक र गुञ्जनमय भएको कुरा यसमा चित्रित छ । .वर्ण र शब्दको पुनरावृत्तिबाट विशिष्टताको सृजना यस कवितामा पाइन्छ –

'छाँया होओस् हरित वनमा फैलिने धूप होओस्
कैले काहीं यस नगरमा डोलिने रूप होओस्
रूपैलाई अमर पुरमा सँचिने सीप होओस
साक्षी मेरो विजनकुटीमा तैलको हीप होओस्' ।
(माधव घिमिरे : कालीगण्डकी )

**आ) आन्तरिक समानान्तरता**

भावार्थ र वाच्यार्थको आवृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ, जस्तै जूनले मन तान्छ, त्यसलाई हेरिरहूँ जास्तो लाग्छ 'मन तान्नु र हेरिरहूँजस्तो लाग्नु' मा भावार्थको पुनरावृत्ति भएको छ (शर्मा, २०५९: २२ ) । त्यस्तै अर्को उदाहरण,

'कस्ले कल्लाई विगार्‍यो तेल्ले कल्लाई सपार्‍यो' ।
कस्ले र तेल्ले शब्दको प्रयोगले माथिको उदाहरणलाई अरू रोचक पारेको छ ।

हामी दौडमा प्रथम हुन्छौं
र हाम्रो निधारले टीका थाप्छ
हामी दौडमा प्रथम हुन्छौं
र हाम्रो घँटीले माला लगाउँछ, (भूपि शेरचन, 'हामी') ।

यो स्वभाविक हो, प्रथम हुनेले निधारमा टीका र घाँटीमा माला लघाउँछ तापनि यहाँ कविले काम गर्ने कालु मकै खाने भालु भने झैं प्रथम हुने र टीकामाला लगाउनेका बीच भिन्नता रहेको कुरामा जोड दिएका छन् । एक सामान्य विषयलाई लिएर कविले अनौठो वैषम्य तथा भेदभाव भएको औंल्याएका छन् । स्थूल सादृश्यभित्र वैषम्यको भाव अभिव्यक्त गर्नका लागि तलको उदाहरणले व्यक्त गर्छ –

'जो ईश्वर सृष्टि गर्दै जान्थे,
र अनन्ततः ईश्वरहरूबाट पराजित हुन्थे'
(सरुभक्त, आऊ समुद्र मन्थन गरौं)

ईश्वरको सृष्टि गर्ने मानवनै तिनै ईश्वरहरूबाट पराजित हुनु विडम्वनाको कुरा हो तर यथार्थमा उसले सृष्टि गरेका ईश्वरहरूबाट ऊ पराजित हुन्छ ।

शैलीविश्लेषण प्रक्रियाका आधारभूत पक्षहरू चयन, अग्रभूमि निर्माण, विचलन र समानान्तरता आदि पर्दछन् । साहित्यिक अभिव्यक्ति दिन विभिन्न विकल्पजन्य शव्दहरू पाइन्छन् । ती विकल्पहरूलाई सही चयन गर्नु अत्यावश्यक छ । विभिन्न पद पदावलीहरू लिङ्ग, जात, वर्ग, आदिको लागि तपाई, हजुर, तिमी, तँ आदि प्रयोगका साथै, ध्वनि, वर्ण, लय, छन्द, अलङ्कार आदिको चयन गरिन्छ । चयनको कुरा गर्दा विभिन्न विकल्पहरू पर्न सक्छन् जस्तै –मृत्युका विकल्पहरू –स्वर्ग, गुल्टिनु, मर्नु, मासछर्नु, पत्नी, जनाउने शब्दहरू–श्रीमती, गृहिणी, स्वास्नी, जोई आदि विकल्पहरूलाई सही चयन गर्न आवश्यक छ ।

शैलीविश्लेषणमा अग्रभूमि निर्माणलाई अर्को महत्त्वपूर्ण पक्ष लिने गरिन्छ । अग्रभूमि निर्माण भन्नाले अभिव्यक्ति वा माध्यमका कुनै पक्षलाई भङ्गिमाको बक्रताद्वारा तिख्याउँछ वा उद्याउँछ । अग्रभूमि निर्माण गर्ने आधारहरू विचलन र समानान्तरतालाई लिइन्छ तर विचलनमा कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख्यप्रक्रियात्मक, अर्थतात्विक, भाषिका, प्रयुक्तिविचलनहरू पर्दछन् । समानान्तरता भन्नाले विचलनको विपरीत देखा पर्ने उपकरणलाई बुझिन्छ । यस्ता समानान्तरता बाह्य र आन्तरिक गरेर दुई भागमा विभाजन गरिन्छ । बाह्य अन्तर्गत एकभन्दा वढी ध्वनि, शव्दरूप, पदावली, वाक्य आदिको पुनरावृत्तिलाई बुझाउँदछ भने आन्तरिक समानान्तरता भन्नाले भावार्थ र वाच्यार्थको आवृतिलाई जनाउँदछ ।

**शैलीविज्ञान र भाषाशिक्षण**

शैलीविज्ञानले भाषाको अभिव्यक्तिसम्बन्धी विशिष्टताको अध्ययन गर्दछ । यस किसिमको अध्ययनबाट भाषाशिक्षणको आधारभूत पक्षमा मद्दत प्राप्त नभएपनि भाषाको विशिष्टपक्षको शिक्षणमा सहयोग हुन सक्ने देखिन्छ ।

शैलीविज्ञानले विशिष्ट शैलीको सृजना गर्न चयन, विचलन र समानान्तरता जस्ता युक्तिहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामाथि विशेष प्रकाश पार्दछ । शैली निर्माणमा यिनको योगदानको व्याख्या-विश्लेषण शैलीविज्ञानमा हुने भएकाले भाषाशिक्षकका लागि यसको अध्ययन उपयोगी हुन्छ । विशेषतः साहित्यिक भाषाको शिक्षणका सन्दर्भमा शैलीविज्ञानका अवधारणाहरूको उपयोगिता देखाउन सकिन्छ । साहित्यको अभिव्यक्तिमा पाइने शैलीगत विविधताको बुझाइले त्यसमा निहित गहन अर्थ बुझ्न सुगम हुनु स्वभाविक छ । चयन विचलन र समानान्तरतासम्बन्धी साहित्यक रचनामा के-कसरी भएको छ भन्ने कुराको सुझबुझ भाषाशिक्षकमा भएमा त्यसको उपयोग साहित्यको शिक्षणका क्रममा गर्न सक्दछन् ।

त्यस्तै साहित्यलाई भाषाशिक्षणका क्रममा उपयोग गर्दा वा साहित्यको माध्यमबाट भाषाको शिक्षण गराउँदा पनि शैलीवैज्ञानिक आवधारणाहरूलाई आवश्यकतानुसार उपयोग गर्न सकिन्छ ।

## २.७. सारांश

शैली ढङ्ग हो । जसरी मानव जीवनका विभिन्न हिँडाइ, बसाइ आदिको ढङ्ग हुन्छ । ती सबै शैली भएझैं लेखनको पनि ढङ्ग हुन्छ । शैलीलाई रीति वा तरिका भनेर चिनिन्छ । शैली भनेको कुनै विषयवस्तुलाई प्रस्तुत गर्ने तरिका हो । शैलीले भाषामा अभिव्यक्तिका विविध ढङ्गलाई वुझाउँदछ । भाषाको अभिव्यक्ति, वा संकथनमा पाइने यस्तै शैलीगत विविधता सम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई शैलीविज्ञान भनिन्छ । शैलीविज्ञान दुई धारमा विभाजित छ । (क) सामान्य शैलीविज्ञान (साहित्येतर अभिव्यक्ति वा त्यस्ता संकथनको भाषावैज्ञानिक अध्ययनलाई यसअन्तर्गत राखिन्छ) । यसमा सामान्य र स्तरीय भेद भाषिक वीचको भेद, आदि संकथनहरूको भाषिक अध्ययन विश्लेषण गरिन्छ । साथै प्रयोजनपरक भेद चिठी, निवेदन, विज्ञान, पर्चा आदिको भेद समेत सामान्यअन्तर्गत राखिन्छ । साहित्यिक शैलीविज्ञान भाषाका विविध विधाका कृतिहरूको भाषावैज्ञानिक अध्ययन पनि हो । यो गहन अध्ययन पनि हो । यसमा भाषिक विषयवस्तुको छनोट, संयोजन, प्रस्तुति र तिनको समग्रपक्षको अध्ययन गर्ने हो । साहित्यको भाषावादी विश्लेषण, साहित्यलाई वस्तुवादी दृष्टिले अध्ययन, वर्णदेखि सङ्कथन सम्मको अध्ययन, साहित्यिक कलाको सृजनामा भाषाको उपयोगको अध्ययन, साहित्यको कृतिपरक अध्ययन, कृतिको बनोट संरचना र बुनोटको अध्ययन, भाषाविज्ञान र सौन्दर्यशास्त्रको अध्ययन गर्दछ । शैलीवैज्ञानिक दृष्टिले भाषाको साहित्यको अध्ययन गर्दा भाषिक र साहित्यिक संरचनालाई ख्याल गरिन्छ । यसमा चयन, अग्रभूमिनिर्माण, विचलन र समानान्तरता जस्ता कुराले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । शैलीविज्ञान भाषा शिक्षार्थीका लागि कुनै पनि भाषाको शैलीवैज्ञानिक ढङ्गले हेरेर त्यसको व्याख्या विश्लेषण गर्न कसरी सकिन्छ ? भनी अध्ययन गर्न सकिने भएकाले शैलीविज्ञान र भाषाशिक्षणको सम्बन्ध निकट छ भन्न सकिन्छ ।

## तेस्रो परिच्छेद
# कथानकको आधारमा “रूपमती” उपन्यास

## ३.१ परिचय

कुनै पनि कृतिको विश्लेषण गर्ने सिलसिलामा कथानक वा आख्यान एक प्रमुख आधारको रूपमा रहेको हुन्छ । कथानकको आधारमा ‘रूपमती’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा यस परिच्छेदमा कथानक, उपन्यासको शीर्षक सार्थक, उपन्यासको संरचना (बाह्य र आन्तरिक), कथानक र विकासक्रम,चरित्र विधान संवाद वातावरण, वैचारिकता, दृष्टिविन्दु भाषाशैली आदिको चर्चा गरिएको छ ।

## ३.२ कथानक

उपन्यासले कुनै विशेष योजनाका दृष्टिले आफ्नो कथालाई सुसङ्गठित बनाएको हुन्छ र घटनाहरूलाई एक विशेषक्रममा राख्दछ । यसको यही विशिष्ट योजनालाई कथावस्तु वा कथानक भनिन्छ । कथानक कार्यकारण शृङ्खलामा आबद्ध घटनाक्रम भएकाले यसमा चरित्र, भाव र विचारजस्ता कुराहरू समावेश भएका हुन्छन् (शर्मा, २०४८: १२०) ।

कथानकः ना. (स.) दृश्य र श्रव्य काव्य (नाटक, उपन्यास, कथा इ.) मा पाइने घटनाको पूर्वाधार क्रम एवं चरित्रको तादात्म्य मिलेको कथावस्तु कथा सार (नेपाली बृहत शब्दकोश २०५०: १८१ दो.स.) ।

उपन्यासमा आन्तरिक संरचनामा कथानक रहेको हुन्छ । यसमा कुनै न कुनै रूपमा कथातत्त्व रहेको हुन्छ । उपन्यास निर्माण गर्दा आवश्यक सम्पूर्ण तत्त्वहरू (कथानक ( कथावस्तु), चरित्र, परिवेश, भाषाशैली, उद्देश्य/जीवनदर्शन, दृष्टिविन्दु) कथानककै आधारमा सङ्गठित भएका हुन्छन् । यसै सम्बन्धमा हडसनले भनेका छन्– “उपन्यास अरू केही होस् या नहोस् । एउटा कथा अवश्य हो ।” कथानक उपन्यासको शरीर हो यसबाट पुष्टि हुन्छ कथानक उपन्यासको अपरिहार्य तत्त्व हो ।

सामाजिक धरातलमा उभिएको ‘रूपमती’ उपन्यास समाज र जीवनका सत्यघटनालाई कथानकको रूपमा चयन गरी निर्माण गरिएको उपन्यास हो । यो घटनाप्रधान उपन्यासले समेत चिनिने कथा प्रसङ्गमा समाजको सशक्त चित्रण गरिएको पाइन्छ । यस उपन्यासको समाज समाजकै पर्यायवाची बन्न पुगेको छ । ‘रूपमती’– को कथावस्तु पारिवारिक समस्याबाट आरम्भ हुन्छ र पारिवारिक समस्यामा विकसित भएर अगाडि बढ्दछ । तर समस्या समस्याकै रूपमा रहेको छैन किन्तु अन्त्यमा समाधान भएको छ । यो उपन्यास समस्यामूलक जटिलताले जेलिएको भए पनि अन्त्यमा समस्याको समाधानमा पुगेर टुङ्गिएको छ । रूपमतीको जीवन पारिवारिक समाधानको बाटोमा पुगेका जीवनबाट सुरु भएर समाजमै अपहेलित हुँदै दुःखान्त वातावरणमा अल्भिmँदै अन्त्यमा सुखान्त अवस्थामा पुगेर टुङ्गिन्छ ।

यस उपन्यासको आदि खण्डमा काठमाडौँका धनी परिवारमा रहेका पण्डित छविलालका छोरा र बुहारीहरू बीच भएको पारिवारिक स्थितिबाट सुरु हुन्छ । यो क्रम एक परिच्छेददेखि चौधौं परिच्छेदसम्म रहेको छ । सासूहरूले बुहारीहरूप्रति गरेको हेलाँ पेलानको

चर्चा पाइन्छ । त्यस्तै गरी रविलाल र बरालपुत्री बीचको वैवाहिक सम्बन्ध परिवार बीच भैँ झगडा र बाबुको दुखद मृत्यु समेत भएको छ । बरालपुत्री रूपमतीको सन्तान हुँदा रीस र डाहले हेर्न सक्तिनन् ।

यस उपन्यासको मध्यखण्ड चौधौंदेखि १८ औं परिच्छेदसम्म फैलिएको छ । एकै परिवारका सदस्यहरू छुटपुट हुनु, परिवारको स्थिति नाजुक बन्नु, ससुरालीको धन सम्पत्तिमा रुमलिनु आदि कारणले गर्दा रविलालको अवस्था निकै रूपमा देखा परेको छ । बरालपुत्रीले माइतको सम्पत्ति ढुटिमाटी लाउँछे । सधैं हाइहाइ गर्ने बरालपुत्रीका आमा-बाबुको मृत्यु हुन्छ, अनि दाजुभाउजूलाई समेत बिरानो पार्न सफल भएकी बरालपुत्री माइतकी आँखी बन्छे । चार सन्तानकी आमा भैसकेकी बरालपुत्री भने घर झगडाका कारण कुम्लो बोकेर चारै छोरीहरू सहित माइत पुग्छे तर एक रात मात्रै बसेर लुत्रुक्क परेर मितिनीको घरमा शरण लिन पुग्छे । उता रविलाल भने घरमा मोज-मस्तीमा फसेकाले अहिले उसलाई कसाइ पसले तथा अन्य साहूले घेरेका छन् । ऊ चिसो छिंडी र गल्लीमा रात बिताउँछ, बिरामी पर्छ सारा गाउँमा हल्ला फिजिन्छ । अत्यन्तै कष्टकर जीवन बिताइरहेको रविलाल दुःखित अवस्थामा पुगेको हुन्छ ।

यस उपन्यासको अन्त्य भाग उन्नाइसौं र बीसौं परिच्छेदमा फैलिएको छ । यस परिच्छेदमा आइपुग्दा रूपमतीले घर परिवारको स्थितिमा सुधार गर्छे देवरको ऋण तिरेर पुनः पारिवारिक स्थिति सुदृढ गर्छे । यसै अवस्थामा आइपुग्दा 'रूपमती' पारिवारिक जीवन शैलीलाई सुदृढीकरण गर्दै एउटी नारीका रूपमा देखा पर्दछन् । यसै अवस्थामा उपन्यासको सभापन पनि हुन्छ ।

## ३.३ उपन्यासको नामकरण

कुनै पनि कृतिको नामकरण गर्नु नै शीर्षक चयन गर्नु हो । कुनै पनि कृतिको संरचना विभिन्न अवयवहरूका संयोजनद्वारा भएको हुन्छ र समष्टिमा सिङ्गो कृतिलाई चिनाउन शीर्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शीर्षक र कृतिमा घनिष्ट अन्तरसम्बन्ध रहने हुनाले कृति विश्लेषणका क्रममा सर्वप्रथम सम्बन्धित कृतिको नामकरण सम्बन्धी अध्ययन गर्नु आवश्यक देखिन्छ ।

कुनै पनि कृतिको केन्द्रीय अभिव्यक्तिको रूपमा शीर्षक रहन्छ । शीर्षक समग्र विषयवस्तुलाई समेट्ने खालको हुनु पर्दछ । उपन्यासकार पाण्डेले प्रस्तुत उपन्यासको शीर्षक 'रूपमती' चयन गरेका छन् । 'रूपमती' शब्द 'रूप' र 'मती' गरी दुई शब्दको योगबाट बनेको हो । रूप शब्दले आकृति, शरीर, आकार वा देह भन्ने अर्थ प्रदान गर्छ भने 'मती' शब्दले समझ भन्ने अर्थ प्रदान गर्दछ । 'रूपमती' शब्दले बुद्धिमान कुनै भौतिक आकृति वा शरीर भन्ने अभिधेय अर्थ प्रदान गर्दछ । उपन्यासको सन्दर्भमा 'रूपमती' ले रूप र बुद्धि दुवै गुणले सम्पन्न नारी चरित्रलाई बुझाएको छ । अर्को शब्दमा भन्दा उपन्यासको प्रमुख नारी पात्र रूपमतीको नामबाट रूपमती शीर्षक राखिएको छ । यस उपन्यासको शीर्षक प्रयोजनमूलक देखिन्छ । शीर्षकबाट रूपमती कृतिगत एउटा व्यक्ति बुझाउँछ । उपन्यासको आदिदेखि अन्त्यसम्म रूपमतीकै सेरोफेरोमा केन्द्रित रहेको उपन्यासको संरचना पनि रूपमती पात्रकै केन्द्रीयतामा भएकाले यस उपन्यासको प्रमुख पात्र पनि 'रूपमती' नै हो । 'रूपमती' उपन्यासकी नारी पात्र हन् । उनकै चरित्रको आडमा यो रूपमती उपन्यास अडेको छ । उपन्यासमा रूपमतीको पारिवारिक पृष्ठभूमि सहित उसको बानीव्यहोरा,

चिन्तन, सहनशीलता र धैर्यको राम्रो चित्रण गरिएको छ । प्रस्तुत उपन्यास नारी प्रधान बन्न पुगेको छ । उपन्यासमा शीर्षक र कृतिबीच परिपूरक अन्तर्सम्बन्ध भएको विषयवस्तु वा पात्रका नामबाट शीर्षक राख्नु पर्ने सैद्धान्तिक मान्यता अनुरूप 'रूपमती' शीर्षक केन्द्रीय पात्रका नामबाट रहेको हुँदा यसको नामकरण वा शीर्षक विधान औचित्यपूर्ण र सार्थक देखिन्छ ।

प्रमुख भूमिका निर्वाह गरी आदर्श स्थापना गर्ने नारीपात्र रूपमतीका आधारमा यस उपन्यासको शीर्षक राखिएको छ । प्रमुख चरित्रका नाममा राखिएकाले यसको कथावस्तु र शीर्षकका बीचमा समन्वय कायम भएको पाइन्छ । रूपमती भन्नाले यहाँ रूप भएकी राम्री सुन्दरी नारी भन्ने अर्थ प्रतित हुन्छ । यस उपन्यासकी नायिकाको चालचलन, विचार, आदि कुराहरु सुन्दर छन् । उनी अत्यन्त सुन्दरी छिन् भने उनको नाम पनि चरित्र र रूपअनुसार सुहाउँदो छ । केन्द्रीय पात्रका रूपमा रहेकी 'रूपमती' उपन्यासको प्रारम्भ र अन्त्य उनकै उपस्थिति र वर्णनबाट भएको छ । उपन्यासको सारवस्तु बोकेर पाठकलाई सम्प्रेषण गर्ने जिम्मामा पनि रूपमतीमा नै छ । रूपमतीको चरित्र र आदर्श स्थापना गर्नु नै यस उपन्यासको लक्ष्य हो । पण्डितनी बज्यैको कठोर शासन सहेर बसी उनले सहनशीलताको नमूना देखाएकी छिन् । देवरानीसँग पनि उनी जवाफको सवाल गर्न मन पराउँदिनन् । हिन्दू आदर्श अनुरूप उनी पतिलाई देवता ठान्छिन् । उनी मान्छेलाई सुधिने जात सम्झिन्छिन् भने आदर्शको पालना तथा सहनुलाई आफ्नो परम् कर्तव्य मान्छिन् । बरालपुत्रीको खराब चरित्र रूपमतीकै असल चरित्रलाई उजिल्याउनका लागि उपन्यासमा स्थापित छ भने रविलालको बिग्रिएको मती पनि रूपमतीकै उदार र क्षमाशील व्यवहार प्रदर्शन गर्नका लागि यसमा प्रस्तुत गरिएको छ । समाजलाई सुधार्नका लागि नैतिक शिक्षा दिने खालको उपयुक्त माध्यम र नमूना रूपमती बनेकी छिन् । यी सबै कुराहरूले गर्दा प्रस्तुत उपन्यासको शीर्षक 'रूपमती' राखिएको हो । यसबाट रूपमती उपन्यास नारी चरित्रप्रधान उपन्यास हो भन्न पछि हट्न पर्दैन । उपर्युक्त कारणले गर्दा यस उपन्यासको शीर्षक सहज र सार्थक रहेको छ ।

## ३.४ अध्याय विभाजन र कथानक

**तालिका नं २**
**संरचना**

| परिच्छेद क्रम | पृष्ठदेखि-सम्म | पृष्ठ | अनुच्छेदगत आयाम | पङ्क्ति | जम्मा अनुच्छेद |
|---|---|---|---|---|---|
| पहिलो परिच्छेद | ज्ञ(द्ध | द्ध | १ देखि ४६ पङ्क्तिसम्म | ज्ञठछ | छ |
| दोस्रो परिच्छेद | द्ध(ड | छ | २ देखि ४३ पङ्क्तिसम्म | ज्ञण्ट | छ |
| तेस्रो परिच्छेद | ड(ज्ञद्द | छ | ३ देखि ३५ पङ्क्तिसम्म | ज्ञद्दठ | ड |
| चौथो परिच्छेद | ज्ञद्द(ज्ञठ | ट | २ देखि ४४ पङ्क्तिसम्म | ज्ञछढ | ज्ञड |
| पाँचौ परिच्छेद | ज्ञठ(द्दघ | ठ | १ देखि ३२ पङ्क्तिसम्म | ज्ञठढ | द्दढ |
| छैठौं परिच्छेद | द्दघ(घज्ञ | ढ | ३ देखि ३७ पङ्क्तिसम्म | द्दछठ | द्दज्ञ |
| सातौं परिच्छेद | घज्ञ(घछ | छ | २ देखि १३ पङ्क्तिसम्म | ज्ञद्दद्ध | द्दछ |
| आठौं परिच्छेद | द्दट(द्धघ | ड | १ देखि ८१ पङ्क्तिसम्म | द्दद्दड | ज्ञछ |
| नवौं परिच्छेद | द्धद्ध(द्धढ | ट | ९ देखि ५६ पङ्क्तिसम्म | ज्ञठट | ट |
| दशौं परिच्छेद | द्धढ(छछ | ठ | २ देखि ३२ पङ्क्तिसम्म | ज्ञढड | घद्ध |
| एघारौं परिच्छेद | छट(छढ | द्ध | ४ देखि २६ पङ्क्तिसम्म | ज्ञद्दद्ध | ज्ञण |
| बाह्रौं परिच्छेद | टण(टछ | ट | ३ देखि २६ पङ्क्तिसम्म | ज्ञटठ | द्दद्ध |
| तेह्रौ परिच्छेद | टछ(ठण | ट | २ देखि १३ पङ्क्तिसम्म | ज्ञद्धट | घज्ञ |
| चौधौं परिच्छेद | ठण(ठछ | ट | ३ देखि ३२ पङ्क्तिसम्म | ज्ञटठ | ज्ञज्ञ |

| | | | | | |
|---|---|---|---|---|---|
| पन्ध्रौं परिच्छेद | ठछ(डज्ञ | ठ | ४ देखि ३९ पङ्क्तिसम्म | ज्ञठछ | ढ |
| सोह्रौं परिच्छेद | डज्ञ(डछ | छ | २ देखि १५ पङ्क्तिसम्म | ज्ञद्धघ | द्द |
| सत्रौं परिच्छेद | डट(ज्ञण्ज्ञ | ज्ञट | १ देखि ५९ पङ्क्तिसम्म | द्धढठ | घछ |
| अठारौं परिच्छेद | ज्ञण्द(ज्ञण्ट | छ | १ देखि ४६ पङ्क्तिसम्म | ज्ञछड | द्ज्ञ |
| उन्नाइसौ परिच्छेद | ज्ञण्ठ(ज्ञज्ञघ | ठ | ४ देखि ६२ पङ्क्तिसम्म | ज्ञढट | ढ |
| बीसौं परिच्छेद | ज्ञज्ञघ(ज्ञज्ञछ | घ | २ देखि १५ पङ्क्तिसम्म | ठट | ज्ञट |

जम्मा पृष्ठ ११५ अनुच्छेद - ३६३

परिच्छेदगत आयामका दृष्टिले उपन्यासको १७ औं परिच्छेदहरूमा ६ र ८ औं लामा छन् । यसका अतिरिक्त २० औं परिच्छेद ३ पृष्ठको देखिन्छ भने बाँकी अन्य परिच्छेद ४ देखि ७ पृष्ठसम्मका भएकाले यिनीहरूलाई मझौला नै मान्नुपर्दछ । परिच्छेदहरूमा आयामिक समानता रहेको हुँदा परिच्छेद सन्तुलन भएको देखिए पनि एक-दुई परिच्छेद असन्तुलन हुनु र त्यसले आन्तरिक संरचनालाई प्रभाव पार्ने यस उपन्यासका संरचनागत सीमा देखिन्छन् ।

**प्रथम परिच्छेद**

प्रथम परिच्छेदमा प्रमुख पात्र रूपमती, चमेली, पण्डित, रविलाल, रामेकी आमा आदि पात्रहरूको संयोजन गरी नेपाली समाजमा सासू भनौदाहरूले आ-आफ्ना बुहारीहरूलाई साना साना निहूँ निकालेर के-कसरी हेप्छन् ? भन्ने कुरा देखाएको छ । तीज जस्तो चाडमा पनि काम गर्न बाध्य पारिएका छन् । साथै बुहारीहरूलाई हेप्न सम्मेलन समेत गरिएको प्रसङ्ग प्रथम अध्यायमा पाइन्छ ।

**दोस्रो परिच्छेद**

यस परिच्छेदमा रेवती, रविलाल, रूपमती, छविलाल जस्ता पात्रहरू प्रयोग गरी पुलपुल्याएको छोरो रविलालले आमा र भाउजूलाई सताएको प्रसङ्ग र पण्डित पण्डितनीले बुहारीमाथि गरेको पेलाइ-हेपाइको प्रसङ्ग जोडिएको छ ।

**तेस्रो परिच्छेद**

पण्डितको घर-व्यवहार देखेर रूपमती आफ्नो माइतमा दशैं जस्ता चाडहरूमा गरेको रमाइलो सम्झन थाल्छिन् । वर्षदिनको चाडमा रमझम भन्दा झगडा भएको कुरा उल्लेख छ । सन्तान प्राप्तिको तपस्या गरेर रूपमतीको जन्म भएको प्रसङ्ग पनि उल्लेख छ । आमाले रूपमतीलाई अनेक तवरले घरको कामको सम्पूर्ण कला सिकाउँछिन् । रूपमतीको विवाह हुन्छ । ग्रामीण भेगका महिलाहरू बुहारीको खिल्ली उडाउन थाल्छन् । ७२ महिनाको उमेरमा विवाह भएको प्रसङ्ग छ ।

**चौथो परिच्छेद**

एच एल शर्माले १० वर्षको उमेरमा कौमुदी सिके र बनारसमा गएर अङ्ग्रेजी समेत अध्ययन गरे । हविलाल पिकनिक तथा मोजमजामा रमाउँथे र साथीहरू पनि उनलाई खुब मन पराउँदथे । पाश्चात्य शैलीमा बढी रमाउँथे । घर श्रीमतीप्रति वितृष्णा उत्पन्न हुन थाल्यो । पूजाआजाप्रति घृणा जाग्न थाल्यो । उनी सफा बन्ने र शरीरमा अत्तर छरेर हिंड्न थाले ।

### पाँचौ परिच्छेद

रूपमती घरको पीर खप्न नसकी रानीपोखरीमा हाम फाल्ने विचारमा छिन् तर बाबुको अर्तिलाई भुल्न नसकेर उनी त्यसो गर्न सक्तिनन् । बुहारीलाई सानो विषयमा हेला गरेको प्रसङ्ग अझ छँदैछ । माइतबाट आएकी सन्तेकी बहिनीलाई यावत् कुरा सुनाउने कुराले पनि प्रष्ट हुन्छ । उच्च कुलकी रूपमती कहिल्यै मुख फर्काउन लागिनन् बरु चुप लागी बसिन् । रविलालको विवाहको कुरा चल्छ । तर ऊ पढ्न नसकेको र अति नै मूर्ख छ । बोली रुखो छ । अन्तिममा उसले सम्पत्तिले मात्तिएकी बरालपुत्रीसँग विवाह गर्छ ।

### छैठौं परिच्छेद

एच.एल. शर्मा विदेश गई पढ्ने तरखरमा छन् । पाश्चात्य साहित्य र रहनसहनमा रमाउँछन्, तर रूपमती भने प्राचीन सभ्यतामा सजाउँछिन् । ठाँटिन मन गर्दिनन् । नवदुलहा दुलहीमा काम गर्ने ढङ्ग थिएन जाँगर थिएन । केवल ओठे जवाफ भने बाह्रबाकसी थियो । रूपमती आफ्नो श्रीमान् आफूप्रति आकर्षित नभएकोमा चिन्तित छिन् । मी शर्माका बालाई हैजाले झण्डै लान खोज्यो । त्यसपछि तागत हरायो । मी. शर्मालाई निकै रवाफ जमाएर बस्ने सोच भए पनि व्यवहारले बाँधेर ल्यायो । शर्माले घर व्यवहार समालेर राख्न सकेनन् । रविलाल अर्काका लागि विद्यालय गैटोपल्थ्यो । बोल्दा कुरा काटेर बोल्दथ्यो । कुलतमा लागेको थियो, 'फेसन सो' गरेर हिंड्ने स्वभावको थियो । बाबुको मृत्यु भए पश्चात् त्यस घरमा अनेक समस्या आइ परे । बाबुको मृत्यु भयो कसैले भेटेनन् । गाउँलेहरू पण्डितनीलाई सम्झाउँदछन् । शर्मा आफ्नो कार्यमा लाग्छन् । पण्डित मरेपछि सबैले उनको प्रशंसा गर्न थालेको पाइन्छ ।

### सातौं परिच्छेद

पण्डित छविलालको तेह्र दिनको काम सिद्धिएको छ । ग्रामीण नारीहरू छविलालको मृत्युको सम्बन्धमा चर्चा गर्छन् र छविलालको काममा गतिलो सम्पत्ति नपाएकोमा पुरोहित रिसाउँछन् । पुरोहितको कन्जुस्याइँ र मरिसकेपछि गरिने पुष्ट्याइँ गर्ने हाम्रो समाजको यथार्थ छ ।

### आठौं परिच्छेद

कान्छी बुहारीको रूपमा बरालपुत्रीको प्रवेश हुन्छ । यस घरमा एक बुहारीलाई सम्हालेर राख्न नसकेको बेला अर्की थपिएकी छिन् । ल सासूले बुहारीलाई हेप्ने परम्परा यथावत छ । बराल निकै धनी परिवारका कहलाउँदथे । बरालपुत्रीलाई साथीका रूपमा बाटुली पठाइएको थियो । बरालपुत्री बाटुली दुवै शील न स्वभावका थिए । रूपमती र हविलाल बीच प्रेमालाप, बढेर जान्छ । रूपमतीमा हौसला छाएको थियो । रूपमती पाहुना सत्कारमा तल्लिन थिइन् भने बरालपुत्री सजिसजाउ भएर केटा ठिटासँग खित्का छोडेर बोल्थिन् । घरमा झगडा पर्छ । सारा गाउँलेलाई रमिता हुन्छ । रविलाल र बाटुलीबीच निकटको सम्बन्ध हुन्छ ।

### नवौं परिच्छेद

छविलालको बरखी समाप्त हुन्छ । दुःख निकै बढेर आएको छ । सम्पत्ति सकिएर ऋणले सीमा नाघेर गएको अवस्था छ । दाजुभाइबीच नराम्रो छ । निकै सजिसजाउमा दिन

बिताउने बरालपुत्री अब न घरको न माइतको सम्पत्तिमा पर्छिन् । घरमा रूपमतीलाई गरिबकी छोरी भनेर हेलाँ गर्न थाल्छन् ।

**दशौँ परिच्छेद**

शर्मा र रूपमतीबीच निकै प्रेम बढेर जान्छ । रूपमतीले शर्माको राम्ररी सेवा गर्ने मौका पाउँछे । खाना, नास्ता, चिया ठीक ठीक समयमा व्यवस्था मिलाउने गर्दछिन् । रूपमती आफ्नो श्रीमान्लाई देउरानीले मुख छाडेको मन पराउँदिनन् तर रूपमती मुख फर्काउन भने सक्तिनन् । रविलाल र बरालपुत्री छुट्टिने तरखरका भए पनि रविलालको दाजु समक्ष भन्न सक्तैन । रूपमती देवरले दुःख पाउने पो हो कि भनेर निकै चिन्तित देखिन्छिन् । रविलाल घरबाट निस्कन्छन् ।

**एघारौं परिच्छेद**

रूपमतीको दुःखप्रति उनका आमा बुबा निकै चिन्तित हुन्छन् । रूपमती आफ्नो माइतबाट ल्याएको बाँडेर खान्छिन् तर बरालपुत्री भने आफ्नो पनि आफैं खाने र अर्काको घृणा गर्दछिन् । केही वर्ष सन्तान नहुँदा शर्मालाई अर्की श्रीमती ल्याउन कर गर्न थाल्छिन् । यसरी सन्तान हुन ढिला भएमा अर्की ल्याउने चलनलाई यस उपन्यासमा केही प्रष्ट पार्न खोजिएको छ ।

**बाह्रौ परिच्छेद**

वसन्त ऋतु, सम्पूर्ण प्राणी र वनस्पति समेतले पालुवा फेरे । सबैलाई चैन भए पनि शर्माजीको र आमाका मनमा शान्ति छैन । रूपमतीको सन्तान नभएकोमा आमा, सासू तथा ग्रामीण नारीलाई कुरा गर्ने मेलो भएको थियो । बरालपुत्री कान्छी बुहारी भएर पनि सासूसँग एक छिन पनि बस्न सकेकी छैनन् । शर्माजी एकदिन सञ्चले खाना खान पाए कस्तो हुन्छ भनी ठान्थे । बरालपुत्री माइत गइन्, आउँदा रूपमतीको गर्भ रहेको सुनिन् तर उनमा इर्ष्या जाग्यो ।

**तेह्रौ परिच्छेद**

ग्रामीण नारीहरूले अर्काको कुरा गरेर समय व्यतित गरे झैं पण्डितनी बज्यैकी कान्छी दुलही पनि उस्तै छन् । ग्रामीण परिवेशका नरनारीहरूको आफ्नो मानो खाने र अर्काको कुरा गर्ने प्रवृत्तिलाई तथा पुरुष पनि महिलासरह कुरा दोचारेर बस्ने यथार्थलाई यस परिच्छेदमा देखाइएको छ ।

**चौधौं परिच्छेद**

सामान्यभन्दा सामान्य कुरामा पनि नारीहरू निहुँ निकालेर झगडा मच्चाउने गरेको यथार्थलाई पुष्टि गर्न भऱ्याङ्गमा भएको केराको बोक्रोमा चिप्लिएर लडेको निहुँमा सासूसमक्ष झगडा मच्चाएकोबाट प्रष्ट हुन्छ । कान्छी बुहारी डाहले खपि नसक्नु भएकी छ । रूपमतीको सन्तान भएकोमा यसबाट नारीमा एक किसिमको डाह, शेख, इर्श्या नारीमा हुने कुरा प्रष्ट हुन्छ । त्यस्तैगरी रिसले गर्दा आफ्नो पेट भोको भए पनि खाना नखाई बसेको प्रसङ्ग पाइन्छ । रूपमती सुत्केरी भएको अवस्थामा पनि बरालपुत्रीले कुनै सरसहयोग गर्दिनन् । बरु सासू बुहारी नै झगडा गरेर कोलाहल मचाउँछन् ।

**पन्ध्रौं परिच्छेद**

रूपमतीकी छोरी जन्मिएर घरमा निकै खुसियाली छाएर आयो । सबै परिवार खुशी भए पनि बरालपुत्रीको मुहारमा भने कदापि परिवर्तन आएन, उनी नानीको मुख हेर्न समेत गइनन् । छैटौंको दिन मावलीदेखि लिएर छिमेकी समेत बालिकाको मुख हेर्न पैसा, सामान लिएर आउँछन्, भोज खान्छन् तर बरालपुत्री भने माथिल्लो तलामा चढेर अरूको त कुरै छोडौं बालिकाको समेत मुख हेर्दिनन् । उब्रेको मासु पनि राति नै झ्वाम पार्ने बरालपुत्री अति नै लोभी र खराब प्रवृत्ति भएकी नारीका रूपमा देखिन्छे । निकै विवाद पश्चात् रविलाल छुट्टिएर गयो । उसकी आमालाई निकै पीर परेर आयो । किनकि आमाले दश महिना पेटमा बोकेको तर अहिले आमालाई चट्टै छाडेर गयो । रूपमती भने दाजुभाइ बीचको वैमनस्यप्रति निकै दुःखित देखिन्छिन् ।

**सोह्रौ परिच्छेद**

रविलाललाई नयाँ घरजम गर्न निकै गाह्रो भयो । आफ्नो बानी पनि थिएन । इष्टमित्रसँग समेत उसले व्यवहार नगरेकाले परिचित व्यवहारमा कमी थियो । बरालपुत्रीको माइतबाट ल्याएको पैसा समेत सकियो । माइतिको समेत आँखी बन्न गइन् । माइतको निकै धाक लगाउन भने छाडेकी छैनन् । ग्रामीण महिलाहरू बरालपुत्रीको कुरा गर्न भने छाडेका छैनन् ।

**सत्रौं परिच्छेद**

रविलालको छोरी जन्मिन्छे । बरालपुत्रीलाई प्रशवको समयमा सहयोग गर्ने कोही छैनन् । छिमेकी पनि चिढिएका छन् । उनीहरू पनि सहयोगमा लाग्न सक्तैनन् । परिवार कसरी चलाउने बानी पनि थिएन । दाजुभाउजूको गिरीमा हिंडेको रविलाल घर व्यवहारमा फसेको थिएन । लगातार ४ वटी छोरीको जन्म हुन्छ । छोराको पालो पर्खिंदा पर्खिंदै छोरीको जन्म हुन्छ । बरालपुत्रीले माइतमा निकै थर्काएकी थिइन् । घर चलाउन जग्गा वन्धक राखे । घरमा खाने समस्या बढ्दै गयो । बरालपुत्री माइत गइन् माइतमा पनि बिरामी भएकाले लामो बस्न सकिनन् । माइतमा समेत उनी हेलाँमा परिन् । रविलाल भने नर्तकी ल्याएर घरमा तमासा हेर्न थाले, अझ घरको स्थिति नाजुक बन्न पुग्यो । घरमा आउँदा कामदारले सम्पूर्ण पोल खोलिदिए । अब बरालपुत्री रविलालदेखि रिसले चुर भएकी थिइन् । रविलालसँग झगडा पर्छ । रविलाल चुँ सम्म बोल्न सक्तैन । यसै समयमा दोकानदार पसलबाट ल्याएको मिठाइ र अन्य सरसामानको पैसा लिन आउँछ, तर रविलाल घरको छिंडीमा लुकेर वस्तछ । साहुहरू अड्डी कसेर बसेका छन् । अब पऱ्यो फसाद । रूपमती शर्माजीले थाहा नपाउने गरी प्रेरणालाई पैसा दिने गर्दथिन् । एकपटक मुसलमानले पैसा नपाउँदा रविलाललाई चिसो छिँडीमा लगेर राखेको प्रसङ्ग कथावस्तुमा समाविष्ट छ ।

**अठारौं परिच्छेद**

बरालपुत्रीको दिनचर्या निकै कष्टकर बन्न थाल्यो । हातमुख जोर्न निकै समस्या पऱ्यो । निकै मैं हूँ भन्ने रविलाल गुन्द्रुकको झोलसँग भात खान बाध्य भयो । पति पत्नीबीच गाउँलेसँग भनाभन बाजाबाज हुन थाल्यो । उसले बरालपुत्रीलाई लात मार्दै तल झार्यो– गाउँलेले छुट्याए । यसैका कारणले म दाजुभाउजूबाट छुट्टिनु परेको कुरा गर्छ । रविलाल घरबाट बाहिर निस्कन्छ धेरै समयपछि बागमतीको आसपासमा गएर बसेको भेटिन्छ ।

त्रिपुरेश्वरमा एकपटक देखा पर्दछ । काबुलीलाई कलकत्ताबाट भरखरै आएको भनेर ढाँट्छ । त्यहाँ साहूले समाते-निकै मानिसको जमघट भयो । केही पर दाजु शर्माजीसँग आँखा जुधे । कसलाई समातेर ल्याए भनेर हेर्दा आफ्नै भाइ पो रहेछ । एच. एल. शर्मालाई निकै नराम्रो लाग्यो । के दुर्गति देख्नु पऱ्यो भन्दै चकित भए । रूपमती भने ऋण तिरिदिने विचारमा थिइन् । उनले गोठालालाई पैसा बढाइ छुटकारा राइन् । बरालपुत्री भने घरमा बस्न नसकी छोरीहरू सहित माइत गइन् ।

### उन्नाइसौं परिच्छेद

सधैं खुसियालीका साथ माइत जाने बरालपुत्री आज भरिया खोजेर रुँदै रुँदै जानु परेकोमा निकै चिन्तिन देखिन्छिन् । माइतमा आमाको मृत्यु भएको थियो । आमा नहुँदा उनी हेलित भइन् । भाउजूले बससम्म पनि भनिनन् । सम्पूर्ण माइतीलाई रित्याएर सखाप पार्ने भनी गाली गरेकाले उनी लामो समय बस्न नसकी बालाजुमा मीतनीकी घरमा आएर बसिन् । रूपमतीले बरालपुत्रीले दुःख पाएर बसेको खबर पाइन् अनी उनी आफै नै गएर बोलाएर ल्याइन् जेठी छोरीको विवाह पनि रूपमतीले गरिदिइन् ।

नयाँ मेलमिलाप छायो रविलाल र बरालपुत्री आमा र दाजु भाउजू सामु शरण परे । दिनदिनै घर व्यवहार समेटिँदै गयो । बन्धकी पनि फुकुवा भयो । रविलाल र बरालपुत्री सल्लाह साथ मधेशमा गएर राम्रोसँग घरजम गरेर दिन बिताउन थाले ।

### बीसौं परिच्छेद

रूपमतीले अनेक दुःख कष्ट खपेर पनि मुखामुख, गाली अपशब्द कहिल्यै बोलिनन् । परिवारको जुनी फेरिदिइन् । रूपमती वास्तवमा रूपमती नै थिइन् । उनले एक विकराल परिस्थितिलाई सामना गरी घर परिवारको मुहार नै फेरिदिइन् । सबैबाट प्रशंसा पाइन । यही सेरोफेरोमा उपन्यासको सुखान्त अवस्थामा पुगेर टुङ्गिन्छ ।

## ३.५ ‘रूपमती’ उपन्यासमा कथानकको विकासक्रम

‘रूपमती’ उपन्यासको कथानक भरिपूर्ण देखिन्छ । यस उपन्यासको विन्यस्त र स्थूल कथावस्तुले आङ्गिक परिपूर्णता प्राप्त गर्नुका साथै लघु आयामलाई समेटेको छ । यस उपन्यासको कथानक मुख्यतः पण्डित छविलालको पारिवारिक समस्यासँग सम्बद्ध छ । उपन्यासकार पाण्डेले ग्रार्हस्थ्य जीवनका समस्या र परिवार भित्रका सङ्घर्ष, द्वेष, ईर्ष्या, कटुता र प्रेमलाई सामाजिक धरातलमा उतारेर यथार्थ र आदर्शसँग समन्वय गर्दै प्रस्तुत गरेको पाइन्छ । प्रस्तुत उपन्यास हाम्रो समाजमा रहेको गृहकलहसँग सम्बद्ध भएर क्रमिक रूपमा आदि, मध्य र अन्त्य हुँदै अगाडि बढेको छ । यस उपन्यासको कथानक संरचना संयुक्त तथा रैखिक ढाँचामा रहेको छ ।

कुनै पनि कृतिको विकासक्रमलाई हेर्ने विभिन्न सिद्धान्तहरू/नियमहरू प्रतिपादित छन् । सबैभन्दा बढी प्रचलित र बढी विश्वासिलो पद्धति प्रसिद्ध जर्मन समालोक गुस्ताम फ्रेटागको ‘पिरामिडल’ हो । फेटाग पिरामिडका सम्बन्धमा मो.रा.श. ले (२०४९: १५१) मा भनेका छन्– प्रसिद्ध जर्मन समालोचक गुस्ताभ प्रोटागले आख्यानात्मक कृतिका संरचनामा पाइने कथानकको जुन विकासक्रम निर्धारित गरेका छन् त्यसलाई उनैको नामबाट फ्रेटागको

पिरामिड भनिन्छ । जग वा थालनितिर फुकेर क्रमशः साँघुरिँदै जाने संरचनाको नाम पिरामिड वा सूचीस्तम्भ हो ।

प्रस्तुत लेखमा फ्रेटागको सूची स्तम्भको समानान्तर 'रूपमती' उपन्यासको कथानक राखेर हेर्ने र सो आधारमा उक्त कृतिको कथानक क्रमिक वा व्यतिक्रमिक के छ भनेर हेर्ने जमर्को गरिएको छ । रूपमती उपन्यासको कथानक विकासक्रमलाई कथानक विकासक्रम तालिकामा चर्चा गरिएको छ ।

## ३.६ कथानक विकासक्रम तालिका र विश्लेषण

कुनै पनि कृतिको कथानक विकासक्रमलाई जाँच्ने विभिन्न सिद्धान्तहरू प्रतिपादित छन् । त्यसमा बढी प्रचलित पद्धति प्रसिद्ध जर्मन समालोचक गुस्ताम फ्रेटागको पिरामिडला पद्धतिले पाएको छ । आख्यानात्मक कृति संरचनामा पाइने कथानकको फ्रेटागले जुन विकासक्रम निर्धारण गरेका छन्, त्यसलाई सूची स्तम्भात्मक (पिरामिडल) आकारका कथानकको निमित्त पाँच अवस्थाहरू देखापरेका छन् (शर्मा २०४८: १६७) ।

कुनै पनि उपन्यासमा पाउन सकिने कथानक संरचना र कथानक विकासका क्रममा पाँच अवस्थालाई तालिकाबद्ध रूपमा प्रस्तुत गरिएको छः–

**तालिका नं. ३**
**कथानक विकासक्रम**

| कथानक संरचना | कथानक विकासक्रम |
|---|---|
| १. आदि | क. चिनारी |
| | ख. सङ्घर्ष विकास (प्रथम संकटास्था) |
| २. मध्य | क. अन्य संकटावस्था |
| | ख. चरम (निर्णायक संकटावस्था) |
| ३. अन्त्य | क. सङ्घर्षह्रास |
| | ख. उपसंहारक |

कुनै एक उपन्यास पूर्णरूपमा निर्माण भइसकेको अवस्थामा उल्लेखित अवस्थाहरू पार गरेको हुन्छ । यी क्रमहरू कुनैमा सिलसिलाबद्ध ढङ्गले अगाडि बढेको पाइन्छ त कुनैमा कथानक खजमजिएर अगाडि बढेको पाइन्छ । सिलसिलाबद्ध वा क्रमिक भएमा सरल रूपमा बुझ्न सकिन्छ भने व्यतिक्रमिक रूपमा अगाडि बढेको उपन्यास अनि जटिल बन्न पुग्छ । जस्तोसुकै ढङ्गले उपन्यास निर्माण भए पनि उपन्यासको कथानक संरचना र कथानक विकासक्रम भने अनिवार्य रूपमै रहेको हुन्छ । उपन्यासको विकासक्रम व्यतिक्रमिक बन्न पूर्वदृश्य वा पश्चदृश्यको प्रयोगमा भर पर्दछ अनि कथानक सरल वा रैखीय ढाँचामा अगाडि बढ्दाको अवस्थामा उपन्यास क्रमबद्ध भएर अगाडि बढेको हुन्छ । उपन्यासले आङ्गिक पूर्णता प्राप्त गर्न आदि मध्य र अन्त्यको युक्तिसङ्गत क्रम आवश्यक छ ।

फ्रेटागको पिरामिडका आधारमा उपन्यासको विकासक्रमलाई शैलीवैज्ञानिक दृष्टिले अध्ययन गर्ने गरिन्छ । अब कुरा आउँछ फ्रेटागको पिरामिड भनेको के हो ? यसका सम्बन्धमा शर्मा २०४९: १५१ अनुसार चर्चा गरिएको छ –प्रसिद्ध जर्मन समालोचक गुस्ताभ फ्रेटागले आख्यानात्मक कृतिका संरचनामा पाइने कथानकको जुन विकासक्रम निर्धारित

गरेका छन्, त्यसलाई उनैको नाममा 'फ्रेटागको पिरामिड' भनिएको हो । जग वा थालनीतिर फुकेर क्रमशः साँघुरिँदै जाने संरचनाको नाम पिरामिड वा सूचीस्तम्भ हो ।

फ्रेटागले 'टेकनिक अफ द ड्रामा' (ई. १८६३) पुस्तकमा सूचीस्तम्भात्मक (पिरामिडल) आकारमा कथानकको विकासका निम्नलिखित पाँच अवस्थाहरू देखाएका छन्:–

१. आरम्भ/चिनारी २. सङ्घर्ष विकास
३. चरम ४. सङ्घर्षह्रास ५. उपसंहार/परिणिति

### १. आरम्भ/चिनारी

आख्यानात्मक कृतिको कथानकको विकाससँग सम्बद्ध पहिलो अवस्थामा मुख्य पात्रहरूको चिनारी गराइएको हुन्छ यसैलाई कथानकको आरम्भ चिनारी भनिन्छ । साथै यसमा पात्रहरूले जुध्नुपरेको समस्या र परिस्थितिको पनि जानकारी दिइन्छ ।

### २. सङ्घर्ष विकास

कुनै आकस्मिक परिस्थितिका कारण अथवा घटना-विशेषका कारण पात्रहरूका सामु नयाँ समस्या उत्पन्न हुन्छ । अनि पात्रहरूको सङ्घर्ष आरम्भ हुन्छ । यस पहिलो महत्त्वपूर्ण परिस्थिति वा घटनालाई नै प्रथम सङ्कटावस्था भनिन्छ । उल्लिखित चिनारी र सङ्घर्षविकास कथानक संरचनाको आदि खण्डमा पर्दछन् । आदि खण्ड नै कथानकको सुरुवात हो ।

कथानकको संरचनाको दोस्रो चरण मध्यखण्ड हो । मध्यखण्डमा उपन्यासको पूर्ण विकास भई कथानकको चरम विन्दुसम्म पुग्ने हुन्छ । यस सम्बन्धमा चरम शीर्षकअन्तर्गत चर्चा गरिन्छ ।

### ३. चरम (अन्तिम सङ्कटावस्था)

पहिलो सङ्कटावस्थाले अन्य सङ्कटावस्थालाई जनाउँदछ र सङ्कटावस्थाको एउटा शृङ्खला तयार हुन्छ । विभिन्न सङ्कटावस्थाका कारण चरित्रमा परिवर्तन आउँछ र नयाँ नयाँ समस्या उत्पन्न भएर सङ्घर्ष बढ्दैगई कथानकको विकास हुन्छ । सङ्कटावस्थाहरूको शृङ्खलाले अन्त्यमा पात्रहरूलाई चरम स्थितिमा पुऱ्याउँछ । जो सबभन्दा महत्त्वपूर्ण, गम्भीर र निर्णायक सङ्कटावस्था हुन्छ तसर्थ यो अन्तिम सङ्कटावस्था नै चरम हो ।

उपन्यासमा पात्र जब पहिलोपल्ट सङ्कटमा पर्दछ तव उसले सङ्कट समाधानको निमित्त सङ्घर्ष सुरु गर्दछ । यसै सङ्घर्षका क्रममा अनेकौं घटना घट्दछन्, एकपछि अर्को सङ्कटको अवस्था सिर्जना हुँदै जान्छ । पात्र दोस्रो पल्ट सङ्कटमा परेदेखि अन्तिम र निर्णायक सङ्कटको अवस्था सिर्जना हुनुपूर्व जेजति सङ्कटावस्थाहरूको शृङ्खला तयार हुन्छ ती सबै कथानक विकासमा देखा पर्ने अन्य सङ्कटावस्थाहरू हुन् (सापकोटा कृष्णचन्द्र: शोधपत्र, २०५५: २२) ।

उपन्यास अगाडि बढ्ने क्रममा प्रथम, दोस्रो, तेस्रो गर्दै अनेकौं सङ्कटावस्थाहरूका कारण नयाँ नयाँ समस्याहरू देखिदै जान्छन् र यो क्रम बढ्दै जाँदा कथानकको विकास हुन्छ । यसै चरणमा सम्पूर्ण पात्रको चरित्रलाई बताउँछ र चरित्रमा परिवर्तनसमेत ल्याउन सक्छ । यो चरणमा सबभन्दा महत्त्वपूर्ण निर्णायक काम बन्छ, यो नै चरम अवस्था हो ।

### ४. सङ्घर्षह्रास

यस अवस्थामा आइपुग्दा कथानकका पात्रहरूको चर्को सङ्घर्ष मथ्थर हुन्छ । छरिएका घटना, प्रवाहलाई समेट्ने र अंगाल्ने काम गरिन्छ । कुनै कार्य निर्णय वा खोजका कारण सङ्घर्ष कार्य टुङ्ग्याउनमा पुग्छ । यो अवस्थालाई फलप्राप्तिको अवस्था पनि भनिन्छ । यो अवस्थामा आइपुग्दा छरिएर रहेका घटनालाई समेट्ने कार्य हुन्छ । कुनै निश्चित कार्य निर्णय वा फलप्राप्ति तर्फ उन्मुख हुने हुन्छ । यो अवस्थामा फलप्राप्तितर्फ झुक्ने हुनाले यस अवस्थालाई सङ्घर्षह्रास भनिएको हो ।

### ५. उपसंहार

जब पात्रहरूको सङ्घर्ष टुङ्गिन्छ । पात्रहरूले आफ्ना कार्यअनुसारको फल पाउँछन् र समस्याको समाधान हुन्छ तब कथानक अन्त्य हुन्छ । कथाका पात्रहरूले पनि फल प्राप्त गर्दछन् । कथानकमा भएका घटनाको वा समस्याको समाधान भई उपन्यासको अन्त्य हुन्छ ।

## ३.७. फ्रेटागको सूची स्तम्भका आधारमा कथानकको विकासक्रम तालिका

फ्रेटागको सूचीस्तम्भ सबै कथानकमा लागू हुँदैन । नियमित कथानक भएको आख्यानात्मक कृतिमा यो सूचीस्तम्भ यथावत् रूपमा लागू हुन्छ, तर अनियमित कथानक भएको कृतिमा भने यथावत रूपमा लागू नभई आंशिक रूपपा मात्र लागू हुन्छ । सूचीस्तम्भ सीमित रूपमा लागू भए तापनि फ्रेटागको कथानकसम्बन्धी धारणाले वर्तमान समालोचनामा समेत ज्यादै महत्त्व पाएको देखिन्छ ।

फ्रेटागको सूचीस्तम्भको आधारमा ‘रूपमती’ उपन्यासको आख्यानिक संरचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

**फ्रेटागको सूची स्तम्भ**

| **कथानकको आङ्गिक विकासक्रम** | **फ्रेटागको अनुसार कथानकको विकासक्रम** | **रूपमती उपन्यासबाट प्राप्त तथ्याङ्कहरू** |
|---|---|---|
| १. आदि : एक परिच्छेददेखि चौधौं परिच्छेदसम्म (१-१४) वा (पृ. १-७५) | अ. चिनारीः एक परिच्छेददेखि सातौं परिच्छेदसम्म (१-७) वा (पृ. १-३५) | (क) काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा बसोबास गर्ने पण्डित छविलाल नेपालको परिवारमा कथाको उठान हुन्छ ।<br>(ख) प्रमुख पात्रहरू वा सदस्यहरू हविलाल, रूपमती, रविलाल र पण्डितनी बज्यै छन् ।<br>(ग) बुहारी बनेर गएकी रूपमती सासूको उग्र, जण्ड, दुच्छर स्वभावले बुहार्तन सहन वा खप्न बाध्य हुन्छिन् ।<br>(घ) बी.ए.परीक्षासम्म उत्तीर्ण गरेर पाश्चात्य रङ्गमा रङ्गिएका मिस्टर एच.एल. शर्माले गुण र रूप दुवै गुणले सु-सम्पन्न भएकी पत्नी रूपमतीलाई ग्वाँगर, मूर्ख, बेकमफुसे देख्छ र सोहीअनुसार व्यवहार गर्न बाध्य हुन्छ ।<br>(ङ) रविलालको विवाह अत्यन्तै जण्ड मिजास दुस्चरित्र भएकी घमण्डी उद्दण्ड, कर्कशा, झगडालु, धनी परिवारकी छोरी हुँ भनी ठान्ने वा माइतको धाक रवाफ दिने बरालपुत्रीसँग हुन्छ ।<br>(च) पण्डित छविलालको हैजाले मृत्यु, एल.एल. शर्माको पाश्चात्य सभ्यतामा बस्ने रहर ठप्प, घरको जिम्मेवारी उनकै काँधमा आउनु ।<br>(छ) पण्डित छविलालको काम गराउने पण्डित ज्यादै लोभी बन्नु । |
| | आ. सङ्घर्ष विकासः ( प्रथम सङ्कटावस्था) आठौं परिच्छेदेखि चौधौं परिच्छेदसम्म (८-१४), | (क) पिताको मृत्युका कारण हविलाको पढाइ ठप्प, घरगृहस्थी हुनुपरेको वास्तविक रूप प्रष्ट हुनु ।<br>(ख) एकातिर बरालपुत्री उदण्ड, उग्र र उच्छृङ्खलता प्रति झुकाव राख्ने अर्कातिर रविलाल कुसङ्गत, कुलत र दुर्व्यसनको जालमा बल्भिँदै |

| | | |
|---|---|---|
| | (पृ. ३६-७५) | जान्छ ।<br>(ग) कुलतमा फसेको आफ्नो भाइप्रति दाजु हविलाल र भाउजू रूपमती चिन्तित र खिन्न मुद्रामा रहनु, अनि कान्छो छोरो रविलाल र बुहारी बरालपुत्रीको छाडा, पिराहा, उजण्ड स्वभावदेखि दिक्क भई पण्डितनी बज्यै रूपमती प्रति नै झुकाव राख्नु, वा रूपमती माथि मन पलाउँदै जानु,<br>(घ) शर्माले रूपमती तर्फ दया जगाउनु,<br>(ङ) पूजा आजा गरेर जन्मिएकी एक मात्र छोरी रूपमती उनको पनि सन्तान ढिलोसम्म नहुँदा रूपमतीका बाबु आमा खिन्न हुनु,<br>(च) रूपमतीको जन्मदा बरालपुत्री डाहले भुतुक्क हुनु,<br>(छ) ग्रामीण महिलाहरू (खुत्ते कर्णेलकी बहिनी, बुच्चे पण्डितकी छोरी, गुइँठेकी साली, गजधुम्बेकी जेठी सासू, चाँदेकी बज्यै) कुरा दोचारेर बस्नु, |
| २. मध्य पन्ध्रौं परिच्छेदेखि उन्नाइसौं परिच्छेदसम्म (१५-१८ परिच्छेद)<br>(पृ. ७५-१०६) | इ. अन्य सङ्कटावस्था र चरम विन्दु (१५-१९ परिच्छेदसम्म (७५-१९ परिच्छेदसम्म)<br>(७५-१०६) | (क) एकै परिवारमा बस्दै आएका आमा पण्डितनी बज्यै हविलाल, रूपमती रविलाल र बरालपुत्री छुटपुट भएर बस्नु,<br>(ख) एकातिर रूपमतीको पुत्र पैदामा डाहा गर्ने बरालपुत्रीले तीनवर्षमा ४ वटी छोरी जन्माएकी छ भने अर्कातिर आफ्नो घर रूख्याउँदै माइतीलाई समेत सिरिखुरी उठाएकी छ,<br>(ग) कुलत र कुसङ्गतले घृणित बनेको रविलालले पत्नीले माइतबाट कुम्ल्याएर ल्याएको धनलाई गुलछरी उडाएर सखाप पार्नु,<br>(ग) बरालपुत्रीको आमाको मृत्यु, माइतको धन बरालपुत्रीले सखाप अब माइत जाने बाटो रोकियो,<br>(घ) एच.एल. शर्मा र रूपमतीको जीवन सुदृढ सुखी र सम्पन्न बन्नु छदैछ रबिलाल र बरालपुत्रीको दिनचर्या वियोगले बित्न थाल्नु,<br>(ङ) माइतीको धन नआएपछि हविलाल र बरालपुत्री बीच वैमनस्य बन्नु, झगडा मचिनु, लात्ती खानु, माइत जान बाध्य हुनु,<br>(च) रविलाल ऋणमा डुब्नु, साहुले बीच बाटामा बेइज्जत गर्नु, घरैमा लुकेर बस्ने स्थिति उत्पन्न हुनु,<br>(छ) मुसलमान, पसले, काबुली आदिले रविलाललाई सास्ती दिएर छिँडीमा थुन्नु,<br>(ज) लोग्नेको चुटाइ खप्न नसकी चार छोरी सहित माइत पुगेकी बरालपुत्री सधैंको जस्तो सम्मानबाट टाढा रहनु, माइतमा भाउजुको वचन खप्न नसकी कुम्लो कुटुरा सहित छोरीलाई काखी च्यापेर मितिनीको घर बालाजुमा शरण लिन पुग्नु,<br>(झ) रविलाल ऋण तिर्न र खान समेत नसक्ने अवस्थामा पुगी मरणासन्न अवस्थामा पाटीमा पसारिनु, |
| ३. अन्त्यः उन्नाइसौं परिच्छेददेखि बीसौं परिच्छेदसम्म (१९-२०)<br>(पृ. ११०-११५) | ई. उपकर्ष वा सङ्घर्षह्रास | (क) रूपमतीमा देवर देवरानीप्रति दया अझ बढेर जानु वा रूपमतीको उदारताका कारण समस्याहरू साँघुरिँदै जानु,<br>(ख) रूपमतीले रोगले पीडित आफ्नो देवरलाई आफ्नै घरमा बोलाएर औषधी उपचार गराउनु तथा ऋण तिरीदिनु,<br>(ग) भाउजूप्रति देवरको कृतज्ञता जाग्नु, दयाले दिल भरिन थाल्नु, आमा दाजु भाउजूप्रति प्रायश्चित गर्नु,<br>(घ) मितिनीको घरमा बसेकी देवरानी र छोरीहरूलाई घरमा ल्याई स्याहार सुसार गर्नु,<br>(ङ) जेठानीप्रति देवरानी (बरालपुत्री) पाउ पर्नु, |
| | उ. उपसंहार | (क) हविलाल र रूपमतीले भाइबुहारीलाई मधेशमा घरजम गराउनु,<br>(ख) घर झगडा भएर धनसम्पत्ति इष्टमित्र नष्ट भएको दाजुभाई बीच तथा परिवार झगडा भएर गाउँ घर छरछिमेक समेत आश्चर्यमा परिसकेको बेला परिवारमा एकता, सुख, शान्ति, समृद्धि र मेलमिलापको वातावरण सृजना हुनु, उपन्यासको समेत अन्त्य हुनु |

कथानकको विकासक्रमका यी पाँच अवस्थाहरूलाई निम्न पिरामिडमा देखाउन सकिन्छ–

सङ्केतहरू

क. आदि १ आरम्भ ख. मध्य ३. चरम

२. सङ्घर्षविकास

ग. १/२ अन्त्य ४. सङ्घर्षह्रास

५. उपसंहार

## ३.८ कथानक विकासक्रम तालिकाको विश्लेषण

प्रस्तुत तालिकामा उल्लेख्य बुँदाहरूलाई हेर्दा नं. १ मा आदि खण्ड पर्दछ । यो खण्ड एक परिच्छेददेखि चौधौं परिच्छेद अर्थात् पृष्ठ १ देखि ७५ पृष्ठसम्मको फैलावटलाई यस अध्यायमा चर्चा गरिएको छ । यस अन्तर्गत अ. आरम्भ (चिनारी) खण्ड पर्दछ । यस खण्डमा एक परिच्छेदेखि सातौं परिच्छेदसम्मका घटनाहरू पर्दछन् । त्यस्तै गरी आ. सङ्घर्षविकास वा प्रथम सङ्कटावस्था पर्दछ । यस अवस्थामा आठौं परिच्छेददेखि चौधौं परिच्छेदसम्म भएका घटनालाई समेटेको छ ।

'रूपमती' उपन्यासको आधारमा प्रस्तुत तथ्याङ्कहरूलाई चिनारी खण्डमा 'क' देखि 'च' सम्ममा भएका तथ्यहरूलाई क्रमशः चर्चा गरिएको छ–

(क) काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा बसोबास गर्दै आएका पं. छविलाल नेपालको परिवार जुन धनी र शिक्षित परिवारबाट कथाको आरम्भ हुन्छ ।

(ख) प्रस्तुत उपन्यासमा एकै घरका सदस्यहरू पं. छविलाल, श्रीमती पण्डितनी बज्यै, हविलाल, रूपमती, रविलाल, बरालपुत्री सदस्यहरू रहेको परिवार छ । उदाहरण 'क' मा बुहारी बनेकी रूपमतीले सासूको बुहार्तन सहनु परेको प्रसङ्ग छ । उदाहरण 'ख' एच.एल. शर्मा जुन शिक्षित र पाश्चात्य रङ्गमा रमाउनेले आफ्नी धर्मपत्नीलाई अनेक तवरले दःख दिन्छ, उदाहरण 'घ' रविलालको उमेर पुग्दै जान्छ । उसको विवाहको लागि बधूको खोजी गरिन्छ । बधू अत्यन्त जण्ड, उश्रृङ्खल, उजण्ड स्वभावकी नारीसँग विवाह हुन्छ । उदाहरण 'ङ' पं. नेपालको मृत्यु हुन्छ, हैजाले सताएका शर्मा दान-दक्षिणा नगरी मृत्युका शिकार बन्न पुग्छन् । हविलाल पढ्ने समय, पाश्चात्य रहनसहन र पढाइ ठप्प हुन्छ । गृहस्थी जीवनमा बाँधिन पुग्छन् । पण्डित विच्छी अत्यन्तै लोभी र इर्श्यालु छन् । उनी अनेक बहाना गरेर धनसम्पत्ति आफ्नो हात पार्न लम्पट देखिन्छन् ।

### (आ) सङ्घर्षविकास

यस अवस्थालाई प्रथम सङ्कटावस्था पनि भनिन्छ । यस उपन्यासमा आठौं परिच्छेददेखि चौधौं परिच्छेदसम्मको चर्चा गरिएको छ । उदाहरण 'क' मा हविलालका

पिताको मृत्यु हुन्छ । यस अवस्थामा हविलाल पढ्न जाँदा पनि फर्केर आउन बाध्य छन् । घर परिवार व्यवहारमा हविलाल पर्दछन् । त्यसैगरी उदाहरण 'ख' मा बरालपुत्री ज्यादै जण्ड मिजासकी छे । उसको श्रीमान् (रविलाल) ले खराब बानी व्यवहार अँगाल्नाले परिवार बिथोलिन्छ । उदाहरण 'ग' मा हविलाल रूपमतीप्रति केही झुकाव राख्छन् भने बुहारीदेखि निकै खिन्न भएकी पण्डितनी बज्यै कान्छी बुहारीले उग्र व्यवहार गर्दा अझ जण्ड मिजासकी कान्छी बुहारी हुँदा रूपमतीतर्फ दया माया जागेर आयो । उदाहरण 'ङ' मा रूपमती बाबुआमाकी एक मात्र सन्तान वा छोरी थिइन् । पछि छोरीको समेत सन्तान नहुँदा निकै खिन्न बनेकी थिइन् रूपमतीकी आमा सन्तान हुने भएपछि निकै हर्षोल्लासपूर्ण वातावरण छाएको थियो । उदाहरण 'च' मा आएर हेर्दा बरालपुत्री भने रिसले वा डाहले मरेतुल्य भएकी थिइन् । हाम्रो समाजमा रहेका महिलाहरूको अर्काको कुरा गर्ने प्रवृत्तिलाई झल्काउन उदाहरण 'छ' प्रस्तुत गरिएको छ ।

## २. मध्य

यस उपन्यासको चौधौं परिच्छेददेखि अठारौँ परिच्छेदसम्म मध्य भाग तन्किएको छ । यस परिच्छेदलाई अन्य सङ्कटावस्था वा चरम विन्दुको रूपमा हेरिन्छ । उदारण 'क' मा आइपुग्दा एकै परिवारका सदस्यहरू छुटपुट भएर बस्न बाध्य छन् । रविलाल र बरालपुत्रीका दिनचर्या निकै कमजोर बनेर जान्छ । उदाहरण 'ख' मा आएर बरालपुत्री रूपमतीकी पुत्री पैदा भएको बेलामा डाह गर्ने अब चारवटी छोरीकी आमा बनेकी छिन् । उनले घर र माइतीको समेत सम्पत्तिको सिरिखुरी उडाएकी छिन् । त्यसै गरी उदाहरण 'ग' मा रविलाल ससुरालीको सम्पत्तिमा रहञ्जेल बरालपुत्रीसँग राम्रो सम्बन्ध कायम गर्दै ससुरालीको सम्पत्तिको गुलर्छ गर्न पछि पर्दैन भने उदाहरण 'घ' मा आइपुग्दा बरालपुत्रीको माइत जाने बाटो नै मेटिन्छ । अर्को उदाहरणमा छुटपुट भएपछि एच.एल. शर्माको जीवन सुदृढ बन्छ भने अर्कातिर रविलाल र बरालपुत्री दयनीय अवस्थामा पुग्दछन् । उदाहरण 'ङ' मा आइपुग्दा रविलाल र बरालपुत्रीबीचको सम्बन्ध अति नै दयनीय बन्छ । झगडा पर्छ । माइतसम्म जाने खण्ड पर्छ । भने उदाहरण 'छ' मा रविलाल ऋणमा डुब्छ साहू घरघरै आउँछन्, रविलाल घरको छिडींमा लुक्न बाध्य हुन्छ । अर्को उदाहरणमा पुग्दा मुसलमान, कसाई, पसले, काबुली आदिले बास नदिएको निहुँमा छिँडीमा दुःखको अवस्थामा रहेको पाइन्छ । यस्तो दयनीय अवस्थासम्म पुगेका छन् रविलाल भने बरालपुत्री चाहिँ माइततर्फ लागेकी छिन् । चार छोरी सहित कुम्लो कुटेरो बोकेर माइत लागेकी बरालपुत्री सधैं भरिया तथा काम गर्ने बाटामा लिन आउने गर्दथे भने अहिले सुनसान भएको त्यस घरमा पनि बुहारीले राम्रो मुखले बससम्म भनेकी छैनन् । एक रात दुःखले माइतमा बसेकी बरालपुत्री छोरी सहित आफ्ना झुत्रे-झाम्रे लुगा बोकेर सधैं घर फर्कंदा सम्पत्तिको पोको बोकेको आज मायाविना आँशुसहितले भिजेको उही पुरानो आफ्नै पोको बोकेर मितिनीको घर बालाजुमा शरण लिन पुगेको प्रसङ्गसँग जोडिन पुग्छ । उदाहरण 'ज' मा रविलाल घरको न घाटको बन्दै बिरामी अवस्थामा बाटामा पसारिन्छ । यसरी मध्यभाग अगाडि बढेर चरम विन्दुमा पुग्छ ।

## ३. अन्त्य

यस उपन्यासको उन्नाइसौं परिच्छेददेखि अन्तिम परिच्छेद वा बीसौं परिच्छेदसम्म कथावस्तु तन्किएर गएको छ । यसै अवस्थामा उपन्यासको पनि अन्त्य हुन्छ । यस भागमा उपकर्ष वा सङ्घर्षह्रास र उपसंहार गरेर चर्चा गरिन्छ । उदाहरण 'क' मा देवर देवरानीप्रति दया जागेर आउँछ । हुनत रूपमतीले दुःखमा परेको बेला साहूले सताएको बेला पैसा

लुकाइ- लुकाइ ऋण तिरेकी हुन् । उनी दानी, मनकारी, दयाकी खानी नारी हुन् अझ उनमा दया पलाएर आयो । उदाहरण 'ख' मा आफ्नो देवरलाई उपचार र मलमपट्टि गराउँछिन् । परिवारमा मेलमिलापको वातावरण निर्माण गर्दछिन् । उदाहरण 'ग' मा रविलाल र बरालपुत्रीमा आमा, दाजु-भाउजूप्रति कृतज्ञता जाग्नु र प्रायश्चित गर्नु जस्ता कुरा पर्दछन् भने उदाहरण 'छ' मा रूपमतीले आफ्नी देवरानी लगायत चारवटी छोरीलाई स्याहार गर्नु छोरीको विवाह गरिदिनु जस्ता प्रसङ्ग जोडिन्छन् भने बरालपुत्री रूपमतीको पाउ पर्नु जस्ता उपकर्ष अवस्थामा पुगेर विषयवस्तु उपसंहारको मोडमा पुग्छ ।

### ९. उपसंहार

रूपमतीले आफ्ना देवरदेवरानीलाई मधेशमा घरजम गराउँछिन् । घरको मेलमिलाप, रहनसहन, सुदृढ पार्छिन् । घर झगडा भएर इष्टमित्रको हाँसोको पात्र बनिसकेका नेपालको परिवारमा एकता छाएको छ । एकता, शान्ति, सुदृढ, सुख शान्ति, समृद्धि र मेलमिलापको वातावरण तयार भएपछि उपन्यासको अन्त्य हुन्छ ।

## ३.९ सारांश

उपन्यासकारले कुनै विशेष योजनाका दृष्टिले कुनै पनि कथालाई लिएर घटनाहरूलाई विशेष क्रमद्वारा राखेर तयार पारेको समग्र रूपलाई कथानक भनिन्छ । उपन्यासको आन्तरिक संरचनामा कथानक रहेको हुन्छ । कथानकलाई आदि, मध्य र अन्त्य गरी तीन भागमा विभाजन गरिएको छ ।  यो जम्मा २० परिच्छेद र ११५ पृष्ठमा संरचित लघु आकारको उपन्यास हो । यसमा एक परिच्छेददेखि चौधौं परिच्छेदसम्म आदिखण्ड, चौधौंदेखि अठारौंसम्म मध्यखण्ड पर्दछ भने उन्नाइसौं र बीसौं परिच्छेद अन्त्य खण्ड पर्दछ ।

कथानक विकासक्रमलाई हेर्दा सबभन्दा भरपर्दो र प्रचलित पद्धति प्रसिद्ध जर्मन समालोचक गुस्ताभ फ्रेटागलाई लिइन्छ । फ्रेटागको पिरामिडको जम्मा पाँच अवस्था (आरम्भ वा चिनारी, सङ्घर्ष विकास, चरम, सङ्घर्षह्रास, उपसंहार) मा विभाजन गरेको र सोहीअनुसार उपन्यासको अध्ययन गरिएको छ । यसरी उपन्यासलाई सरसर्ती हेर्दा पण्डित छविलालका दुई छोरा र दुई बुहारीहरूको पारिवारिक झैं-झगडालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । प्रमुख पात्र रूपमती रहेको उपन्यासमा प्रमुख पात्रकै सेरोफेरोमा घुमेको र सामाजिक यथार्थ पक्षलाई समेटेर रूपमतीको आदर्श प्रस्तुत गरिएको छ । यो उपन्यास कथानकका दृष्टिले हेर्दा सबल देखिन्छ ।

# चौथो परिच्छेद
# चरित्रका आधारमा 'रूपमती' उपन्यास

## ४.१ परिचय

कुनै पनि कृतिको विश्लेषण गर्ने आधारहरूमध्ये चरित्र-चित्रणलाई प्रमुख आधारहरू मध्ये एक मानिन्छ । त्यसैले 'रूपमती' उपन्यासको शैली वैज्ञानिक ढङ्ग वा पद्धतिअनुसार विश्लेषण गर्ने क्रममा यस परिच्छेदमा चरित्र, चरित्र वर्गीकरणको आधार, 'रूपमती' उपन्यासमा प्रयुक्त पात्रहरू, चरित्रको वर्गीकरण तालिका र व्याख्या विश्लेषण समेत गर्ने जमर्को गरिएको छ ।

'रूपमती' नेपाली समाजको पारिवारिक समस्यामा आधारित उपन्यास हो । यसमा विशेषतः विवाहित नारीले बुहारी भएपछि भोग्नुपर्ने पारिवारिक समस्या र त्यसको समाधानको उपाय निरूपण गरिएको छ । यसका लागि मूल विषय वस्तुका आधारमा रूपमतीको जीवनकथा ल्याइएको छ । रूपमतीको जन्मदेखि लिएर विवाहित भई व्यहोरेका बुहार्तनका जटिल समस्याहरूलाई यहाँ क्रमिक रूपमा सबिस्तार प्रस्तुत गर्दै अन्ततः संयोगमूलक आदर्शवादी समाधान गर्न खोजिएको छ । रूपमतीको चरित्र नै यसको कथ्य बनेको छ ।

उपन्यासको आरम्भ रूपमतीले १३ वर्षको उमेरमा बुहार्तन व्यहोर्दै गरेको अवस्थाबाट भएको छ । त्यसपूर्वको रूपमतीको कथा पूर्वदीप्तिका माध्यमबाट व्यक्त गरिएको छ । १३ वर्ष पछि कति समयसम्मको कथावस्तु उपन्यासमा आएको छ भन्ने बारेमा स्पष्ट किटान त छैन तर उपन्यासमा घटित विभिन्न घटना-प्रसङ्गहरूबाट अनुमान गर्न सकिन्छ । रूपमतीले १३ वर्षमा बुहार्तन व्यहोर्न लाग्दा उसको देवर रविलाल आमासँग लाडिएर हिँड्ने, विभिन्न उपद्रो गरी भाउजूलाई पिरोल्ने, आमाद्वारा पिटाउने परपीडक दुष्ट बालक थियो । पछि त्यसैका चारओटी छोरी भई चार वटीको विवाहसमेत भएको प्रसङ्ग उपन्यासको अन्त्यमा देखापरेको छ । यसबाट तेह्र वर्षपछि थोरैमा पनि रूपमती तीस/पैंतीस वर्षसम्म हुँदा उसका जीवनसँग सम्बद्ध महत्त्वपूर्ण घटना प्रसङ्ग र चरित्रहरू उपन्यासको कथावस्तुमा समावेश गरिएको थाहा हुन्छ । ७ × ५" आकारको जम्मा १३१ पृष्ठको यस उपन्यासमा ६४ स्त्री र ८५ पुरुष पात्रको प्रयोग गरिएको पाइन्छ । यति धेरै पात्रहरूमध्ये सबैको उपन्यासमा निजीचारित्रिक पहिचान दिन सम्भव देखिँदैन र यहाँ दिएको पनि छैन । आफ्नो विशेष पहिचान या छाप छाडेका पात्र सीमित छन् । यस्ता पात्रहरूमा पनि एक आपसमा विरोधी प्रवृत्ति भएका नै बढी देखिन्छन् । विरोधको चाप सबैभन्दा बढी रूपमतीमा केन्द्रित छ । बरालपुत्री, रविलाल, हविलाल, पण्डितनी बज्यै प्रत्यक्ष रूपमा रूपमतीका विरोधी देखिएका छन् । प्रत्यक्ष विरोधीमा अरूका अपेक्षामा बरालपुत्री नै बढो टड्कारो भएर देखिएकी छे ।

## ४.२ 'रूपमती' उपन्यासमा प्रयोग गरिएका पात्रहरू

उपन्यासको कथावस्तुलाई अगाडि बढाउने काम पात्रले गर्दछ । पात्र नारी वा पुरुष वा नारी, पुरुष दुवै हुन सक्छन् । यहाँ 'रूपमती' उपन्यासमा संलग्न पात्रहरूको नाम र प्रथम प्रवेश पृष्ठ उल्लेख गरिएको छ ।

| क्र.सं. | पात्रको नाम | प्रथम प्रवेश पृ. |
|---|---|---|
| १ | रूपमती | १ |
| २ | बरालपुत्री | २ |
| ३ | पण्डितनी बज्यै | १ |
| ४ | लुइटेल्नी बज्यै | १० |
| ५ | बराल्नी बज्यै | १ |
| ६ | चमेली | ५१ |
| ७ | बाटुली | ४० |
| ८ | नरहरिकी कान्छी आमा | ३ |
| ९ | कप्तान्नी बज्यै | ४ |
| १० | रामेकी आमा | ४ |
| ११ | कर्णेल्नी बज्यै | ४ |
| १२ | धाई बूढी | ६ |
| १३ | सन्तेकी बहिनी | २० |
| १४ | नानीचा | २० |
| १५ | दहाल्नी बज्यै | ३३ |
| १६ | जितेकी आमा | ३३ |
| १७ | नन्दुकी आमा | ३६ |
| १८ | घर्तेनी बूढी | ३६ |
| १९ | दुलही बज्यै | ३६ |
| २० | जेठी सासू | ३८ |
| २१ | हरिवदन | ३९ |
| २२ | जयन्ती | ३९ |
| २३ | पाठकनी नानी | ४५ |
| २४ | चाकर पुत्री | ७४ |
| २५ | पण्डितनीकी देवरानी | ७४ |
| २६ | खुत्ते अर्ज्यालीकी बहिनी | ७५ |
| २७ | चुच्चे पण्डितकी छोरी | ७५ |
| २८ | गुइठेकी साली | ७५ |
| २९ | गजधुम्मेकी जेठी सासू | ७५ |
| ३० | चादेकी बज्यै | ७५ |
| ३१ | चट्टूपत्नी | ९३ |
| ३२ | गम्फेकी साली | ९४ |
| ३३ | बच्चेकी भाइबुहारी | ९६ |
| ३४ | जेठी छोरी (बरालपुत्रीकी) | ९७ |
| ३५ | माहिली छोरी (बरालपुत्रीकी) | ९७ |
| ३६ | साहिँली छोरी (बरालपुत्रीकी) | ९७ |
| ३७ | कान्छी छोरी (बरालपुत्रीकी) | ९५ |
| ३८ | कजिनी | १०१ |
| ३९ | मधुवनकी कान्छी बुहारी | ११० |

| | | |
|---|---|---|
| ४० | लालपरी | १११ |
| ४१ | बूढी माई | १२५ |
| ४२ | चित्रवीर थापाकी मुखेनी | १२८ |
| ४३ | छट्की बाहुनी | १२९ |

**नेपथ्य/उपन्यासमा प्रत्यक्ष नदेखिएका गौण पात्रहरू**

| क्र.सं. | पात्रको नाम | प्रथम प्रवेश पृ. |
|---|---|---|
| १ | नरहरिकी बुहारी | ३ |
| २ | रानीसाहेब | द्ध |
| ३ | रामेकी बाहुनी | द्ध |
| ४ | पण्डितनी बज्यैकी आमाज्यू | द्घ |
| ५ | पण्डितनीकी देवरानीकी बुहारीहरू | द्घ |
| ६ | भैमाल काफ्लेकी छोरी | द्ड |
| ७ | पुरोहितनी बज्यै | घछ |
| ८ | मुसे प्याकुरेलकी छोरी | द्धछ |
| ९ | भन्ज्याङ पनेरुकी छोरी | छज्ञ |
| १० | शुशुपालकी छोरी | छज्ञ |
| ११ | रूपमतीकी कान्छा ससूराकी छोरी/नन्द | छढ |
| १२ | नौली | टद्द |
| १३ | सिटौलाका छोरीहरू | ठट |
| १४ | बरालपुत्रीका कान्छाबाकी छोरीकी सासू | डज्ञ |
| १५ | मिसिनी | ढठ |
| १६ | सुडेनी | ढठ |
| १७ | चाकर्नी | ढठ |
| १८ | बाहुनी | ढठ |
| १९ | मधुवनका बुहारीहरू | ढढ |
| २० | अधबैंसे नर्तकी | ज्ञण्घ |
| २१ | मितिनी | ज्ञद्दट आदि |

**नेपथ्य/उपन्यासमा प्रत्यक्ष देखिएका पात्रहरू**

| क्र.सं. | पात्रको नाम | प्रथम प्रवेश पृ. |
|---|---|---|
| १ | हविलाल नेपाल | ज्ञद्ध |
| २ | रबिलाल नेपाल | ट |
| ३ | पं. छविलाल नेपाल | द्द |
| ४ | पं. मोहनप्रसाद लुइटेल | ज्ञण |
| ५ | मधुवन बराल | द्दद्द |
| ६ | रासविहारी | ठछ |
| ७ | बिच्छि | घठ |
| ८ | शशुपाल बराल | द्दद्द |
| ९ | काबुली | छढ |
| १० | खसीवाला मुसलमान | ज्ञण्ट |

| | | |
|---|---|---|
| ११ | रिकडवाला मुसलमान | ज्ञज्ञद्द |
| १२ | हविलालको अदालती मित्र | ढड |
| १३ | बाट्ुलीको बाबु | ढड |
| १४ | रेवती | ट |
| १५ | कर्णेलसाहेब | ज्ञढ |
| १६ | मास्टर प्यारेमोहन सक्सेना | ज्ञढ |
| १७ | राधेश्याम | ज्ञछ |
| १८ | पं. जीवनहरि | ज्ञठ |
| १९ | सुवेदार बूढा | ज्ञड |
| २० | पुरेत बाजे | घद्द |
| २१ | बाबुचा | घद्द |
| २२ | छट्टु | |
| २३ | पशुपतिका महात्मा | टट |
| २४ | बागबीरे | ठण |
| २५ | रूपमतीको छोरो | डछ |
| २६ | चट्टू नेपाल | ढघ |
| २७ | त्रिलोचन बराल (मधुवनको कान्छो छोरो) | ज्ञण्ण |
| २८ | त्रिलोचनको छोरो | ज्ञण्ण |
| २९ | डोके रामहरू | ज्ञण्ढ |
| ३० | गङ्गेका छोरा | ज्ञण्ढ |
| ३१ | मधुवनका छोराहरू | ज्ञण्ढ |
| ३२ | मुसलमानका साथीहरू | ज्ञज्ञद्द |
| ३३ | साहू | ज्ञज्ञढ |
| ३४ | सिपाइहरू | ज्ञज्ञठ |

**नेपथ्य/उपन्यासमा प्रत्यक्ष नदेखिएका गौण पात्र**

| क्र.सं. | पात्रको नाम | प्रथम प्रवेश पृ. |
|---|---|---|
| १ | वासुकीका ब्रह्मचारी | ज्ञज्ञ |
| २ | पं. विरूपाक्ष शास्त्री | ज्ञद्द |
| ३ | प्रोफेसर | ज्ञछ |
| ४ | विद्यार्थी | ज्ञछ |
| ५ | रघुपतिको छोरो | द्दछ |
| ६ | डाक्टर | द्दढ |
| ७ | वैद्य | द्दढ |
| ८ | दहाल्नीको लोग्ने | घढ |
| ९ | दहाल्नीको कान्छो छोरो | घढ |
| १० | दहाल्नीको जेठो छोरो | घढ |
| ११ | जिते | घढ |
| १२ | छविलालका कान्छा बाको छोरो | घट |
| १३ | जुलुम ब. कप्तान | घड |
| १४ | गोठालाहरू | घढ |

| | | |
|---|---|---|
| १५ | कुप्रे ज्योतिषी | द्धछ |
| १६ | मुसे प्याकुरेल | द्धछ |
| १७ | रामु | द्धछ |
| १८ | रामुको छोरो | द्धछ |
| १९ | चेते | द्धट |
| २० | धनमाने | द्धट |
| २१ | मिखाचा | द्धट |
| २२ | बीरे | द्धढ |
| २३ | दले | द्धढ |
| २४ | कुसिवा | द्धढ |
| २५ | सुकुचा | द्धढ |
| २६ | नेवार | छ्ण |
| २७ | मधुवनको जेठो दाजु | छ्ण |
| २८ | छट्टूमल माडवाडी | छ्ढ |
| २९ | नयाँ नोकरचाकर | टद्द |
| ३० | तिवारी कान्छा | ठज्ञ |
| ३१ | हाकिमहरू | ठज्ञ |
| ३२ | सिटौला बाजे | ठट |
| ३३ | पाँडे खरदार | ठट |
| ३४ | बरालपुत्रीको कान्छाबाकी छोरीको दुलाहा | डज्ञ |
| ३५ | किरिमिरी सुब्बा | डज्ञ |
| ३६ | किरिमिरी सुब्बाको छोरो | डज्ञ |
| ३७ | पुरेत | डज्ञ |
| ३८ | लम्फेकी सालीको लोग्ने | ढछ |
| ३९ | मास्टरसाहेब | ढठ |
| ४० | मिठाईपसले | ज्ञण्ण |
| ४१ | फलफूलवाला | ज्ञण्ण |
| ४२ | बगरे | ज्ञण्ण |
| ४३ | कुसिचा | ज्ञण्द्द |
| ४४ | स्याखू | ज्ञण्द्द |
| ४५ | भिल्के | ज्ञण्द्द |
| ४६ | धनमाने | ज्ञण्द्द |
| ४७ | भान्से बाहुन | ज्ञण्द्द |
| ४८ | गङ्गाराम | ज्ञण्घ |
| ४९ | ब्रह्माचा | ज्ञण्घ |
| ५० | सिद्ध | ज्ञण्घ |
| ५१ | महाकाजी | ज्ञण्घ आदि |

स्रोतः समकालीन साहित्य, पूर्णाङ्क ३३, पृष्ठ १५६-१५८ ।

## ४.३ चरित्र चित्रणका विभिन्न आधार

### चरित्र

परिचयः- आख्यानमा पाइने व्यक्ति पात्र हो । उपन्यास आख्यानात्मक साहित्य हो । यसमा दृश्य र अदृश्य गरी विभिन्न पात्रहरू पाइन्छन् । उपन्यासमा चयन गरिएका अनेकौँ स्वभावले युक्त नैतिक र अभिबृत्तीय गुण, ढङ्ग भएका व्यक्तिलाई प्रस्तुत गर्ने ढङ्गलाई चरित्र चित्रण भनिन्छ । चरित्र चित्रण गर्ने विभन्नि पद्धति तथा तरिका भए पनि व्यक्ति वा पात्रको वस्तुगत वर्गीकरणका लागि काव्यशास्त्र, भाषाविज्ञान, पूर्वीय तथा पाश्चात्य मान्यतालाई पालना गर्दै चरित्र चित्रण गरिन्छ । चरित्र चित्रण गर्ने आधारहरू लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आवद्धता मुख्य पर्दछन् ।

## ४.४ चरित्र चित्रणका वर्गीकरणको आधार

### १. लिङ्ग

स्त्री र पुरुष छुट्याउने प्राणीका शरीरको चिन्ह कुनै कुराको पहिचान हुने चिन्ह वा निशान; लक्षण (नेपाली बृहत शब्दकोश, २०५९: १११२) । लिङ्ग उपन्यासमा प्रयुक्त पात्रहरूको शारीरिक जात छुट्याउने आधारलाई बुझिन्छ । लिङ्ग खासगरी उपन्यासमा प्रयोग गर्ने पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गका पाइन्छन् । लिङ्गको आधारमा नै उपन्यासमा प्रयुक्त नायक (पुरुष), नायिका (स्त्री), खलनायक वा खलनायिका तथा सहनायक वा सहनायिका छुट्टिन्छन् । लिङ्ग छुट्याउने आधार बाह्यस्वभाव, वर्णन, नामकरण र तिनीहरूका लागि प्रयुक्त क्रियाकलापबाट पनि छुट्याउने गरिन्छ ।

### २. कार्य

उपन्यासमा प्रयोग गर्ने पात्रहरू के कति प्रयोग गर्ने र के कस्ता कार्यमा संलग्नता गराउने भन्ने उपन्यासको प्रवृत्तिमा भर पर्छ ।सबै पात्र सबै कार्यका निम्ति समान महत्त्वका हुँदैनन् । कार्यका आधारमा पात्रलाई प्रमुख, सहायक र गौण गरी तीन वर्गमा विभाजन गरी चर्चा गरिन्छ । सबभन्दा बढी क्रियाशील पात्रलाई प्रमुख पात्र भनिन्छ । प्रमुख पात्रको भूमिका उपन्यासको सुरुदेखि अन्त्यसम्म हुन्छ । प्रमुख पात्रभन्दा कम महत्त्वको वा कम भूमिका निर्वाह गर्ने पात्र सहायक पात्रका नामले चिनिन्छ भने अझ कम योगदान दिने वा कम महत्त्व भएको पात्रको नाम गौण पात्र भनेर चिनिन्छ । सहायक पात्र कम पुनरावृत्ति हुन्छ भने गौण पात्रहरू आवश्यकतानुसार बीच बीचमा देखा परेर हराएर जान्छन् ।

### ३. प्रवृत्ति

ना. (सं.) कुनै कार्य, लक्ष्य, वस्तु वा लततिरको मानसिक झुकाव, चालचलन आचारविचार, आनिबानी (नेपाली बृहत् शब्दकोश, २०५९: ८३२) । उपन्यासमा प्रयुक्त पात्रहरूलाई प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल गरी दुई वर्गमा विभाजन गरिन्छ । अनुकूल पात्र-सामाजिक मूल्य मान्यता र उपन्यासकारको उद्देश्य अनुरूप चल्ने पात्रहरू हुन् । यो पात्रको लागि सकारात्मक भाव भएका शब्दहरूको बढी प्रयोग पाइन्छ । त्यसैगरी ठीक विपरित लक्षण भएका पात्रलाई प्रतिकूल पात्रको रूपमा हेरिन्छ । यो पात्रको लागि नकारात्मक भाव भएका शब्दको चयन गरिएको पाइन्छ । पात्रहरूको प्रवृत्तिअनुसारका

शब्दहरू प्रयोग गरी सकारात्मक वा नकारात्मक भाषिक एकाइहरूलाई बटुलेर प्रवृत्तिका आधारमा पात्रहरूलाई अनुकूल र प्रतिकूल वर्गमा विभाजन गरिन्छ । जो प्रतिकूल पात्रको प्रमुख वा सहायक भूमिका निर्वाह गर्छ त्यस्ता पुरुष पात्रलाई खलनायक र स्त्री पात्रलाई खलनायिका भनिन्छ ।

### ४. स्वभाव

स्वभाव भन्नाले आनीबानीलाई बुझाउँदछ । उपन्यासका प्रयुक्त पात्रहरूमध्येका कुनै पात्रहरू समय, परिवेश परिस्थिति आवश्यकता हेरी बदलिने स्वभावका हुन्छन् त कतिपय छिन् छिन्मा नबदलिकन दृढ रूपमा वा अटल भएर रहने स्वभावका पात्र पाइन्छन् । यसैको आधारमा उपन्यासका पात्रलाई गतिशील र गतिहीन दुई वर्गमा विभाजन गरी अध्ययन गरिन्छ । जुन पात्र परिस्थितिअनुसार बदलिन्छन् ती पात्र गतिशील पात्रको नामकरणले चिनिन्छन् जुन एक निश्चित गतिमा रहन्छ वा नबदलिकन स्थिर रहन्छ, त्यस्तो पात्रलाई गतिहीन पात्रको संज्ञा दिइन्छ । गतिशील वर्गका पात्रहरू क्रमागत शब्दसमूहहरूद्वारा सजिसजाऊ हुन्छन् । भने गतिहीन वर्गका पात्रहरू वर्णात्मक हुन्छन् । अर्थात नयाँ-नयाँ रूप वा मोडअनुसार बदलिने र नबदलिने क्रमशः गतिशील र गतिहीन पात्रहरू हुन् ।

### ५. जीवन चेतना

उपन्यासमा प्रयुक्त पात्रहरू मध्ये कुनैले सामाजिक वर्गको प्रतिनिधित्व गर्दछ भने कसैले व्यक्तिगत पात्रको मात्र प्रतिनिधित्व गरेको हुन्छ । उपन्यासका पात्रहरूलाई जीवन चेतनाका आधारमा हेर्दा वर्गगत र व्यक्तिगत पात्रहरू पाइन्छन् । पात्रहरूको कार्यका आधारमा अझै फरक देखिन्छन् ।

### ६. आसन्नता

उपन्यासमा के कसरी पात्रहरू उपस्थित रहेका छन् सोही आधार लिएर पात्रहरू हेर्दा मञ्चीय र नेपथ्य पात्र गरी विभाजन गरिएको छ । उपन्यासमा प्रत्यक्ष रूपमा देखापर्ने, कार्य गर्ने वा कथानकलाई तन्काउने पात्रलाई मञ्चीय पात्र भनिन्छ । नेपथ्यमा रहने मञ्चमा देखानपर्ने तर कथानकको गतिशीलतालाई चर्चा भने गर्ने पात्रलाई नेपथ्य पात्रको संज्ञा दिइन्छ । उपन्यासलाई गति प्रदान गर्न मञ्चीय पात्रले बढी भूमिका निर्वाह गरेको पाइन्छ । नेपथ्य पात्रको भूमिका न्यून रहेको हुन्छ । तर उपन्यासमा मञ्चीय पात्रका साथसाथै नेपथ्य पात्रको समेत आवश्यक भने परेका पाइन्छ ।

### ७. आबद्धता

उपन्यासको कथानक र पात्रको तालमेललाई आवद्धता भनिन्छ । यस दृष्टिले हेर्दा पात्रहरूलाई बद्ध र मुक्त पात्र गरी दुई वर्गमा विभाजन गरिन्छ । बद्ध पात्रको बढी भूमिका रहेको पाइन्छ । बद्धको सहायताले उपन्यास सार्थक वा उद्देश्य प्राप्तितर्फ लम्कन्छ भने मुक्त पात्रले उपन्यासलाई खासै प्रभाव पार्न सक्तैन । अर्थात् उपन्यासबाट हटाउँदा प्रत्यक्ष असर पर्न जान्छ भने बद्ध पात्र र हटाउँदा पनि खासै प्रभाव पार्दैन भने त्यस्ता पात्र मुक्त पात्र हुन् । अर्थात् संरचना नै खलबलिने पात्र बद्ध र संरचनामा धक्का नपार्ने पात्र मुक्त पात्र हुन्छन् ।

उपर्युक्त तथ्यका आधारमा रूपमती उपन्यासका पात्रहरू सहितको सूची निम्नानुसार प्रस्तुत गरिएको छ–

**तालिका नं. ५**
**चरित्र वर्गीकरण**

| | | |
|---|---|---|
| १. लिङ्ग | पुलिङ्ग | हविलाल |
| | स्त्रीलिङ्ग | रूपमती |
| २. कार्य | प्रमुख | हविलाल र रूपमती |
| | सहायक | रविलाल, बरालपुत्री आदि |
| | गौण | बाटुली, दहाल्नीबज्यै |
| ३. प्रवृत्ति | अनुकूल | हविलाल, रूपमती, छविलाल |
| | प्रतिकूल | रविलाल, बरालपुत्री |
| ४. स्वभाव | गतिशील | छविलाल |
| | गतिहीन | रूपमती, रविलाल, बरालपुत्री (सबै) |
| ५. जीवन चेतना | वर्गगत | हविलाल, रविलाल, रूपमती |
| | व्यक्तिगत | बाटुली, काबुली....आदि |
| ६. आसन्नता | नेपथ्य | नरहरिकी बुहारी |
| | मञ्चीय | रूपमती, हविलाल.... आदि । |
| ७. आवद्धता | बद्ध | रूपमती, हविलाल |
| | मुक्त | रासविहारी, धाईबूढी |

## ४.५ चरित्रहरूको तालिका

**तालिका नं. ६**
**चरित्र चित्रण**

| **समग्रमा यस उपन्यासका प्रमुख,सहायक एवं केही गौण पात्रहरूको चरित्रलाई तालिकामा देखाइएको ६ ।** | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारहरू | | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आवद्धता | |
| क्र.स. | पात्रहरू | पु | स्त्री | मुख्य | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | व्यक्तिगत | वर्गीय | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| ज्ञ | हवीलाल | □ | – | + | – | – | □ | – | □ | – | – | □ | + | – | □ | – |
| द्द | रूपमती | – | □ | + | – | – | □ | – | – | □ | – | □ | + | – | □ | – |
| घ | रविलाल | □ | – | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – |
| द्ध | वरालपुत्री | – | □ | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – |
| छ | पण्डितनी बज्यै | – | □ | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – |
| ट | छविलाल नेपाल | □ | – | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – |
| ठ | मोहन प्रसाद लुइटेल | □ | – | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – |
| ड | लुइटेलनी बज्यै | – | □ | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – |
| ढ | मधुवन वराल | □ | – | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – |
| ज्ञण | वरालनी बज्यै | – | □ | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – |
| ज्ञज्ञ | वाटुली | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – | – | □ |
| ज्ञद्द | धाईबुढी | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – | – | – |
| ज्ञघ | दहालनी बज्यै | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – | – | □ |
| ज्ञद्ध | काबुली | – | □ | – | □ | – | □ | – | – | □ | + | – | □ | – | – | □ |
| ज्ञछ | रसविहारी | – | □ | – | □ | – | □ | – | – | □ | + | – | □ | – | – | □ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्ञट | चमेली | – | □ | – | □ | – | | + | – | □ | – | – | □ | – | – | □ |
| ज्ञठ | नरहरिकी कान्छी आमा | – | □ | – | □ | – | □ | – | – | □ | – | □ | + | – | – | □ |
| ज्ञड | कप्तान्नी बज्यै | – | □ | – | □ | – | – | □ | – | □ | – | □ | + | – | □ | – |
| ज्ञढ | सन्तेकी बहिनी | – | □ | – | □ | – | – | □ | – | □ | + | – | □ | – | □ | – |
| द्दण | नानीचा | – | □ | – | □ | – | – | □ | – | □ | · | – | □ | – | – | – |
| द्दज्ञ | जितेकी आमा | – | □ | – | □ | – | – | □ | – | □ | · | – | □ | – | – | – |
| द्दद्द | नन्दुकी आमा | – | □ | – | □ | – | □ | – | – | □ | · | – | □ | – | – | – |
| द्दघ | घरतेनी बुढी | – | □ | – | □ | – | – | □ | – | □ | + | – | □ | – | □ | – |
| द्दद्ध | जेठी सासु | – | □ | – | □ | – | □ | – | – | □ | + | – | □ | – | – | + |
| द्दछ | हरिवदन | □ | – | – | □ | – | □ | – | – | □ | + | – | □ | – | □ | – |
| द्दट | जयन्ती | – | □ | – | □ | – | □ | – | □ | + | + | – | □ | – | □ | – |
| द्दठ | चाकरपुत्री | – | □ | – | □ | – | □ | – | □ | + | – | □ | □ | – | □ | – |
| द्दड | गुइठेकी साली | – | □ | – | □ | + | + | – | □ | + | – | □ | □ | – | □ | – |
| द्दढ | चटुपत्नी | – | □ | – | □ | – | □ | – | □ | + | – | □ | – | – | – | □ |

## ४.६ चरित्रहरूको तालिकाको व्याख्या विश्लेषण

### १. हविलाल शर्मा

रूपमती उपन्यासको प्रमुख, पुरुष पात्र नेपाल परिवारमा जन्मिएको जेठो सुपुत्र हविलाल संस्कृत र अङ्ग्रेजी दुवै विधामा पोख्त देखिन्छ । यस उपन्यासमा उसलाई एच.एल. शर्माका नामले चिनिन्छ । विवाहित पात्र, शहरमा बसोबास गर्ने, शिक्षित भएर पनि रूपमती नारीलाई ऊ ग्वाँगर ठान्ने, घृणा र तिरष्कारको भावनाले हेर्ने गर्दछ । हविलाल नेपाली समाजको विरुद्धमा लाग्ने पात्र हो । यसलाई पुष्टि गर्ने कुरा आमाले दास्रो विवाह गर्ने सल्लाह दिँदा पनि ऊ मान्दैन । ऊ एक आदर्श पात्र हो । उसले धन सम्पत्ति सखाप पार्ने आफ्नो भाइलाई आफ्नो जग्गा दिएर पुनः बन्दोबस्त मिलाइदिने हुनाले ऊ आदर्श पात्र सावित हुन्छ । भाइ बुहारीले दुर्वाच्य बोल्दा पनि त्यति पीर नमानी भाइबैनीले जे पनि भन्न सक्ने र रहने पक्षको पात्र उपन्यासमा देखापरेको छ । उ एक दयालु पात्र हो भन्न सकिन्छ । प्रारम्भमा रूपमतीलाई हेला गर्छ तर आफ्नो जिम्मेवारीपूर्वक काम गर्न माया ममता जगाउँछ । रूपमतीको पतिभक्त, सुन्दर रूप, शीलस्वभाव, आदर्श चरित्रदेखि अति नै सन्तुष्टि देखिन्छ ।

उपन्यासको सुरुदेखि (पृष्ठ १४) देखा परेर विषयवस्तुसँग आबद्ध भएको पुरुष पात्र, उपन्यासको मुख्य भूमिका निर्वाह गर्ने मुख्य पात्र, सामाजिक मान्यता र उपन्यास उद्देश्यसँग प्रत्यक्ष सरोकार राख्ने, तसर्थ ऊ अनुकूल पात्र, बदलिंदो परिस्थिति अनुरूप बदलिने स्वाभाव भएको गतिशील पात्र, जीवन चेतनाका दृष्टिले वर्गीय पात्र, आसन्नका दृष्टिले मञ्चीय पात्र, आबद्धका दृष्टिले हेर्दा बद्ध पात्रका रूपमा रहेको छ । किनकि उसलाई हटाउने हो भने उपन्यासनै खलबलिन्छ ।

### २. रूपमती

प्रथम पृष्ठदेखि अन्त्य सम्म दोहोरिरहने मधुवन पण्डित मोहन प्रसाद लुइटेल एकमात्र छोरी 'रूपमती' उसलाई ७२ महिनामा नै घर पठाएकी, घर व्यवहार इष्टमित्रप्रति अति नै सदभाव भएकी नारी पात्र हो । काठमाडौँको धोविधारमा ब्राह्मण परिवारमा जन्म लिन पुगेकी हविलालकी श्रीमतीले चिनिने पात्र, सामान्य अनौपचारीक शिक्षा लिएकी व्यवहारिक ज्ञान भएकी पात्र हो । अति रूपवती, शीलस्वभावले भरिपूर्ण भएकी छ । उसमा एक नारीमा हुनुपर्ने सम्पूर्ण गुणहरू पाइन्छन् अर्थात ३२ गुणले युक्त भएकी नारी पात्र हो । उनी आदर्श हिन्दू नारी, आर्दश छोरी, आर्दश बुहारी, आर्दश भाउजू, आर्दश गृहिणी, सामाजिक मानमर्यादाका पालना, घरपरिवार, छरछिमेक प्रत्येक कुरामाथि धैर्य सहनशीलता, राख्ने समाजकी नमूना पात्रका रूपमा रहेकी छिन् । पाश्चात्य शैली रङ्गमा रमाउने हविलाललाई समेत मायाममता बन्धनमा राख्न सफल भएकी छिन् । ससुराको मृत्युपछि घरको जिम्मेवारी काम आउँदा पनि नअतालिकन कार्यमा संलग्न भएकी छिन् । देवर देवरानीले अनेक लान्छाना लगाए पनि शान्त स्वाभावले आफ्नो काम कर्तव्यप्रति तल्लीन रहने देखिन्छिन् । अनेक तवरले सताइएकी भए पनि दाजुभाइको सम्बन्धप्रति सधैं चिन्तित रहने रूपमती देवरलाई छिंडीमा थुन्दा रिनले टुप्पि डुबेका बेलामा रिन तिरिदिने अति नम्र र परिवारप्रति सधै जिम्मेवारीपूर्ण व्यवहार गर्ने पात्रका रूपमा देखिन्छिन् । उनी एक आदर्श नारी, आदर्श भाउजू तथा आर्दश जेठानीको भूमिका निभाउन अति नै सक्षम रहेकी छिन् । सधै हेलित भएर बस्न बाध्य भएकी पात्र सासू, देवर, देवरानी तथा आफ्नै पतिबाट पनि अपहेलित बने पनि बैगुनीलाई गुणले मार्नुपर्ने कुरामा विश्वास राख्छिन् ।

रूपमती शहनशीलता नै मूल चारित्रिक विशेषता अँगालेकी पात्र हुन् । यही गुणले गर्दा उनलाई परिवार तथा समाजको एक आदर्श चरित्रको सीमासम्म पुग्ने शक्ति प्रदान समेत गरेको देखिन्छ ।

उपन्यासको शुरुदेखि अन्त्य सम्म अत्यन्तै महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पात्र भएकीले उनी एक मुख्य पात्रका नामले चिनिन्छिन् । प्रकृतिका दृष्टिले उनलाई अनुकूल पात्रका रूपमा लिइन्छ । उनमा अनेक सामाजिक मूल्य मान्यताहरू देखापर्छन् । उपन्यासको उद्देश्य तर्फ सदा क्रियाशील भएकी पात्रका रूपमा उनीलाई अनुकूल पात्र भनेर चिनिन्छ । उनमा स्थितिअनुरूप बदलिन सक्ने गुण पाइन्छ तसर्थ उनी गतिशील पात्र हुन् । समाजलाई बदलिदिने पात्र हुन् तसर्थ उनलाई वर्गीय पात्रअनुसार राखिन्छ । आसन्नता र आवद्धताका दृष्टिले उनी क्रमशः मञ्चीय बद्ध पात्र हुन् ।

**३. रविलाल**

घर परिवार मिलेर वस्न नसक्ने जोइटिङ्ग्रे खलनायक तथा सहायक पात्रका रूपमा रहने रविलाल पुरुष पात्र हो । छविलाल र पण्डितनी वज्यैको कान्छो छोरो रविलाल अति नै पुलपुलिएको छ । ऊ एक पटक मूर्ख व्यक्तिका रूपमा चिनिन्छ । कक्षामा पढनु भन्दा गफ र डुल्न अनेक कुरा खाएर कुलत र कुसङ्गतमा लागेर बिग्रिएको छ । ऊ मान मर्यादा, कर्तव्य र चरित्रताबाट पथभ्रष्ट भएको परिवार पिराहा, परिवारको कलङ्कको रूपमा रहेको छ । बरालपुत्रीसँग वैवाहिक सम्बन्धले जेलिए पनि जाँड-रक्सी गाँजाखाने, चोरीडकैतीमा ध्यान दिने, जुवातास खेल्ने, परस्त्रीसँगका दुर्व्यवहार गर्ने, शिक्षाका क्षेत्रमा भने स्वाँठ, टोलटोलमा दादागिरी गरेर हिड्ने यस्ता कुचरित्र भएको पात्र हो । ऊ बरालिएका युवाहरूको नेता बनेर हिँड्ने एक वर्गीय पात्रको प्रतिनिधित्व गर्दछ ।

रविलाल गुण्डागर्दी गर्ने फटाहा व्यक्तिको नामले चिनिनुका साथ-साथै उसले घरको सम्पत्ति समेत सखाप पारेको छ । आफ्नो सुसुरालीलाई समेत रुख्याउने रविलाल भ्रष्ट पात्रको रूपमा चिनिन्छ । आफ्नो घरमा छोरा छोरीको व्यवस्था मिलाउन नसक्ने तर हुल्लड वाजीलाई खुवाउने तथा युवतीहरूलाई नृत्य गर्न लगाएर रमिता हेर्ने जस्ता असभ्य व्यवहार तर्फ लम्पट देखिने पात्रका रूपमा रविलाललाई चिनिन्छ ।

रविलाल सुरुसुरुमा कीमतीको कठपुतली बन्ने पछि त्यही श्रीमतीलाई माइत खेद्ने सम्पत्ति छउन्जेल मात्र प्यारी भन्ने, सम्पत्ति छउन्जेल जो कसैलाई पनि बनाउने आफ्नो सम्पत्ति सकिए पछि विरानो बन्ने भन्ने उखान चरितार्थ  हुन्छ । परिवारदेखि फरक भएर बस्न चाहने रविलाल आँखामा राखे पनि नअटाउने दाजु भाउजूसँग बस्न नसकी छुटिन्छ । चार छोरा छोरीको बाबु बनेर पनि परस्त्रीसँगको सम्बन्ध र सम्पर्क फुरमासी खर्चले गर्दा ऋणले चुर्लुम्म डुबेको छ । सुरुमा गाली बेइज्जती गर्ने रविलाल आफ्ना दाजुभाउजूसमक्ष शरण पर्छ, पाउ पर्छ, स्वास्नीको खराब बानी र भाउजूको मायालु बानी बुझ्न नसकेर अन्त्यमा पछुताउन बाध्य बनेको छ । यावत् कुराले हेर्दा रविलाल पुरुष पात्र, कार्यका दृष्टिले सहायक, प्रवृत्तिका दृष्टिले प्रतिकूल, स्वभावका दृष्टिले गतिहीन, चेतनाका दृष्टिले वर्गीय, आसन्नताका दृष्टिले मञ्चीय र आबद्धताका दृष्टिले बद्ध पात्रका रूपमा रहेको पुष्टि हुन्छ ।

**४. बरालपुत्री**

छेपेटारका मधुवन बरालकी छोरी बरालपुत्री पारिवारिक कुसंस्कारले ग्रस्त, दुच्छर नारीका रूपमा देखा परेकी छ । यहाँ ऊ रविलालकी श्रीमतीका रूपमा नेपाल परिवारमा सम्मिलित भएकी छ । उसको शीलस्वभावलाई यसरी व्यक्त गरिएको पाइन्छ –

"दुलही भने अति बाक्लो ओठ भएकी, दाँत एउटा अलि खडबडिएकी, लामो नाक भएकी ठिक्कैकी थिइन ।... काँठेकी छोरी के गतिली हुन्थी, 'अत्थ्यु' ! निधार किन निन्याउरो/अँध्यारो नि ? हाँसेको कस्तो नराम्रो देखिने । आँखा किन चिम्सो ? इत्यादि टिकाटिप्पणी चल्यो" (पृष्ठ २५) ।

माथिका लक्षणका आधारमा बरालपुत्रीलाई उपन्यासकी दुश चरित्र भएकी नारीका रूपमा चिनिन्छ । ऊ न अनुहारकी राम्री देखिन्छे । उसमा न रूप राम्रो, न व्यवहार राम्रो, क्यै पनि राम्रो छैन । नक्कली मिजास र शृङ्गारमा रमाउने, माइतीको धाक लगाएर अरूलाई ठाडै खाएर तर्सै निल्ने शील स्वभावकी छ । एकै परिवारमा जेठानीको अकारण इर्श्या गर्ने, जेठाजु, सासू, ससूराको मान मर्यादा नराख्ने मुखुमुखै लाग्ने, जगल्टाउन समेत पछि नपर्ने, पति लगायत कसैलाई नटेर्ने, माइतको सम्पत्ति उडाएर मोजमज्जा गर्ने ऊ एक प्रतिकूल पात्र हो । त्यसैले उसलाई खलनायिकाका रूपमा चिनिन्छे । काममा सिन्को नभाँच्ने खान अघि सर्ने नपुगे चोरचार समेत गर्न पनि पछि नपर्ने उसको बानी छ । यस प्रकारको बानी हेर्दा ऊ एक प्रतिकूल पात्र हो । अझ यसलाई पुष्टि गर्ने कुरा रूपमतीले छोरा जन्माउँदा हेर्न नगएर सुतिरहने उसमा कत्रो इर्स्या छ ? भन्ने कुराले पुष्टि हुन्छ । उसमा रिस र डाह भरिएको छ । आफ्नो गल्ती छोप्न अनेक वहाना गर्ने बरालपुत्रीको पुष्टि गर्न केरामा चिप्लिएको र मासु चोरेको घटनाले पुष्टि गर्छ । घर परिवारमा भाँड भैलो मचाएर, संसार थर्काएर छिमेकीहरूलाई समेत रमिता देखाउने पात्रका रूपमा बरालपुत्री आउँछे । एकै परिवारमा मिलेर बस्न नसक्ने, कोहीदेखि पछि नपर्ने, के घर के गाउँ, समाजमा कोहीको मान मर्यादा नराख्ने दुष्ट चरित्रकी पात्रका रूपमा उत्पन्न भएकी छ । आफ्नो बुद्धिले गर्दा दुःख पाएर बस्नु, ४ जना छोरीलाई समेत खान बस्न लाउन दिन नसक्ने बरालपुत्री माइतमा समेत हेलित भएर मिनिनीको घरमा शरण लिन बाध्य हुन्छे । यस्तो दुखित अवस्थामा रूपमतीले नै एकै परिवारमा ल्याएर बस्ने खाने, छोरीको विवाह गरिदिने व्यवस्था मिलाउँदा भने उसको फोक्सो फुलेर आएकोले ऊ गतिशील बनेकी छ ।

उल्लिखित चरित्रका आधारमा बरालपुत्री लिङ्ग स्त्री, कार्य सहायक, प्रवृत्ति प्रतिकूल, स्वभाव गतिहीन, जीवन चेतना वर्गीय, आसन्नता मञ्चीय र आवद्धताका आधारमा बद्ध रहेकी छे ।

**५. पण्डितनी बज्यै**

पण्डितनी बज्यै विभिन्न सासूमण्डलीमा सामेल भएर बुहारीहरूलाई सताउने कार्यमा संलग्न रहने सासूका रुममा चिचिन्छन् । कान्छो छोरोलाई पुलपुल्याएर सूलीको टुप्पामा चढाउने सासू मण्डलीकी नेत्रीकी रूपमा रहेकी छन् । कुरा दोचार्ने नारी पात्र हुन् । गाली गर्ने, जिल्याउने, छुद्रबोल्ने आदि घटिया र अमानवीय व्यवहार गर्ने नारी, उनमा निरङ्कुश व्यवहारले जरा गाडेको छ । उनलाई जण्डता, उग्रता र दुच्छर व्यहोराले घमण्डी र अदुरदर्शी बनाएको छ । उनमा असल मातृत्वभाव, सीता जस्ती नारी, सहयोगी सासू, असल व्यवहार गर्ने क्षमता भने पटक्कै देखिदैन ।

पहिले रूपमतीलाई रौं बराबर नगन्ने तर कान्छी बुहारीले पनि पावर देखाएपछि भने रूपमतीप्रति केही ढल्किन्छिन् । कुरा बढाइचढाइ गर्ने दुष्ट व्यवहार गर्ने सासूमण्डलीकी अध्यक्ष समेत बन्ने वर्गीय पात्र बनेकी छन् । उनले उपन्यासलाई अगाडि बढाउने काम गरेकी छन् । छोरालाई पुलपुल्याएको परिणाम भोग्न बाध्य भएकी छन् । यस्तो अव्यवहारिक नारीपात्रलाई हेर्दा यस उपन्यासमा नारी पात्र सहायक पात्र, प्रवृत्तिलाई हेर्दा प्रतिकूल, स्वभाव भने गतिहीन, जीवनचेतनालाई मध्यनजर गर्दा वर्गीय, आसन्तालाई केलाउँदा मञ्चीय र आवद्धताका दृष्टिले बद्ध पात्रका रूपमा उनलाई लिन सकिन्छ ।

## ६. छविलाल नेपाल

पण्डित छविलाल नेपाल यस उपन्यासमा सहायक पात्रका रूपमा देखा परेका पुरुष पात्र हुन् । प. छविलाल, हविलाल र रविलालका बुबा तथा रूपमती र बरालपुत्रीका ससुराका रूपमा उपन्यासमा प्रस्तुत भएका छन् । एक कर्णेलको घरमा चाकरीदार भएर काम गर्ने पं. निकै घमण्डी थिए । पत्नीको दुष्टमती र व्यवहारले गर्दा उनले घरको माया ममता कम पाउँछन् । अति सहनशील लगनशील शीलस्वभाव भएकी बुहारी रूपमतीले भने ससूराको हेरविचार राम्ररी गरेकी थिइन् । जति-जति उमेर पाको बन्दै जान्छ उनले शान्ति र सद्भाव पाउन सक्तैनन् । छविलालको घरमा सधैँ झगडा, कचिङ्गल, कोलाहल हुनाले बृद्ध अवस्थामा समेत शान्तिको अनुभव पाउन सकेको छैन । शिक्षित बनेका छविलाल आफ्ना छोरालाई पनि पण्डित बनाउने चाहना भए पनि कान्छो छोरो बिग्रिएकोमा चिन्तित देखिन्छन् । आफ्नी पत्नी र छोराछोरीलाई तहमा वा गल्ती गरेवापत सजायका भागी गराएर भूलसुधारमा सहभागी गराई घरको धमिलो वातावरणलाई सुधार्न नसक्ने, स्वास्नी छोराबुहारीप्रति प्रतिवाद गर्न नसक्ने सोझो र सरलव्यवहार गर्ने चरित्र उनमा पाइन्छ । कर्णेलकोमा काम गर्दा अरू साथीहरूको नाममा गयल गराइदिने, हेप्ने, मालिक समक्ष पोल पुऱ्याउने एक स्वार्थी व्यक्तिका रूपमा समेत चिनिन्छन् । राणाशासनको बहुसंख्यक व्यक्तिको प्रतिनिधित्व गर्ने, उपन्यासमा मुख्य पात्रसँग कार्यगत सम्बन्ध स्थापना राखी उपन्यासलाई तन्काउन प्रत्यक्ष सरोकार राख्ने, छविलाल रुघाखोकीको कारण दान-दक्षिणा समेत गर्न नभ्याउँदै सिधै माथि गएका छन् । यस्ता चरित्रले जेलिएका पण्डितलाई चरित्र वर्गीकरणको तालिकाका आधारमा पुरुष पात्र, सहायक पात्र, प्रवृत्तिमा अनुकूललाई अँगाल्ने, स्वभाव हेर्दा गतिहीन, जीवन चेतनालाई दृष्टिगत गर्दा वर्गीय, आसन्नतालाई हेर्दा मञ्चीय र आबद्धतालाई हेर्दा बद्ध पात्रका रूपमा राख्न सकिन्छ ।

## ७. मोहनप्रसाद लुइँटेल

मोहनप्रसाद लुइँटेल उपन्यासमा निकै भूमिका निभाउन सफल भएका लुइँटेल नायिका रूपमतीका बुबा, उपन्यासमा सहायक भूमिका खेल्ने, काठमाडौँको धोविधारामा बसोबास गर्दै आएका, लामो सयमसम्म सन्तान नहुँदा निकै चिन्तित छन् । एक मात्र सन्तान रूपमती पुत्री जन्मदा र उनको शील स्वभावले गर्दा निकै खुशीको सास फेर्ने, सधैँ सुमार्गमा जाने, छोरीलाई घर पठाउनु भन्दा अगाडि नै व्यावहारिक शिक्षा दिनु पर्ने धारणा भएका, छोरीलाई लामो समयसम्म घरमा राख्नु हुँदैन भनी ७२ महिनामै ज्वाइँका घरमा पठाउने परम्परामा विश्वास गर्ने रुढीवादी स्वभाव भएका, घरमा बिहान बेलुका पाठ पूजा नगरी खाना नखाने, भजन कीर्तन गर्ने, गाउँघरमा साइत हेर्ने, खेतीपातीमा संलग्न भई प्रशस्तै धनसम्पत्ति कमाई, धार्मिक दृष्टिले अगाडि रहेका ब्रह्मचारीको उपदेश सुन्न र रामनाम जप्नमा सधैँ तल्लिन रहने, आफ्नो परिवारप्रति सधैँ उत्तरदायी रही सुशील, धर्मपरायण, समझदारी, पतिभक्ति श्रीमतीका पति, पत्नीको प्रशस्तै मायाममता पाएका, घरपरिवारप्रति सन्तुष्टि पाएका उनी आदर्श, सत्कर्म, सदाचारको चरित्रले भरिभराऊ भएका, आफ्नु नातिको मुख हेरेर मात्रै देहलीला त्याग गर्ने चरित्र भएका पात्र मोहनप्रसाद हुन् । चरित्रविधानका दृष्टिले पुरुष, सहायक, अनुकूल, गतिहीन, वर्गीय, मञ्चीय र बद्ध पात्रका रूपमा स्पष्ट रूपमा देखा परेका छन् अथवा चिनिन्छन् ।

## ८. लुँइटेल्नी बज्यै

लुइँटेल्नी बज्यै मोहनप्रसाद लुँइटेलकी श्रीमतीका रूपमा रही उपन्यासमा सहायक पात्रको राम्ररी भूमिका निभाउन सफल नारी पात्र, अत्यन्तै आदर्श पत्नी, आदर्श पतिभक्ति, समाजको मर्मअनुसार बुझ्ने, सधैं सुमार्गमा संलग्न रहने एक पुत्री मात्र पैदा भएकी लुँइटेल्नी बज्यै

शीलस्वभावले भरिपूर्ण भएकी रूपमतीकी आमाका रूपमा रहेकी छन् । लुँइटेल्नी बज्यै आफ्नी छोरीलाई व्यवहारिक शिक्षा दिनमा तल्लिन रहेकी छन् । घर परिवारमा आवश्यक खाना पकाउन सरसफाइ गर्न अत्यन्तै सिपालु बनाउँछिन् । पतिपरायण, कर्तव्यनिष्ठ नारीका रूपमा रहेकी छन् । पतिको राय सल्लाहमा कार्य गर्ने इष्टमित्र राख्ने, नारीमा हुने सदगुणले युक्त भएकी नारी हुन् । सामाजिक यथार्थ र पारिवारिक मेलमिलाप अनुसार उनमा सद्‌गुण प्रत्यक्षरूपमा झल्केको छ । लुइँटेल्नी बज्यैलाई तालिकाको रूपमा हेर्दा–एक महिला पात्र तसर्थ उनी स्त्री पात्र हुन् । उन्यासको कथावस्तुलाई तन्काउन सहयोग गर्ने धेरै पात्र मध्येकी एक पात्र भएकीले सहायक पात्र, उनको आनीबानी, रहन सहन व्यवहारका दृष्टिले हेर्दा अनुकूल पात्र उनको स्वभावलाई दृष्टिगत गर्ने हो भने गतिहीन छ भने समाजको एक नारीमा हुनुपर्ने गुणले भरिभराऊ भएकी र सोही अनुरूप अन्य सबैलाई सदबुद्धि व्यवहार सिकाउने वर्गीय पात्र जसलाई हटाएमा उपन्यासमा रहेको कथानक संरचना उद्देश्यमा समेत दख्खल पर्ने हुनाले बद्ध पात्रका रूपमा रहेकी छन् ।

## ९. मधुवन बराल

मधुवन बराललाई पं. छविलाल नेपालका सम्धीका रूपमा चिनिने अर्थात् रविलालको ससूराका रूपमा चिनिन्छ । अति जण्ड मिजास भएकी बरालपुत्रीका बाबु र उस्तै शील स्वभावले भरिपूर्ण भएकी आमा बराल्नी बज्यैको श्रीमान् जसको एक मात्र सन्तान बरालपुत्री मात्र रहेकी छ । मधुवन बराल अत्यन्तै अभद्र, बोलीचालीमा नम्रता नभएका व्यक्ति हुन् । व्यक्तिमा रहेको मिजास भनेको कुन चराको नाऊ हो केही थाहा नपाउने वा नभएको धन सम्पत्तिले मात्तिएका गाउँमा फूर्ति ढाँचा देखाएर हिँड्ने व्यक्तिका रूपमा रहेका छन् । उनमा स्वार्थी र सामन्ती प्रवृत्ति पाइन्छ । गाउँमा लगानी गरेर चर्को व्याजमा गरिब निमुखालाई फसाउने, गरिबलाई काममा जोतेर मोज मस्ती गर्ने, सावाँभन्दा ब्याज दोब्बर बनाउने, अर्काको जग्गा हडप पार्ने । अर्कालाई दिन काम र अर्काबाट लिन कौडी समेत नछोड्ने प्रवृत्ति उनमा टड्कारो रूपमा रहेको छ । कसैले तलमाथि गरेमा बाघे झापट दिनमा पनि पछि नपर्ने, घमण्डी स्वभाव उनमा पाइन्छ । उनी तत्कालीन समाजको सामन्तीहरूको प्रतिनिधित्व गरी उपस्थित भएका छन् । समाजमा निकै रवाफ बढाए पनि घरमा भने पत्नीका सामु गुरुको छायाँ पर्दामा सर्प लरखराए जस्तो, कमजोर भए जस्तो देखिन्थे । स्वास्नीले हेरिन वा बोलिन् भने लज्जावती झार जस्तै फतक्कै बन्ने कहाँ सम्मका काँतर छन् भन्ने कुरा स्पष्ट देखिन्छ । उनमा अति नै कमजोर चरित्र पाइन्छ । एकमात्र छोरीले सम्पत्ति कुम्ल्याएर घर लैजाँदा समेत थाहा नपाउने बराल हुस्सू खालका देखिन्छन् । बराल घरको अभिभावक भए पनि घरलाई सम्हालेर राख्न नसक्ने बराल अनुत्तरदायी चरित्रको पात्र रहेका छन् । उनका व्यवहार, कार्यकलाप अथवा प्रवृत्तिलाई हेर्दा पुरुष, सहायक, प्रतिकूल, वर्गीय, गतिहीन, मञ्चीय र बद्ध पात्रको रूपमा उनलाई चिनिन्छ ।

## १०. बराल्नी बज्यै

मधुवन बरालकी श्रीमतीका रूपमा रहेकी बराल्नी बज्यै रविलालकी सासू हुन् । बराल्नी बज्यै नारीमा हुनुपर्ने गुणदेखि साह्रै पर रहेर समाजमा रहेकी छन् । उनमा दया, माया, करुणा सद्भाव भन्ने केही पाइँदैन । उनमा रहेको विचित्रको स्वभावले गर्दा उनी ग्रामीण नरनारीलाई चकित पार्छिन् । उनी केही नदेखेकी नजानेकी भएर पनि उनको फूर्ति भने देखेको जानेको बुझेको ढाईंफूर्ति रवाफ गरेर बस्ने, पतिलाई उठ-उठ, बस-बस पारेको देखेर सबै चकित पर्दथे । उनी आफ्नै करामतले गर्दा यत्रो श्री सम्पत्ति कमाएको दावी गर्दथिन् धनको तुजुक देखाउने, नारी पात्र उपन्यासमा सहायक पात्रको भूमिका निभाएकी छन् । यस्ता कुकार्यमा संलग्न रहने नारीपात्र भएर उनी असत् र प्रतिकूल चरित्रका रूपमा देखिन्छिन् ।

बराल्नी निकै मै हुँ भन्ने आफ्ना छोरा बुहारीको विश्वास नगरी छोरीलाई ढुकुटी जिम्मा लगाउँछिन् । सबै सम्पत्ति कुम्लो पार्दा समेत थाहा नपाएर परिवारलाई दुःखको सागरमा डुवाउन तल्लिन रहेकी छन् । छोरीले कर्तव्य पालना गर्न नसक्नु समेत दोष आमालाई छ भने छोरा बुहारीले समेत दुःखको चपेटामा पर्नु बराल्नी बज्यैकै दोष हो । यी सम्पूर्ण पक्षलाई हेर्दा बराल्नी बज्यै गतिहीन वर्गीय मञ्चीय र मुक्त पात्रका रूपमा रहेकी छन् ।

### ११. बाटुली

मधुवन बरालका घरकी चाकर्नी बाटुली हो । ऊ जस्तो घर परिवार त्यस्तै शीलस्वभाव भएर जन्मिएकी नारी पात्र साँच्चिकै चपरचण्डाल छे । साहू वा मालिकलाई मुखुमखै लाग्ने बाटुली बरालपुत्रीको घरमा गएर निकै फाइफूर्ति लडाएर बस्छे । अनेकका कुरा लगाउने र पोल खोल्ने बाटुली रविलालसँग अनैतिक व्यवहार साट्न समेत पछि पर्दिन । रविलालसँगको सम्पर्क बढाएर आफ्नो बसमा राख्न खप्पिस देखिन्छे बाटुली । तसर्थ उ प्रतिकूलचरित्रकी छे । गौण रूपमा रहेकी बाटुलीलाई स्त्री पात्र, गतिहीन, मञ्चीय र मुक्त पात्रका रूपमा लिन सकिन्छ ।

## ४.७ रूपमती उपन्यासका पात्रहरू रूपमती र बरालपुत्रीबीचको विभिन्न तुलनात्मक अध्ययन

**तालिका नं. ७**

**रूपमती र बरालपुत्री बीचको तुलना**

| पात्र | रूपमती | बरालपुत्री |
|---|---|---|
| तुलनीय आधार | औपन्यासिक तथ्य | |
| १. आसन्न स्थिति | जेठी बुहारी उपन्यासको सुरुदेखि अन्त्यसम्म उपस्थित | कान्छी बुहारीका रूपमा पञ्चम परिच्छेद पृ. २२ बाट सुरु भएकी, |
| २. कुल/वंश | धनी, धार्मिक, पण्डित परिवारकी एक्ली सन्तान ( पृ. १०), सत्कुल | निमुखा गरिबहरूलाई शोषण गर्ने अधर्मी, निरक्षर तथा व्यहोरा नभएका धनी बाबुकी धेरै मध्येकी एक सन्तान (५१) (दुष्कुल) |
| ३. स्थान | माइत धोविधारा (पृ. ६३) शहर | माइत छेपेटार (२२) काँठघर काल्धारा (शहर) |
| ४. रूपाकृति | राम्रा राम्रा दाँत, मुस्कान उस्तै राम्रो, मधुर बोली भएकी, गुलाफको जस्तो जवानी (४२), सौन्दर्यले आफ्नो मजबुत डेरा जमाएकी (४२) राम्री | खासै राम्रो स्वरूप नभएकी ओठ, दाँत नाक नमिलेकी (२६) नराम्री |
| ५. फेसन | सधैँ सफा रहे पनि ठाँट पारेर हिंड्ने स्वभाव पाइँदैन, प्राकृतिक सौन्दर्यमा विश्वास राख्ने, सादा जीवन र उच्च विचार भएकी, शालीन, | बढी फेशन सो गर्ने कृत्रिम स्वभावमा रमाउने । |
| ६. शिक्षा | अनौपचारिक शिक्षा, घरको राम्रो ज्ञान पाएकी, आमाले राम्ररी सदाएकी, व्यवहारिक शिक्षा तथा सामान्य अध्ययन भएकी | बाबुआमाले पुलपुल्याएकी निरक्षर अव्यवहारिक, मूर्ख, दम्मी |
| ७. घरपरिवारमा संलग्नता | घरका परिवारमा राम्ररी मिल्न सक्ने, शीलस्वभाव भएकी, पाठ पूजामा संलग्न, सासू, ससुरा, पति, देवर देवरानीप्रति सद्भाव, सदविचार भएकी, खाना बिनाको राम्रो व्यवस्था मिलाउने | परिवारमा घुल्न पटक्कै नसक्ने, रङ्ग ढङ्गको शील स्वभाव भएकी, माइत बढी जाने, कुरा दोचार्ने, अल्छे, सासू, ससुरा, पति, जेठाजू, जेठानी कोहीसँग पनि मिल्न नसक्ने, ओठे जवाफ दिने, |
| ८. सन्तान | कुशल, विलक्षण बुद्धि भएको सुखी, अति राम्री | छोरोको आशा गर्दागर्दै ४ वटी छोरी जन्माएकी, खासै राम्रो बानी नभएका छोरीहरू |
| ९. माइती | माइत र घरमा एउटै व्यवहार गर्ने, माइतीले प्रशस्तै धनसम्पत्ति दिएका, आदर्श छोरी, धन सम्पत्तिको जगेर्ना गर्ने, | घर र माइती रुख्याएकी माइतीको सम्पत्तिको तुजुक दिने, |
| १०. परिणति | माइतमा राम्ररी सदाएकी, बैगुनीलाई गुनले मार्ने स्वभाव भएकी, "आदर्श महिला रत्नकी छोरी" (१०) ग्रामीण नरनारीकी प्यारी र प्रशंसा गर्ने, घर, परिवारलाई मिलाउने असल शील स्वभावकी नारी । | बढी पुलपुलिएकी, परिवारदेखि हेला बन्न बाध्य भएकी, छर छिमेकीकको समेत आँखाबाट टाढा रहने, घर परिवारलाई विथोल्ने नारी । |

**गौण चरित्र भएका पात्रहरू**

धाई बूढी र दहाल्नी बज्यै गौण रूपमा रहेका स्त्री पात्र हुन् । पण्डितनी बज्यैका छिमेकी उनीहरू छिमेकमा आइपर्ने शुभ-अशुभ कार्यमा संलग्न रहने पात्रका रूपमा रहेका छन् । उनीहरू आफ्नो मानो खाने र अर्काको कुरा गर्ने, पण्डितनी बज्यैलाई उकासी सासू मण्डलीमा सरिक गराउँछिन् । मञ्चीय पात्रका रूपमा रहेका यी पात्र वर्गीय जीवन चेतना भएका मुक्त पात्रका रूपमा छन् ।

त्यसैगरी कप्तान्नी बज्यै, रामेकी आमा, कर्णेल्नी बज्यै पनि गौण भूमिकामा रहेका छन् । उनीहरू सासू मण्डलीका सदस्य भएर उपन्यासमा भूमिका निभाएका छन् । आफ्ना अर्काका बुहारीहरूको कुरा गरी कुरा दोचार्ने चरित्रले सजिसजाऊ भएका छन् । उनीहरू स्त्री, गौण, प्रतिकूल गतिहीन मञ्चीय र मुक्त प्रवृत्ति अँगालेका चरित्रका रूपमा उपन्यासमा देखा पर्दछन् ।

पण्डित जीवनहरि रूपमतीमा रहेका नायक हविलालको बाल्यकालमा शिक्षा दिने गुरुका रूपमा रहेका छन् । उनी धर्ममा विश्वास राख्छन् । पूर्वीय काव्य नै ठूलो मान्छन् । हविलाल अंग्रेजी पढ्ने तरखमा लाग्दा नजान सल्लाह दिने बरु महाभारत, भागवत तर्फ नै झुकाव राख्न सल्लाह दिने पात्र पुरुष, गौण, मञ्चीय, प्रतिकूल, वर्गीय र मुक्त चरित्र भएका पात्रका रूपले उपन्यासमा आएका छन् ।

त्यस्तै गरी अरू काबुली, मुसलमान, मुसलमानको छोरो, गङ्गेको छोरो आदि व्यापारीको भूमिकामा आएका छन् । उधारो कारोबार गरेर रविलालाई बेइज्जती गर्ने यिनीहरू प्रतिकूल वर्गीय चरित्र भएका गतिहीन, मञ्चीय मुक्त पात्र हुन् उनीहरू रविलालाई छिँडीमा थुनेर कुट्न समेत पछि परेका छैनन् ।

रसविहारीलाई गौण चरित्र भए पनि पुरुष पात्र समाजलाई शिक्षा दिन कसैको पक्ष नलिइकन पापपुण्य विचार गरी न्यायको पक्षमा लागि परेको सत् विचार भएको वर्गीय पात्र, गतिहीन, अनुकूल मुक्त पात्रका रूपमा चिनाइन्छ । यस उपन्यासमा गौण रूपमा धेरै नै पात्रहरू रहेको पाइन्छ । यसरी हेर्दा उपन्यासमा प्रयोग गरिएका केही यस्ता पात्र छन् जसमा गौणभन्दा अति गौण भूमिका निर्वाह गरेको पाइन्छ– जस्तै बैद्य, जिते, रामे आदि भए पनि गौण भूमिका निर्वाह गर्ने पुरुष पात्रहरू काबुली, बाटुलीको बाबु, रेवती, कर्णेल, बाबुचा, छट्ठु, बागबीरे, त्रिलोचन, रूपमतीकी छोरी, मधुवनका साथी, मुसलमान, साहू, सिपाही, चट्टु नेपाल, राधेश्याम, बाबुचा, डोकेरामहरू, प्रोफेसर, विद्यार्थी, डाक्टर, वैद्य, दहाल्नीको लोग्ने, जिते, गोठालाहरू, मुसे प्याकुरेल, चेते, धनमाने, नेवार, तिवारी कान्छा, पाखेरदार, किरिमिरी सुब्बा, पुरेत, मिठाइ पसले, धनमाने, गङ्गाराम, बगरे आदि थुप्रै पात्रहरू चयन गरिएको छ । उनीहरू आ-आफ्नै विशेषता लिएर थोरै समयसम्म उपन्यासमा आएका छन् । उनीहरूले नेपथ्यमा रहेर चरित्र प्रदान गरेका छन् ।

स्त्रीपात्रहरू– चमेली, नरहरिकी कान्छी आमा, सन्तेकी बहिनी, नानीचा, जितेकी आमा, नन्दुकी आमा, धतेनी बुढी, दुलही बज्यै, जेठी सासू, जयन्ती, पाठककी नानी, पण्डितनीकी देवरानी, बुच्चे पण्डितकी छोरी, गइँठेकी छोरी, बरालपुत्रीका छोरीहरू, चाँदेकी बज्यै, चट्टुकी पत्नी, गम्फेकी साली, कजिनी, मधुवनकी कान्छी बुहारी, लालपरी, बूढीमाई, चित्रवीर थापाकी मुखिनी, छुट्टुकी बाहुनी आदि रहेका छन् । यिनीहरूको भूमिका उपन्यासमा गौण रूपमा रहे पनि महत्त्वपूर्ण मानिन्छ । उनीहरूलाई गतिहीन भएर कोही मञ्चीय र कोही नेपथ्य पात्रका रूपमा चिनिन्छ ।

यस उपन्यासमा अति गौण रूपमा प्रस्तुत भएका केही पात्रहरू रानीसाहेव, नरहरिकी बुहारी, रामेकी बाहुनी, नौली, मिसिनी, भञ्ज्याङ, पनेरुकी छोरी, पुरेतिनी बज्यै, बाशुकीका ब्रह्मचारी, विद्यार्थी डाक्टर, रामु, चेते, धनमाने, गोठालाहरू आदि रहेका छन् । यी सम्पूर्ण पात्रहरू नेपथ्यमा रही मुक्त चरित्र भएका पात्रहरू हुन् ।

## ४.८ सारांश

'रूपमती' उपन्यासमा प्रयुक्त पात्रहरूलाई प्रमुख सहायक गौण गरी वर्गीकरण गरिएको छ । त्यस्तै गरी लिङ्गका आधारमा पुरुष र स्त्री कार्यका आधारमा पात्रहरूको चरित्रलाई मध्यनजर गरी प्रमुख, सहायक, गौण अनि प्रवृत्तिका आधारमा गतिशील र गतिहीन गरी विभाजन गरिएको छ । जीवन चेतनाका दृष्टिले व्यक्तिगत र वर्गीय दुई वर्ग पर्दछन् भने आसन्नताका आधारमा मञ्चीय र नेपथ्य गरी विभाजन गरिएको छ र आवद्धताका आधारमा बद्ध र मुक्त पात्रहरूको चरित्रलाई केलाइएको छ ।

प्रमुख पात्रका रूपमा रहेका हविलाल एक मात्र पुरुष पात्र हुन् । अन्य सहायक र गौण पात्र रहेका छन् । यस उपन्यासको नायक हविलाल र नायिका रूपमती हुन् । उनी एक मात्र नारी प्रमुख पात्र हुन् । रविलाल र बरालपुत्री क्रमशः खलनायक र खलनायिकाका रूपमा देखा परेका छन् । त्यस्तै पण्डितनी बज्यै, छविलाल नेपाल, मोहनप्रसाद लुँइटेल, लुँइटेलनी बज्यै, मधुवन बराल, बराल्नी बज्यै अन्य सहायक चरित्र हुन् । यी मध्ये पण्डितनी बज्यैको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । बाटुली, धाईबूढी दहाल्नी बज्यै, पण्डित, जीवनहरि, काबुली, मुसलमान, रासविहारी आदि गौण चरित्रका रूपमा देखिएका छन् । उपन्यासमा सुपात्र वा नीतिपरक चरित्र र कुपात्र वा स्वार्थपरक चरित्र गरी दुई वर्गका चरित्रहरू देखिन्छन् । यी पात्रहरूले गुण र अवगुणको प्रतिनिधित्वि गरेका छन् । हविलाल रूपमती, मोहनप्रसाद लुँइटेल, लुँइटेल्नी बज्यै आदि सुपात्रका रूपमा देखिन्छन् भने रविलाल, बरालपुत्री, पण्डितनीबज्यै, बराल्नी बज्यै, मधुवन बराल आदि कुपात्रका रूपमा रहेका छन् । परिवर्तनशील व्यक्तिका रूपमा हविलाल र रूपमती पर्दछन् भने अन्य सबै गतिहीन पात्रका रूपमा रहेका छन् ।

यस उपन्यासमा रूपमतीलाई शुरुमा जुन रूपमा प्रस्तुत गरिएको छ अन्त्यसम्म पनि उनीलाई उस्तै दयालु धर्मात्मा, आदर्श, कर्तव्यपरायण, पतिभक्ति सहनशील व्यक्तिका रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा रहेका सम्पूर्ण पात्र सामान्य खालका छन् । धेरै पात्रको प्रयोग गरिएको यो उपन्यासमा मूल पात्रको चरित्रसँग ठीक विपरित लक्षण परेका पात्रहरूको प्रयोग गरेर उपन्यास अगाडि बढेको छ । जे जति पात्र छन् सकभर आ-आफ्नै नामले उनीहरूको काम र चरित्रलाई बुझाएको पाइन्छ जस्तै 'रूपमती' वास्तवमा नै रूपमती नै छिन् ।

चरित्रका दृष्टिले हेर्दा धेरै पात्रको संयोजन गरी निर्माण गरिएको यो उपन्यास चरित्र चयन वा प्रयोगका दृष्टिले सवल पाइन्छ । उपन्यासको संरचना सानो भए पनि धेरै पात्रको संयोजनलाई मिलाएर प्रस्तुत गर्नु उपन्यासकारको राम्रो खुवी देख्न सकिन्छ ।

# पा“चौ परिच्छेद
# चयनको आधारमा ‘रूपमती’ उपन्यास

## ५.१ परिचय

‘रूपमती’ उपन्यासले माध्यमिककालीन औपन्यासिक प्रवृत्तिलाई विदा दिएर उपन्यासविधामा आधुनिक युगको सूत्रपात गरेको छ । यो उपन्यास युगान्तकारी र युपप्रवर्तक उपन्यसका रूपमा देखापरेको छ । प्रस्तुत उपन्यासको शैली वैज्ञानिक पद्धतिअनुसारको छ । साथै यस उपन्यासको भाषिक विश्लेषण गर्ने सिलसिलामा यस परिच्छेदमा चयन पक्षलाई छानिएको छ । यसअन्तर्गत शब्द, निपात, विश्मयादिबोधक, थेगो, उखानटुक्का, बिम्ब प्रतीक, चिन्ह प्रयोग (प्रश्न चिन्ह (?), अल्पविराम (,), अर्धविराम ( . ), उद्धरण (“ ”) को बारेमा विश्लेषण गरिएको छ ।

## ५.२ चयन

शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भनिन्छ (शर्मा, २०५९: ७) । चयन गर्ने शब्दहरूले विविध अर्थ प्रशस्त मात्रामा दिएको हुन्छ तसर्थ कुन शब्दलाई चयन गर्दै कृतिलाई अगाडि बढाउने भन्ने कुरा कृतिकारको हो । चयन अभिव्यक्ति तह र भाषिक तहमा सार्थक रहन्छ ।

### ५.२.१ शब्द चयन र विश्लेषण

शब्दः- ना.सं. १. अनुभूत विषयवस्तुलाई व्यक्त गरिने वर्णनात्मक वा ध्वन्यात्मक ध्वनि, आवाज । २. वर्ण वा वर्णसमूहबाट बनेको कुनै अर्थ बुझाउने सार्थक पद, लवज (नेपाली बृहत् शब्दकोश, २०५०: ११८३) ।

भाषाको न्यूनतम सार्थक एकाइ शब्द हो । शब्दको चयनमा कृतिकारले विशेष अभिरुचि देखाएको हुन्छ । हुन्छ । शब्द चयन गर्दा एकै अर्थ दिने भाषामा पाइने विभिन्न शब्दहरूको विकल्पमध्ये एउटाको छनोट गरेको हुन्छ । एकै अर्थ दिएता पनि शब्द चयनले वाक्यलाई मिठास दिन्छ । एकै अर्थ दिने विभिन्न शब्दहरू छन् जस्तैः नारी, अबला, रमणी, सुन्दरी, कल्याणी, आइमाई, स्वास्नीमानिस आदि मध्ये कुन शब्द चयन गर्दा बढी सुहाउने सान्दर्भिक हुन्छ त्यस्तो शब्द चयन गर्ने गरिन्छ । कृतिकारले मनले खाएका शब्दहरूको संयोजन गरी कृति तयार पारेको हुन्छ । यस उपनयासमा ‘सामन्ती’ शब्दसँग सम्बन्धित प्रयोग गरिएका शब्दहरूको चयन के कसरी गरिएको छ, साथै यस उपन्यासमा प्रयुक्त शब्दहरूको चयन अन्तर्गत केही नामपद, सर्वनामपद, क्रियापद, विशेषण, अव्यय पद, (निपात र अनुकरणात्मक), चिह्नन आदि विश्मयादिबोधक चिन्ह आदि शब्दहरूको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

#### ५.२.१.१ नाम पदको चयन

(क) ‘ए चमेली, चमेली, चमेली ! के तेरी दुलही बज्यै अझ उठेकी छैन ?
(पृष्ठ १) जसमा ‘चमेली’ नाम शब्दलाई ए सम्बोधन गर्दै पुनरावृत्ति गरिएको छ ।

(ख) बरालकन्या तेह्र वर्ष पुगिसकेकी भए तापनि सानी थिइन् (पृष्ठ ३६)
यस वाक्यमा “बरालकन्या” नाम शब्दको प्रयोगले ती महिला भनेर प्रष्ट बुझिए पनि थरबाट नाम राखिएर रोचक पार्ने प्रयास गरिएको छ ।

(ग) सुन्नु भएन हाम्रो कान्छाबाकी छोरीका दुलहाले आमाको मुख च्यातेको ? (पृष्ठ ७१)

प्रस्तुत वाक्यमा कान्छाबा, छोरी, दुलहा, आमा, मुख जस्ता पाँच वटा नाम शब्दहरू प्रयोग गरे तापनि 'दुलहा' नाम शब्दले बढी भूमिका निर्वाह गरेको पाइन्छ ।

(घ) रासविहारीः रूपमती मान्छे त बहादुरै रहिछन् । पहिले सासूको बुहार्तन पनि सहेरै बसिन्, पछि देवरानीले त्यत्रो दुःख दिइन् र पनि नराम्रो वचन भनेको गर्दै गरिनन् (पृष्ठ ११३) ।

यस वाक्यमा प्रयोग नाम शब्द 'रूपमती' लाई हेर्दा रूपमती नाम अनुसारको काम भएको पाइन्छ । 'रूपमती' शब्दले रूपले वा गुणले युक्त भएकी महिलालाई बुझाउँछ । त्यस्तै नामअनुसार काम गरेको प्रसङ्ग छ । प्रस्तुत उपन्यासमा विभिन्न सन्दर्भ प्रसङ्गलाई प्रष्ट पार्न विभिन्न नामपदहरूको प्रयोग गरेको देखिन्छ ।

### ५.२.१.२ सर्वनाम पदको चयन

(क) पण्डितनी बज्यैको काम सघाइदिन छरछिमेकी, इष्टमित्र, कुलकुटुम्ब सबै जम्मा हुन्थे । कोही पात गाँस्थे, कोही छाँटा पार्थे, कोही अचार पार्थे, घरमा खूब रमझम थियो (पृष्ठ २०) ।

यस वाक्यमा 'कोही' शब्दको पुनरावृत्ति पाइन्छ 'कोही' एकै शब्दले धेरै काम गर्ने व्यक्तिहरूलाई बुझाएकोछ । पात गाँस्ने, छाँटा पार्ने, अचार पार्ने जस्ता कार्यलाई सफल पार्न "कोही" शब्दले सम्पूर्ण पक्षलाई समेटेको छ ।

(ख) पहिले त बरालपुत्री कामधेनु गाई थिइन् र पो उसको कदर थियो । जे भए पनि आधार थियो । उनी चिडिइन् भने पैसा नझर्ने, ब्वाँसो भएर, बेसार लगाएर लक्कु हात लाउँथ्यो । अब त उनको आउने बाटै हराएको थियो (पृष्ठ १०२) ।

आम्दानीको स्रोतका रूपमा कामधेनु गाईलाई जसरी लिइन्छ त्यस्तै गरी बरालपुत्री पनि आम्दानी प्रशस्तै भएका बाबुकी छोरी थिइन् । प्रस्तुत हरफमा उनी र उनको सर्वनामको प्रयोग गरेर उनी र उनको दुवै सर्वनाम शब्दले एउटै बरालपुत्रीलाई औंल्याएको छ ।

(ग) शर्माजीः तिमीले त भेनकी हौ रूपा ! आज त्यो जोइटिङ्ग्रे मूर्खराजको दुर्दशा देखेर फजूलमा खिन्न हुनुपर्‍यो (पृष्ठ १०४) ।

'तिमी' र 'त्यो' दुई सर्वनाम प्रयोग गरेको छ जसमा 'तिमी' सर्वनामले रूपमतीलाई बुझाएको छ भने 'त्यो' सर्वनामले भने जोइटिङ्ग्रे मूर्खराज शब्दको चयनले रविलाललाई बुझाएको छ ।

### ५.२.१.३ क्रियापदको चयन

(क) मानिसलाई मुख्य चाहिनुपर्ने दया अदब हो, दुवै कुरो नभएपछि तीन त्रिलोक चौध भुवन जितिहाल्यो, कसको डर कसको लाज ? (पृष्ठ ४७) ।

(ख) अब पनि यसो गर्न लागे त तडीतुम्बडी उडिहाल्छ (पृष्ठ ९५) ।

(ग) पतिको अँध्यारो मुख देखेर झस्किन्, बेमौकामा बोल्नु ठीक छैन भनेर चुप लागेर बसिन् । आखिरमा शर्माजीले नै कुरा छोडे (पृष्ठ १०४) ।

उदाहरण 'क' मा 'तीन त्रिलोक चौध भुवन जितिहाल्यो' क्रियापदको चयनले संसारनै जितेको नभएर उसको घरपरिवारमा पेलेको अर्थ दिन सही शब्दको चयन गरेको पाइन्छ ।

उदाहरण 'ख' मा 'उडिहाल्छ' क्रियापदको चयनले उड्नु र हाल्नु दुई क्रियापद छन् जसले उडेर अन्तै जाने नभएर नष्ट हुने वा सकिने सङ्केत दिएको छ ।

उदाहरण 'ग' मा प्रयुक्त 'कुरा छेडे' शब्दले घुमाउरो पाराले कुरा अगाडि सारेको वा कुरा आँफै शर्माजीले नै गरेको प्रष्ट छ ।

### ५.२.१.४ विशेषण पदको चयन

(क) दशैंको चाड, दशैं आयो खाउँला पिउँला, रामारामा बुट्टेदार लुगा लाउँला, आजकाल त अलपक्काका बुट्टे, झलमल्ल परेका क्या रामा-रामा सारीहरू पाइन्छन् (पृष्ठ ८) ।

(ख) पण्डितजीले आफ्नो व्याख्यान सुरु गरे– ईश्वरले यी आइमाईहरूलाई किन सृष्टि गरेका होलान् ? यी कुरामा पोका, खसमका पिठ्युँका डोका, बुद्धिका बोका, सधैं का भोका, अल्छीका ढोका आपत् परेमा दिने धोका, देखाउने नाहकमा झोका के गर्नु यो ? (पृष्ठ ६९) ।

(ग) मधुवनका कान्छा छोराले छोरा पाएका थिए । कान्छा छोराको पहिलो छोरो हुनाले आशामुखीहरूको मुखबुर्जा लाउनै पर्‍यो भन्ने विचारले न्वारान धूमधामसँग हुने भएको थियो ( पृष्ठ ८८) ।

उल्लिखित क, ख र ग मा क्रमशः रामारामा, बुट्टेदार, सधैं, अल्छी, कान्छा, पहिलो जस्ता शब्दहर विशेषणका रूपमा चयन गरेको पाइन्छ ।

### ५.२.१.५ अव्यय (क्रियाविशेषण) पदको चयन

(क) भोलिपल्ट पाठ गर्न आएका रेवती फर्केनन् । (पृष्ठ ८)

(ख) सात-आठवटी स्वास्नीमानिसहरू बसेर काम गर्न लागेका थिए, सानी बुहारी डङ्ग-डङ्ग गर्दै भऱ्याङ्गबाट ओर्लिन र सबैका बीचमा गएर ठेस्सिएर थचक्क बसिन् (पृष्ठ ३७-३८) ।

(ग) छट्टुकी बाटुलीः होइन, तीन सानी बुहारीको माइती किन त्यसरी बिग्रेको नि ? (पृष्ठ ११४) ।

उदाहरण 'क' मा 'भोलिपल्ट' अव्ययले घर झगडाले गर्दा खेती दुईदिनसम्म नफर्केको कुरा प्रष्ट पारेको पाइन्छ ।

उदाहरण 'ख' मा प्रयुक्त ठेस्सिएर र थचक्क क्रिया विशेषणले रोचक पाराले हेपेर बसेको कुरालाई कलात्मक प्रस्तुत गरेको छ ।

उदाहरण 'ग' मा बरालपुत्रीका माइती दिन प्रतिदिन गरिब बन्दै गएको संकेत गरेको पाइन्छ जसमा 'त्यसरी' अव्यय प्रयोग गरेको पाइन्छ ।

### ५.२.१.६ अनुकरणात्मक शब्दको चयन

(क) पं. मोहनप्रसादको पुत्रहीन अन्धकारमय घरमा झलमल्ल उज्यालो गराउँदै तिनको जन्म भएको हो । (पृष्ठ १०)

(ख) धन्सारमा धान र मालको कुन सत्यानाश भइरहेछ, बाहिरका हस्याङफस्याङ्ले के गर्नु ? (पृष्ठ ३५)

(ग) अब 'इन्द्रका बाबु चन्द्र' आए पनि डेग चल्ने होइनन् भन्ने बुझेर रविलाल लुरुक्क परेर माथि गयो । (पृष्ठ ७६)

(घ) जन्मदिने पिताको वियोगलाई केही दिनसम्म त बिर्सन गाह्रै भयो, परन्तु जब व्यवहारले घप्लक्क छोप्यो, शोक पनि हराउँदै गयो । (पृष्ठ ३१)

उदाहरण 'क' मा प्रयुक्त 'झलमल्ल' अनुकरणात्मक शब्दको प्रयोग गरेर जसरी खुल्ला आकाशमा घाम झुल्कदा वा लाग्दा जस्तो रमाइलो देखिन्छ । त्यस्तै रमाइलो, खुसियाली, हौसला छाएको स्पष्ट पार्न उपन्यासकार पाण्डे झलमल्ल अनुकरणात्मक शब्दको प्रयोग गर्न सफल देखिन्छन् ।

उदाहरण 'ख' बरालपुत्री अत्यन्तै माइतीको सम्पत्तिको धाक लगाएर घरमा पेल्ने गर्थिन् तर माइतीको सम्पत्ति सकिँदै गएको र माइतमा समेत बेवास्ता हुन थालेकी बरालपुत्रीको फूर्ति ढाँचा मात्र बढी गरेको प्रसङ्ग हस्याङ्गफस्याङले स्पष्ट पारेको छ ।

उदाहरण 'ग' बरालपुत्री अत्यन्तै जण्ड मिजासकी नारी थिइन् । नव बालकको जन्म भयो । सारा ग्रामीण नर नारीहरू भेला भए तर बरालपुत्री कलकलाउँदो बालकको मुख हेर्न नजाने अनेक बहाना बनाएर रविलाललाई समेत नजान भन्ने मिजास देखेपछि रविलालले कसैको पनि केही नलाग्ने कुरालाई झल्काउँदै अति रोचक उखान 'इन्द्रका बाबु चन्द्र' को प्रयोग गरेको पाइन्छ । यस्तो उखानलाई चरितार्थ पार्न 'लुरुक्क' अनुकरणात्मक शब्द बहुत सार्थक र सान्दर्भिक ठाउँमा चयन गरेको पाइन्छ ।

उदाहरण "ग" मा एच.एल. शर्मा पितृ शोकमा परेका थिए । केही समय त निकै दुःखित देखिए तर उनलाई घरायसी अनेक समस्याले जेलेकोले गर्दा उनी व्यवहार सम्हाल्नतर्फ लाग्न बाध्य भए । घर व्यवहारले सताएको कुरालाई रोचक पार्न उपन्यासमा 'घप्लक्क' अनुकरणात्मक शब्दको चयन गर्न निकै खप्पिस देखिन्छन् ।

### ५.२.१.७ निपात पदको चयन

(क) आजकालका ठिटीहरू त कस्ता नकच्चरी हुँदा रहेछन् । (पृष्ठ १)

(ख) चमेली आत्तिँदै माथि आई र भन्न लागि 'क्या, दुलही बज्यै ! बूढो बाजे त, लम्पसार परेर पल्टनुभएको छ । (पृष्ठ २८)

(ग) 'अब पनि यसो गर्न लागे त तडीतुम्बकी उडिहाल्छ । चिम्टा लिएर बमबम गर्दै हिँडे भैगयो नि !' भन्दै स्वास्नीले सुन्ने गरी कराउँदै गर्दथ्यो । (पृष्ठ ९५)

(घ) छट्टूकी बाहुनी– आफूभन्दा मान्यजनलाई रुवाएर दुःख दिएको पाप पनि तात्तातै भोग्नुपर्‍यो नि ! तिनले जस्तो हण्डर कसले पायो, लोग्नेलाई छुट्याएर लगेको, के मज्जा भयो लौ ! (पृष्ठ ११३)

### ५.२.१.८ विस्मयादिबोधक पदको चयन

(क) 'रिस थाम्न सकिनँ, कुन तेरो बाबुको सम्पत्ति ल्याएकी छस् ए डङ्किनी ! लौ तिर, यसको पैसा' भनेर धडेर लिएँ । बजिनीलाई दुसर पनि केही खान दिइनँ । ''स्याबास्' ठीक गर्‍यौं, त्यस्तै गर्नुपर्छ' भन्ने सासूमण्डलीको अनुमोदन भयो । (पृष्ठ ४)

(ख) रूपमतीमा खोट निकाल्ने स्त्रीसमाज चुप लागेर बस्तथ्यो ? 'काँठेको छोरी के गतिली हुन्थी !', अथ्यु ! निधार किन अँध्यारो नि ! 'हाँसेको कस्तो नराम्रो देखिने !!' 'आँखा किन चिम्सो ?' इत्यादि टीका टिप्पणी चल्यो । (पृष्ठ २३)

(ग) तेरीमा वेश्या ! आज मेरो छोराको हुर्मत लिने भएकी ! भएका नभएका कुरा जोडेर बरवाद गर्ने भएकी ! बोसो लागेको बजिनीलाई ! फूः गर्दा ढल्लीजस्ती थी, अहिले त मेरो घरको अन्नले स्वाँठीन्निसम्म स्वाँट्ठी, किन मुखमुखै नलागोस् ! भन्दै गाला चड्काउँदै झर्कन लागिन् । (पृष्ठ ४१)

(घ) रूपमतीको जस्तै बानीबेहोरा गराए आफूलाई सबैबाट 'स्याबास' मनाउने बाटोमा पनि त लाग्लान् नि ! (अन्तिम अनुच्छेद पृष्ठ १५)

उल्लेखित क, ख, ग, घ मा प्रयुक्त क्रमश ए डङ्कीनी !, स्याबास !, अथ्यु !, अँध्यारो निः, तेरिमा वेश्या !, नि !, छ ! आदि शब्दहरूको प्रयोग गरेर विश्मयादिबोधक पदको चयन भएको पाइन्छ ।

### ५.२.१.९ उखान-टुक्काको चयन

(क) रेवतीको मुख निन्याउरो थियो, 'नून खाएको कुखुरा जस्तो' थियो, मनैमनमा किन यो घरमा खुट्टा टेक्ने आएँछु ?

(ख) शर्माजीलाई पनि 'के खोज्छस् काना आँखो' भनेजस्तो भइहाल्यो । (पृष्ठ ७९)

(ग) शर्माजी- अहँ, म त पचाउँदिन । बाह्र वर्षसम्म कुकुरको पुच्छर ढुंग्रामा राखे पनि बाङ्गाको बाङ्गै त्यो कहिले सोझिन्थ्यो ? (पृष्ठ १०६)

(घ) चित्तबीर थापाकी मुखेनी- सानोबाजेले पनि त आमाले यसरी धुरुधुरु आँसु चुहाएको फल भोगिहाल्नु पऱ्यो । झण्डै खुस्किसकेका थिए, भाग्यले बाँचे ।

उदाहरण 'क' मा प्रयुक्त उखान "नून खाएको कुखुरा जस्तो" चयन गरेर रेवतीको गोरखापत्र पढ्दै दुःखित अवस्थामा डुबेको अवस्थालाई झल्काउन सही चयन गरेको पाइन्छ ।

उदाहरण 'ख' मा शर्माजीका भाइलाई घरबाट पर छुट्याएर राख्न चाहन्थे तर भन्न भने सकेका थिएनन् । यसै बेला रविलालले छुट्टिने कुरा गरेकोले शर्माजीलाई जे खोजेको थियो त्यही कुरा पुग्यो । यस भनाइलाई रोचक पार्न के खोज्छस् कानो आँखो उखानको चयन गरेको पाइन्छ ।

उदाहरण 'ग' मा शर्माजी आफ्नो भाइ कहिले पनि व्यवहारिक बन्न नसक्ने र म जति लामो समयसम्म दुःख पाए पनि ज्ञान फर्केर नआउने कुरामा रूपमतीलाई विश्वास दिलाउन "बाह्रवर्षसम्म कुकुरको पुच्छर ढुंग्रामा राखे पनि बाङ्गाको बाङ्गै" नामक उखान चयन गर्न सार्थक देखिन्छन् ।

उदाहरण 'ग' आमा बाबुको आँसुले पोल्छ जसरी रविलाले आमालाई रुवाएका थिए । त्यही आँशु लागेर दुःख खप्नु परेको कुरा देखाउन उपन्यासकार चित्तबीर थापाकी मुखेनी पात्र चयन गरी 'खुस्किनु' टुक्को सही ठाउँमा सही ढङ्गले प्रयोग गरेका छन् जसको अर्थ सिकिस्त बन्नु वा बिरामी पर्नु भन्ने अर्थ दिन्छ ।

### ५.२.२ शब्दचयनको तालिका

माथि दिएका उदाहरणहरूमा रेखाङ्कित शब्दहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**रेखाङ्किक पदवर्ग तालिका**

| **नामपद** | **सर्वनामपद** | **क्रियापद** |
|---|---|---|
| चमेली | कोही | जितिहाल्यो |
| बरालकन्या | उसको | उडिहाल्छ |
| दुलहा | उनी | कुरा छेडे |
| देवरानी | उनको | जितिहाल्यो |
| **विशेषणपद** | **अव्ययपद** | **अनुकरणात्मक** |
| राम्राराम्रा | भोलिपल्ट | झलमल्ल |
| बुट्टेदार | ढेस्सिएर | हस्याङ्गफस्याङ्ग |

| | | |
|---|---|---|
| अल्छी | थचक्क | स्याङ्ग |
| कान्छा | त्यसरी | लुरुक्क |
| पहिलो | | घप्लक्क |
| **निपात** | **विस्मयादिबोधक** | **उखान टुक्का** |
| त | ए डङ्गिनी | नून खाएको कुखुरा जस्तो |
| क्या | स्याबास ! | के खोज्छस् कानो आँखो, |
| नि | अत्थ्यु ! | |
| लौ | तेरिमा वेश्या | |

### ५.२.३ वाक्य चयनका आधारमा 'रूपमती' उपन्यास

**(क) परिचय**

ध्वनि, पद, पदावली, वाक्यांशहरूको कार्यक्रम दृष्टिले शब्द प्रमुख भई पूर्ण अर्थदिने भाषामा प्रयुक्त आधारभूत एकाइलाई वाक्य भनिन्छ । अर्थात् शब्दहरूको संयोजनबाट सार्थक शब्दहरूको समूहलाई वाक्य भनिन्छ ।

वाक्य – ना. (सं.) संरचनाका दृष्टिले ध्वनि, रूप, पद, पदावली र वाक्यांशयुक्त तथा प्रकार्यका दृष्टिले शब्द नै मुख्य भएको पूर्ण अर्थ वा भाव प्रकट गर्ने, भाषाको आधारभूत एकाइ; कुरा प्रष्ट पार्ने सार्थक शब्दहरूको समूह (नेपाली बृहत् शब्दकोश, २०५८ः ११२६) ।

वाक्य संरचनामा दृष्टिले 'रूपमती' उपन्यासमा सरल र जटिल दुवै प्रकारका वाक्यहरूको प्रयोग प्रशस्तै पाइन्छ तापनि सरल संरचना भएको वाक्यको बाहुल्य बढी पाइन्छ । यसले गर्दा सर्वसाधारणले पनि स्वतन्त्र रूपमा पढ्न र बुझ्न निकै सहज भएको पाइन्छ । जटिल वाक्य अन्तर्गत संयुक्त र मिश्र वाक्यहरको संरचना पनि भाषालाई क्लिष्ट बनाउने खालको नभएर भावलाई प्रभावशील भएर बग्न सकेको छ । सरल वाक्यको बढीभन्दा बढी प्रयोगले उपन्यासको भाषालाई सरल, सरस, सुबोध र प्रवाहपूर्ण बनाएको छ ।

#### ५.२.३.१ सरल वाक्यहरू

१.क. रविलाल पनि ठूलो हुँदै आयो । पण्डितनी बज्यैलाई विवाह गरिदिने मनुसुवा भयो । कन्याको तलासी हुन लाग्यो (पृष्ठ १९)

ख. आज शर्माजीका घरमा खैलाबैला थियो । सबै मानिस प्रसन्न देखिन्थे । जतासुकै चहकमहक थियो । (पृष्ठ ७५)

ग. बरालपुत्रीको दिन साह्रै नै दुःखमा बित्न लाग्यो । अब सबै कुरा जोरजाम नगरी गाँसको बन्दोबस्त हुनै गाह्रो परेको थियो । एक गेडा अन्न कतैबाट आउने थिएन (पृष्ठ १०२) ।

घ. शर्माजीको पनि उत्तरोत्तर बृद्धि हुँदै गयो । जागिर पनि बढ्दै गयो । रूपमतीलाई कुनै कुराको दुःख थिएन । उनकी छोरी पनि विलक्षण बुद्धि भएको बालक थियो । खुब पढ्न लेख्नमा मन लाउँथ्यो । सासू बूढी मस्त थिइन् (पृष्ठ ११३) ।

#### ५.२.३.२ लघु वाक्य संरचना

क. बाहुन एउटा राखिदिए । (पृष्ठ ४९)

ख. मन नपरे निकालिदिनू । (पृष्ठ १४)

ग. झम्टन आइहाल्छे । (पृष्ठ ६२)

घ. म त छुट्टिन्छु । (पृष्ठ ७९)

ङ.	नराखी सुख पाएनन् । (पृष्ठ ५)
च.	घर पुगे । (पृष्ठ ५९)

### ५.२.३.३ संयुक्त वाक्य

(क) सुगन्धित तेल हालिकन कपाल कोरेर कसिन्थे जुँघा घर आएको बेलामा आधा पनि सफाचट हुन पाउँदैनथ्यो, केवल एउटा-दुइटा अचकल्टा उखेलिन्थे । (पृष्ठ १७)

(ख) एउटा बनावटी जगत्को नाट्यशालामा जुन ऐश्वर्य र सौन्दर्यको चमत्कार देख्तथे यसलाई सच्चा सुख मान्दथे, त्यसमा मस्त थिए । (पृष्ठ १६)

(ग) दुई-चार दिन त बाजेले आफैँ तरकारी तयार गरे तर त्यो के मीठो हुन्थ्यो, प्रेम र दिल दिईकन मेहनतसाथ रूपमतीले पकाएको तरकारी खाइरहेको बानी शर्माजीलाई मुश्किल पायो । (पृष्ठ ७५)

माथिको उदाहरणहरूमा विभिन्न ठाउँमा कमा (,), पनि, केवल र तर आदि सयोजनको प्रयोग पाइन्छ ।

### ५.२.३.४ मिश्र वाक्य

एकभन्दा बढी उपवाक्यहरूको संयोजन भई संयुक्त वाक्यमा जस्तो उपवाक्यहरू सम्पादित स्थितिमा नभई विषयादिक स्थितिमा हुन्छन् । अर्थात् उपवाक्यहरूमध्ये एउटा मुख्य र अर्को चाहिँ सहायक बन्छ । मुख्य हुने उपवाक्य स्वतन्त्र प्रवृत्तिको हुन्छ र सहायक उपवाक्य चाहिँ उक्त स्वतन्त्र उपवाक्यको आश्रित भएर आउँछ ।

उदाहरण 'क' जतिजति रविलालको गल्लीमा आधिपत्य बढ्दै गएको थियो, उतिउति उनकी धर्मपत्नीको उनमाथि रवाफ जम्दै गएको थियो । (पृष्ठ ४५)

उदाहरण 'ख' स्नेह र दयाले रङ्गिएको रूपमतीको दिल देवरको त्यो क्रुर, कठोर हृदयहीन मारले छटपटाएको थियो । (पृष्ठ ८०)

उदाहरण 'ग' रविलाल घर पुग्यो र सरासर माथि पुगेर स्वास्नीलाई लातका लात भकुरेर झण्डै सिध्याएको थियो । (पृष्ठ १०६)

### ५.२.३.५ जटिलवाक्य

(क) एक अबला स्त्रीले आफ्नो धन्दाका साथसाथै रोगी ससुराको शुश्रूषामा पनि कति त्रुटि नदिई, सासूको बेप्वाँकको ताडना सही सधैं प्रसन्न चित्तले परिआएको सबै बेहोरी रातोदिन काममा जोतिरहनाले फलामको दिन त पग्लन्छ भने पढेलेखेका शर्माजीको दिलमा किन अर्कै असर नपरोस् ? (पृष्ठ २८)

(ख) लुइँटेल्नी बज्यैले आफ्नी छोरीलाई सघाई सिकाई पठाएकी थिइन् र त पण्डितनी बज्यैको आँखाको कसिङ्गर थिइन्; बरालपुत्री त ठाडै पहाडबाट, आएकी बाबुआमाले पुलपुल्याउनसम्म पुलपुल्याएका र धनसम्पत्तिले भुईमा खुट्टा नभएकी गजबको स्वभाव भएकी थिइन् । (पृष्ठ ३६)

(ग) चैतन्य अवस्थामा होस समालेर दिललाई मजबुत गराउन सक्यो अथवा प्रभावशाली, अर्काको मुटु थर्काउन, सद्विचार फिँजाउने सामर्थ्य भएको महापुरुषसँग सहवास हुन सक्यो अथवा मनोविज्ञान बुझेका बुज्रुकहरूको हातमा पायो भने मात्र तर लाग्यो, होइन भने त्यस्ता मानिस सहन साह्रै नै कठिन हुन्छ । (पृष्ठ ९२)

### ५.२.३.६ प्रश्नवाक्य

(क) सुनधाराका खसी बेच्नेहरू अब ! हल्लाखल्ला गर्न तिनीहरूलाई कसले भेट्टाउँछ ? बरालपुत्रीको आफैँ नहेरी सुख पाइनन् । के हो यो ? कानै छेड्ने गरेर कङ्ला शब्द गर्ने ? हुनुहुन्न भनेपछि पनि केको दङ्गा मच्चाइरहेको होला ? (पृष्ठ ९३)

(ख) छोरीचेलीले माइतमा गएर यो साँझको बखतमा रोइदिएर कहिल्यै फलिफाप हुन्छ ? अब के घरको यो अवस्थामा पुगेर अझ चित्त बुझेको छैन ? अलच्छिन लाएर कसलाई निलौं भन्ने छ; धन निलेर पुगेन र ? (पृष्ठ १०८)

(ग) रासविहारी- त्यही त भन्या यी आइमाइको गर्भै नरहने भए, त्यसै आपसेआफ उत्पन्न हुने भए कत्रो दुःखबाट बचिन्थ्यो ? गर्भावासको दुःख सानो दुःख हो ? (पृष्ठ ८०)

### ५.२.३.७ सबभन्दा लामो वाक्य

दश महिनासम्म गर्भधारण गर्ने, जन्मदेखि बालकको पालनपोषणमा दिलोज्यान दिने, छोराछोरी बिरामी भएमा दिनको भोक न रातको निंद सबै बिर्सेर सेवाशुश्रुषा गरी देवीदेवता पुकारी कत्ति गरेर बचाउने, दूध नछुट्याउन्जेलसम्म छोराको बिरामीमा कुपथ परेर बिग्रन जाला भन्ने डरले बारेर बस्ने, छोराले चाहे राम्रो काम गरोस्, चाहेँ नराम्रो काम गरोस्, चाहे माया गरोस् चाहे गाली गरोस् सधैँ एकनासको माया गरिरहने आमालाई ओजसङ्घर्ष लक्का जवान भएपछि स्वास्नीको हाहामा दौडेर उल्टो दोष लगाएर जान सक्ने, मातृहृदयमा छोराको निष्ठुरी व्यवहार देखेर कत्रो धक्का पुगेको होला, माताको हृदयले नै अनुभव गर्न सक्तछ (शब्द संख्या ८७) (पाण्डे, २०६०: ८०) ।

### ५.२.३.८ इच्छार्थक वाक्य

बरालपुत्री जे भन्न मन लाग्छ आफ्नै मन परेकी जेठी बुहारीलाई भन्नु । जेठानीले जे गरे पनि बोल्ने हो र ! हामीले भने छिरिक्क केही गर्नु हुँदैन । मन नपरे निकालीदिनू । (पृष्ठ ५४)

### ५.२.३.९ मुक्तक्रियात्मक वाक्यको प्रयोग

यस प्रकारको वाक्य चयनले उपन्यासको भाषामा लयात्मक मिठास आएको छ । यसका केही उदाहरणहरू–

(क) सन्तानका हकमा सबै पूँजी एउटै छोरी रूपमती । (पृष्ठ ९)

(ख) अमिनीमा धोकेको पैसा । (पृष्ठ ४०)

(ग) ईश्वरको इच्छा बुझ्न सक्ने कसको तागत । (पृष्ठ २६)

### ५.२.४ वाक्य चयनको आधारमा विश्लेषण

### १. सरल वाक्य संरचना

सरल वाक्य संरचनामा सरलवाक्यहरूका उदाहरण पाइन्छन् जसमा रविलालको उमेर बढ्दै गएको र उसको विवाहका लागि बधूको खोजतलाशी गर्दै गरेको प्रसङ्ग पाइन्छ । त्यस्तै 'ख' मा रूपमतीले पुत्र पैदा गर्दा सबै खुसियालीमा रहेको प्रसङ्गसँग जोड्न सरल वाक्य आएको छ । 'म' उदाहरण बरालपुत्रीको आर्थिक स्थिति खच्केको कुरालाई देखाउन प्रयोगमा आएको छ भने उदाहरण 'घ' मा सुरुमा जेजस्तो घर झगडा भए पनि अब घरमा शान्ति छाएकोछ । सबै खुसीयाली भएका सम्पत्ति पनि कमिएको, छोरा पनि लगनशील तथा शीलस्वभावले युक्त भएको पछि गएर कुशल व्यक्ति बन्न सक्ने लक्षण देखा पार्न उदाहरण 'घ' प्रयोग गरिएको छ ।

## २. लघुवाक्य संरचना

उदाहरण 'क' मा घरको काममा अति व्यस्त भएको देखेर रूपमतीलाई सहयोग गर्ने वा घरको काम गर्ने एक बाहुन राखेको प्रसङ्ग जोड्न सो वाक्य आएको छ । त्यस्तै गरी उदाहरण 'ख' मा बरालपुत्री घरको काममा सहभागी भएकी थिइनन् । उनी भने कहिल्यै मेलमिलाप भएर बस्न सकेकी थिइनन् हाकाहाकी रूपमा छुट्टिने भन्न सकेकी थिइनन् । घर भगडाका सन्दर्भमा एकै ठाउँमा बस्न मन नपराएर फरक ठाउँमा बस्न रुचाएको कुरालाई यस वाक्यले प्रष्ट पारेको छ । त्यसै गरी उदाहरण 'ग' मा पण्डितनी बज्यै बरालपुत्री आफ्ना श्रीमान्का कुरा काटेर उसका शिरमा टेक्ने गरेको कुरालाई यस वाक्यले समेटेको छ । यसरी नै आ-आफ्नो ठाउँमा लघुवाक्यको प्रयोग प्रासङ्गिक र सान्दर्भिक रहेको छ ।

## ३. संयुक्त वाक्य

उदाहरण 'क' मिस्टर शर्मा निकै सजिसजाउ भएर बनिएर हिंड्ने एक आधुनिक युग जमानासँग मिलेर हिंड्ने व्यक्तिको पहिचान दिन प्रस्तुत वाक्य अग्रसर भएको छ । उदाहरण 'ख' ले शर्मामा एक नाट्यशालामा हुने रोमाञ्चक र मनोरञ्जन गर्ने बानीले गर्दा खाली समयमा त्यसैतर्फ विशेष भुकाव दिने बानीको चर्चा गरिएको पाइन्छ भने उदाहरण 'ग' ले रूपमती गर्भवती भएको वखतमा शर्माले आफै खाना पकाएर खानु पऱ्यो । यस्तो बेला मीठो नभएको र निकै कष्टसँग व्यवहार चलाउनु परेको कुरालाई अझ रोचक पार्न प्रेम र दिल जस्ता शब्दले अति नै रोचक र मार्मिक बनाएको छ ।

## ४. मिश्रवाक्य

उदाहरण 'क' ले रविलाल र उनकी धर्मपत्नीको चरित्र भल्काउन प्रस्तुत वाक्य अग्रसर छ जसले रविलाल प्रशस्तै अरूप्रति गर्ने व्यवहार र उनकी धर्मपत्नीले पनि रविलाल माथि गर्ने व्यवहार पनि प्रष्ट पार्न यो वाक्य सान्दर्भिक छ । उदाहरण 'ख' रूपमती आफ्ना देवर देवरानीमाथि अति नै दया गर्दथिन् । उनी देवर देवरानीको पीर खपेर भए पनि दाजु-भाइ बीचको सम्बन्ध नबिग्रियोस भन्ने चाहन्छिन् । त्यसैगरी उदाहरण 'ग' मा रविलाल र बरालपुत्री बीचको सम्बन्ध बिग्रिएको छ । रविलाललाई बरालपुत्रीकै कारणले दुःख खप्नु परेको छ । बाहिरबाट आएर बरालपुत्रीलाई रिसको भोकमा लात हानेको अनि बरालपुत्री माइतसम्म जान बाध्य भएकी छन् ।

## ५. जटिल वाक्य

उदाहरण 'क' मा पाण्डेले शर्माजीलाई पढेलेखेका विद्वान् पात्र चयन गरेका छन् । रूपमतीमा एक कुशल नारीमा हुने सम्पूर्ण गुण उनमा पाइन्छ । एक बुहारी भएर सासूससुरालाई रिजाएर घर खान बुहारीलाई के कति कठिन पर्ने कुरा शर्माजीले बुझेको कुरालाई यहाँ प्रसङ्गबस जोड्न पुगेका छन् । उदाहरण 'ख' छोरीलाई माइतमा नै विभिन्न काम सिकाउनु पर्ने, घर गएपछि पनि त्यस्तै व्यवहार गर्ने गरेको पाइने कुरालाई बुझाउन रूपमती सवल नामी घर परिवारमा बढी लगानशील भएकी छन् । तर बरालपुत्री पुलपलिएकी नारी बढी उशृङ्खल गर्ने पात्रको प्रयोग गरी व्यवहार यथार्थतालाई देखाएको छ । त्यसैगरी उदाहरण 'ग' मा मानिसमा अनेक लतहरू पाइन्छन् । खराव लतमा लागेका व्यक्ति, कुमार्गबाट सुमार्गमा आउन केही समय लाग्ने कुरालाई अझ जोड दिन प्रस्तुत वाक्यको चयन गरेको पाइन्छ ।

### ६. प्रश्नवाक्य

उदाहरण 'क' रविलाल रिनमा डुबेको थियो । अब घरमा साहूहरू आउन थाले । उनीहरू हल्लाखल्ला गर्न लाग्छन् । रविलाल घरको एकान्तमा लुक्छ । बरालपुत्री हैनन् भनेर तर्काए पनि कसाइहरू ४ वटाको बीगो लगाउने तरखरमा देखिन्छन् । त्यसैगरी उदाहरण 'ख' मा बरालपुत्री जब घर पुग्छिन्, त्यहाँ पहिलाको कुनै चालठाल छैन । सबै लथालिङ्ग छ सबै नाङ्ग छन् भुत्रे भाम्रे लुगामा छोरीहरूको अवस्था देखेर बरालपुत्रीको मन दुखेर रुन थाली । बराल पुत्रीले सम्पत्ति सबै कुम्लो पारेर घर लगेर हाम्रो पनि यो अवस्था पारी, अझै पनि माइतमा आएर साँझमा रोएर के को अलच्छिन लगाउने अति दयनीय अवस्थालाई यहाँ सान्दर्भिक ढङ्गले प्रस्तुत गरेको पाइन्छ । उदाहरण 'ग' मा महिलाहरूले गर्भमा लामो समयसम्म राखेर अति नै दुःख कष्ट सहेर हुर्काएको वढाएकाले ऐले हेप्नु अत्यन्तै दुःखको कुरा व्यक्त गर्दै खुत्तेकी बहिनीका कुरामा सही थाप्दै रासविहारी प्रस्तुत प्रश्नात्मक शैलीमा आफ्ना वेदना पोख्छिन् ।

### ७. सबभन्दा लामो वाक्य

'रूपमती' उपन्यासमा प्रयुक्त अनेक शब्दहरूको पुनरावृत्ति गरेर निर्माण भएको यस उपन्यासको सबभन्दा लामो वाक्य प्रस्तुत उदाहरणको रूपमा राखेको छ । यो वाक्यमा आफै आफ्ना छोरो जसलाई सानो छँदा मर्लाकि भन्ने डर भइरहने र पछि गएर आमालाई नै दुःख दिएको देख्दा अति नै पीर बढेको प्रासङ्गिक कुरालाई यहाँ देखाएको छ । बालक छँदा मायाममता गरी पालनपोषण गर्नुपर्ने राम्रा नराम्रा कुरा गरे पनि आमाले मातृवात्सल्यलाई कहिल्यै बिर्सन नसक्ने तर ठूलो भएपछि जोइतिङ्गे भएर आमाको दिल रुवाएको जस्ता अनेक कुरालाई यसै लामो वाक्यले समेट्न सफल भएकोछ ।

### ८. इच्छार्थक वाक्य

यस उदाहरणमा बरालपुत्री आफ्ना श्रीमान् समक्ष यस परिवारमा एकै ठाउँमा बस्न नसक्ने देखिन्छे । अब चित्त दुःखाएर बस्नुभन्दा निस्कनु, फरक भएर बस्नु जस्ता इच्छा जाहेर गरेर बरालपुत्रीले आफ्ना पति समक्ष कुरा गरेको पाइन्छ ।

## ५.२.५ बिम्ब र प्रतीकको चयन

प्रस्तुत उपन्यासमा बिम्बको प्रयोग पनि प्रशस्तै भेटिन्छन् । यस उपन्यासमा उपन्यासकारले व्याङ्ग्यात्मक प्रभाव सिर्जना गर्न, सोचाइका तरङ्गहरूलाई प्रकट गर्नका लागि विम्बको प्रयोग गरेको छ । यस्ता विम्बको प्रयोगले उपन्यासमा प्रयोग गरिएका मिठास र लय थपिदिन्छ । यस उपन्यासमा प्रयोग गरिएका बिम्वात्मक प्रस्तुतिलाई यहाँ उदाहरण प्रस्तुत गरिन्छ –

(क) महाभारतको लडाइँ त अठार दिनमा सिद्धिएको थियो, पण्डित छविलालको घरमा जुन महाँरत चलेको थियो, त्यसको अन्त त कहिले होला र खोइ ! (पृष्ठ २)

(ख) पहिले त बरालपुत्री कामधेनु गाई थिइन् र यो उसको कदर थियो । जे भए पनि आधार थियो । उनी चिढिइन् भने पैसा नझर्ने, ब्वाँसो भएर, बेसार लाएर लक्कु हात लाउँथ्यो । (पृष्ठ १०२)

(ग) हाम्रो त खोइ एउटा मुसो पनि आउँदैन भन्ने कति पीर थियो ।

केही विम्बहरूको चयनः- टुपी समातेर बस्नु, मिरमिरे, रौबराबर, नून-खुर्सानी लाउनु, फलामको चिउरा, पुस्तकको किरा, कमलको पातजस्तो फूल, कानमा तेल हाल्नु, नाकै छेड्ला जस्तो, तपतप, अल्छीकी पिण्ड सतार्नीजस्ती, उडेको चरा खसाल्ने जस्तो लुते कुकुरजस्तो आदि पाइन्छन् ।

'रूपमती' उपन्यास सरल र सहज ढङ्गले नैतिकताको शिक्षा दिने उद्देश्यले लेखिएको उपन्यास भएकाले यसमा प्रतिकात्मक रूप खासै पाइँदैन । रूपमतीले सन्तान दिन नसकेको पीडामा जप गर्न हिंडेका लुइँटेलले महात्माको दर्शन पाउनु, रूपमतीले त्यसै राती काखमा सूर्य लडिबूढी गरेको सपना देख्नुले रूपमतीको सन्तानको जन्म हुने प्रतिकात्मक अर्थ अभिव्यक्त गरेको छ (चापागाई, विष्णुप्रसाद, शोधपत्र, २०६१: ८७) ।

## ५.२.६ अलङ्कार चयन

'रूपमती' उपन्यासमा आलङ्कारिक शब्दहरुको व्यापक रूपमा प्रयोग गरेको पाइन्छ । आभुषण अर्थ बुझाउने अलङ्कार शब्द कृतिको गहना हो । अलङ्काका सम्बन्धमा चर्चा गर्दा निम्नानुसार मतहरु पाइन्छन् –

(क) अलङ्कृतिः 'अलङ्कार' अर्थात् काव्यको सौन्दर्य वा शोभा नै अलङ्कार हो ।

(ख) अलङ्क्रियते-अनेन-इति अलङ्कारः अर्थात् काव्यसौन्दर्यको कारक तत्त्व वा साधन-उपकरण नै अलङ्कार हो (श्रेष्ठ, २०५८: १२३) ।

आभूषण मानव सौन्दर्यको उपकरण भएझैं अलङ्कार काव्य वा साहित्य सौन्दर्यको उपकरण हो । उपन्यास साहित्यको एक महत्त्वपूर्ण विधा भएकाले यसमा विविध शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग प्रशस्तै पाइन्छ । यस उपन्यासमा प्रयुक्त केही अलङ्कारको प्रयोग निम्नानुसार पाइन्छ–

उदाहरण 'क' भात खाएपछि पाउ सुम्सुम्याउँदै सासूको सुकला भइहाल्यो भने एक दुई छडी केही फूर्सत भयो । कमसेकम कचकचबाट बाँचियो, काम न बत्तीकाती बुझाउनुपर्दथ्यो । (पृष्ठ १)

अनुप्रास अलङ्कार– एक या अनेक व्यञ्जन वर्णहरूको एक या अनेकपटक आवृत्तिद्वारा उत्पन्न हुने शब्दालङ्कारलाई अनुप्रास अलङ्कारका भनिन्छ । यो अलङ्कारका व्यञ्जन वर्णको आवृत्ति हुनु, साथै वर्णहरु क्रमवद्ध रहनु, रसअनुकूल आवृत्ति हुनु जस्ता लक्षणहरू पाइन्छ ।

(माथिको उदाहरणमा – म, स, उ, क, म, च, ब, इ जस्ता अनेक स्वर तथा व्यञ्जन वर्णहरूको क्रमविना अनेकपटक आवृत्ति भएको पाइन्छ ।)

(ख) मान्छे भनेको त लुइँटेलनी बज्यै नै हुनुहुन्छ ।
साक्षात लक्ष्मी नै हो । (पृष्ठ ११५) **(अत्ति शयोक्ति)**

## ५.२.७ चिह्न प्रयोग

भाषाका लेख्य रूप र कथ्य रूप पाइन्छ जसमा लेख्य भाषाका विभिन्न चिह्नहरू पाइन्छन् । ती चिह्नहरूको प्रयोगले विभिन्न भाव तथा अर्थहरूको प्रक्षेपण गरेको हुन्छ । रूपमती उपन्यासलाई सरसर्ती हेर्दा नेपाली भाषाका लेख्य रूपमा पाइने सम्पूर्ण लेख्य चिह्नहरूको सान्दर्भिक प्रयोग भएको पाइन्छ । चिह्न प्रयोग गराइलाई हेर्दा सही ठाउँमा सही चिह्को प्रयोग गरेको पाइन्छ । यस उपन्यासमा प्रश्न चिन्ह, विस्मयादिबोधक चिन्ह, अल्पविराम चिन्ह, उद्धरण चिन्ह आदिको प्रयोग भएको पाइन्छ ।

उदाहरण 'क' सम्बोधन तथा प्रश्नचिन्हको प्रयोग,

ए चमेली, चमेली, चमेली ! के तेरी दुलही बज्यै अझ उठेकी छैन? (पृष्ठ १)

उदाहरण 'ख' विस्मयादिबोधक चिन्ह,

काँठेकी छोरी के गतिली हुन्थी ! अथ्यु ! निधार किन निन्याउरे नि ॥ हाँसेको कस्तो नराम्रो देखिने ! 'आँखा किन चिम्सो' (पृष्ठ २३)

उदाहरण (ग) अल्पविराम चिन्ह प्रयोग/चयन

(क) पण्डितनी बज्यैले सभापतिको आसन ग्रहण गरेकी थिइन । 'आजकालका बुहारीहरू बेकम्मा, उत्ताउला, बाइफाले हुन्छन् भन्ने कुरामा ठूलो बहस चल्यो । (पृष्ठ ३)

(ख) 'पूजासामा गर, बत्ती भिजाऊ, पशुपति जाऊ, पूजा गर' बत्ती कुर, कत्रो हैरानी !' सबैले हाँमा हाँ मिलाए । (पृष्ठ ३)

उदाहरण 'क' मा बेकम्मा, उताउला, बाइफाले तीनवटा शब्दलाई छुट्याउन बीचमा कमा (, ) को प्रयोग गरेको छ भने उदाहरण 'ख' मा सासूमण्डलीले बुहारीलाई हेप्ने र प्रशस्तै काममा संलग्न गराउन अनेक काममा लगाउने गरेको प्रसङ्ग छ जसमा पूजासाजा गर, बत्ती निभाऊ, पशुपति जाऊ, पूजा गर, बत्ती कात आदि कुरामा कमा (, ) को प्रयोग गरेको पाइन्छ । प्रत्येक शब्दलाई फरक देखाउन वा छुट्याउन कमा (, ) को प्रयोग गर्ने गरिन्छ ।

### ५.२.८ उद्धरण चिह्नको चयन

कुनै पात्रको भनाइलाई जस्ताको त्यस्तै व्यक्त गर्नु परेमा दुईवटा उद्धरण चिह्नको प्रयोग गरिन्छ । केही आफ्ना कुरा थपेर वा केही शब्दहरूलाई थपघट गरी कसैको भनाइलाई लेखिन्छ भने एकल उद्धरण चिन्हको प्रयोग गरिन्छ । यस उपन्यासमा प्रयुक्त उद्धरण चिह्न एकल प्रयोग गरिएको छ । जसको केही उदाहरणको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

(क) दहालनी बज्यै– 'बुहारीलाई जति सक्यो जोत्नैपर्छ नत्र त सासूलाई मान्छे नै गन्दैनन्' यो भन्छिन्, के गर्ने ? हजूरकी देवरानी त देवरानी हुन् । (पृष्ठ २१)

(ख) एक दिन 'आमा सार्है छन्, मनै बाँच्ने ठेगान छैन' भनेर पहाडबाट गाउँलेहरू आएकाले बाहुनानीले घर नगई सुख पाएनन् । (पृष्ठ १८)

माथिको उदाहरण 'क' मा रूपमती एक कुशल बुहारीका रूपमा रहेकी छन् । उनी सासूहरूले अनेक यातना दिए पनि अनेक तवरले गाली गरे पनि वा हेपे पनि सासू नगन्ने कुरा व्यक्त गर्दै दहाल्नी बज्यै रूपमतीकी सासूसँग यी शब्दहरू व्यक्त गर्दछिन् । त्यस्तै गरी उदाहरण 'ख' मा पण्डितीको घरमा काम गर्ने बाहुननानी थिए । उनका बाबु बिरामी परेको खबर गाउँलेहरूले घरसम्म ल्याएकाले उनी घर जान बाध्य भएको प्रसङ्गमा यी शब्दहरूको प्रयोग वा चयन गरिएको छ ।

## ५.३ सारांश

शब्द, वाक्य, चिह्न आदि भाषिक एकाइहरूको सही छनोटलाई चयन भनिन्छ । यस एकाइमा नामपद चयन, सर्वनाम चयन, क्रिया, क्रियाविशेषण (अव्यय) निपात, अनुकरणात्मक शब्द पर्दछन् । वाक्य चयनअन्तर्गत सरलवाक्य, जटिलवाक्य, मिश्रवाक्य, लघुवाक्य, लामोवाक्य संयुक्तवाक्यका साथसाथै विभिन्न चिह्नको समेत प्रयोग गरेका दुई/तीनवटा उदाहरणहरू प्रस्तुत गरिएका छन् । त्यस्तै गरी कृतिलाई रोचकमाथि थप रोमाञ्चक पार्ने बिम्ब प्रतीक अलङ्कार आदिको समेत चर्चा गरिएको छ । समग्र उपन्यास हेर्दा डबल उद्धरणको प्रयोगका साथै विभिन्न थेगोको चयन पाइँदैन । तापनि उपन्यासमा आवश्यक अङ्गहरू भने राम्ररी चयन गरेको पाइन्छ ।

## छैटौं परिच्छेद

# विचलन र समानान्तरताका आधारमा 'रूपमती' उपन्यास

## ६.१ परिचय

शैलीविज्ञान पद्धतिलाई अङ्गालेर 'रूपमती' उपन्यासको भाषिक विश्लेषण गर्ने सिलसिलामा यस परिच्छेदमा साहित्यिक भाषाको सिर्जना गर्ने अग्रभूमि निर्माणको दुई पाटाहरू जसमा विचलन र समानान्तरता पक्षको विश्लेषण गरिएको छ । 'रूपमती' उपन्यासमा प्रयुक्त विचलनअन्तर्गत अध्ययन गर्ने सीमाहरू - कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनिप्रक्रियात्मक विचलन, अर्थतात्विक विचलन भाषिका विचलन र समानान्तरता अन्तर्गत बाह्य समानान्तरता र आन्तरिक समानान्तरता आदिको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ६.२. विचलन

शैलीविश्लेषण प्रक्रियामा भाषिक उपकरणको संरचनालाई साहित्यिक विशिष्टता दिन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अग्रभूमि निर्माणअन्तर्गत पर्ने एक पक्ष विचलन हो । शैलीविज्ञानका सन्दर्भमा सर्वप्रथम अग्रभूमि निर्माण भनी नामाकरण गर्ने, प्रथम प्रतिपादक प्राग् स्कुलका भाषावैज्ञानिक मुकारोम्स्की हुन् । भाषिक अभिव्यक्तिमा ध्यानाकर्षण पैदा गराउने युक्ति अग्रभूमि निर्माण हो । यसैको एक पाटा वा एक पक्ष विचलन हो । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा : २०५८ : ८) ।

सामान्य नियम वा प्रचलित संरचनाको अतिक्रमणलाई विचलन भनिन्छ । प्रचलित पक्ष वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भन्न सकिन्छ । सामान्य नियमबाट रूपान्तरित हुँदैन तसर्थ यसलाई विचलन भनिएको हो । विचलन भाषिक एकाइका विभिन्न स्तरमा देखिन सक्छ । वर्ण, रूप, शव्द, पदावली, उपवाक्य, वाक्य र सङ्कथनका तहमा पनि विचलन प्रतिविम्बित हुनसक्छ ।

भाषाको ध्वनिप्रक्रिया, व्याकरणिक संरचना र त्यसबाट प्राप्त हुने अर्थ निश्चित नियम, निश्चित सीमा र निश्चित व्यवस्थाको परिधिभित्र अनुवन्धित रहेको हुन्छ । भाषा एक व्याकरणिक नियममा बाँधिएको हुन्छ । यसै नियममा नियमित रहेको हुन्छ । कहिलेकाहीँ यसै नियमको विपरित हुन गएमा भाषिक विचलन हुन्छ । भाषाको आ-आफ्नै नियम, ढाँचा, रीति रहेको हुन्छ । यहीँ नियममा रहेको भाषा मानक रूप मानिन्छ तर कहिलेकाहीँ मानक नियमको भङ्ग गरेमा वा उल्लङ्घन गरेमा विचलनको जन्म हुन्छ ।

'रूपमती' उपन्यासको शैलीवैज्ञानिक दृष्टिले विचलनलाई कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, अर्थतात्विक भाषिका विचलनको आधारमा अध्ययन गरिएको छ ।

### ६.२.१ कोशीय विचलन

भाषाको आ-आफ्नै कोश (शव्दकोष) निर्माण हुन्छ । यसरी निर्माण गरिएका शब्दकोषमा सम्पूर्ण परिस्थिति अवस्थामा नयाँ आवश्यक शव्दको ठाउँमा नवीन शव्दको प्रयोग गर्ने प्रचलन यदाकदा पाइन्छ । जुन शब्द, शव्दकोशमा उल्लेख हुँदैन र अर्थ पनि त्यसले सही दिन सकेको नहुन सक्छ तैपनि प्रयोगमा ल्याएको खण्डमा त्यस्तो स्थिति सृजना गर्छ जसलाई कोशीय विचलन भनिन्छ ।

अर्थात् कोशमा प्रयुक्त शव्दहरूले मात्र स्रष्टा वा सर्जकका काव्यात्मक अभिव्यक्तिको सामर्थ्यलाई बहन गर्न नसकेमा स्रष्टाले सौन्दर्य सङ्गतिका लागि नयाँ शव्दहरूको निर्माण वा प्रचलित शव्दहरूको संरचनामा अतिक्रमण गर्नु नै कोशीय विचलन हो । यो नवीन शव्दहरूको निर्माण, शव्दनिर्माण प्रक्रियाको एउटा असामान्य र अराजक रूप हो । 'रूपमती' उपन्यासमा प्रयोग गरिएका केही शव्दहरूमा विचलन पाइन्छन् । जसलाई यहाँ चर्चा गरिएको छ -

(क) 'बाह्र वर्षमा खोलो त फर्कन्छ भन्छन्, पतिको सुदृष्टि पनि जरुर फर्कला, किन फर्कोइन ?' भन्दै भरसक आफूलाई बुझाउथिन् । (पृष्ठ २५)

ख. एउटा बहाना गरेर निकालिदिनु होइन, दङ्गा मच्चाउनेजस्तो देखियो भने एउटा मान्छेलाई अघि सारिदिनु, त्यसैले सकार्छ भैगयो नि भन्ने सल्लाह ठहऱ्यो (पृष्ट ४३)

ग. हुनत; छोराछोरी विगार्ने त्यस्तै किसिमका आमाबाबुले हो, म होओइन भन्दिनँ तथापि यहाँ त आमाले भन्दा पनि स्वास्नीले त्यसरी क्वाँचका क्वाँच पड्काउन लागेपछि किन रविलाल त्यस्तो भएर ननिक्लोस् ? (पृष्ठ ११५)

उल्लिखित रेखाङ्कित शव्दहरू मानक भाषामा अप्रचलित र नेपाली बृहत् शव्दकोश २०५८ मा समावेस गर्न नसकेका शव्दहरू हुन् । उदाहरण 'क' मा प्रयुक्त 'फर्कोइन' शव्द कोशीय दृष्टिले विचलन आएको छ । रूपमतीले आफ्नो पतिलाई रिजाउन निक्कै कठिन परेको अवस्थामा बाह्रवर्षमा एक पटक हिँडेको खोला त्यही ठाउँमा फर्कन्छ तर आफ्नो पतिको उनको मन किन नफर्कला भन्ने सन्दर्भमा यो शव्द चयन गरिएको छ । त्यस्तै गरी उदाहरण 'ख' मा बरालपुत्रीकी माईतकी गोठाल्नीलाई मधुवन बरालले छोरीको घरमा पठाएका हुन्छन् उनी र रविलालको लसपस वडेपछि कसरी छुट्याउने भन्ने चिन्ता बढेको बेला एक अदालती मित्र कोही आएमा सँगै बरालपुत्रीकोमा पठाइदिनु, नभएमा कोही खोजेर पठाइदिनु, उसैले पुऱ्याउँछ वा लान्छ भन्ने प्रसङ्ग जोड्न 'सकार्छ' शव्दको चयन भएको छ ।

उदाहरण 'ग' मा रसविहारीको मार्फत अधिकांश केटाकेटीहरू आमाबाबुले पुलपुल्याएर र पैसा दिएर विगारेको पाइन्छ त्यसमा पनि श्रीमतीले भनेजति सम्पत्ति जतिपायो त्यति खर्चगर्ने वातावरण तयार गरेपछि किन सम्पत्ति नउडाओस् भन्ने प्रसङ्गमा 'क्वाँचका क्वाँच' शव्दको चयन गरिएको छ सो शव्द कोशीय विचलनलाई व्यक्त गर्न प्रस्तुत भएको छ ।

### ६.२.२ व्याकरणात्मक विचलन

भाषामा प्रयुक्त शव्दहरू व्याकरणिक दृष्टिले शुद्ध हुन आवश्यक हुँदाहुँदै पनि लिङ्ग, वचन, पुरुष, काल, कारक, वाच्य आदिमा अथवा वाक्य, उपवाक्य, शव्दसमूह आदिमा व्यवस्थित अनुक्रममा हुनुपर्नेमा अतिक्रमण भई व्यक्त हुँदा व्याकरणात्मक विचलन हुन पुग्छ । 'रूपमती' उपन्यासमा प्रयुक्त व्याकरणात्मक विचलनका केही उदाहरणहरुलाई लिएर हेर्न सकिन्छ –

उपन्यासकारले यस उपन्यासमा अधिकांश स्थानमा स्थापित व्याकरणिक नियमको पालना गरेको पाईन्छ तापनि विशिष्ट भाषिक प्रभाव सृजना गर्न र भाषालाई आलङ्कारिक बनाउन व्याकरणिक नियमको प्रचलित पदक्रम (कर्ता, कर्म, क्रिया) लाई अतिक्रमण गरेको पाईन्छ । जस्तै -

क. एक वचन बोलेकी छैन उल्टो उसैको घुर्की ठूलो । (पृष्ट ३९)

ख. जाऊ भात खान । (पृष्ट ७४)

ग. कान्छी बुहारी मात्र एउटा कुनामा ठुसठुस बसिरहेकी, मुख पनि निन्याउरो । (पृष्ट १०७)

प्रस्तुत उदाहरण 'क' मा कर्ता र कर्मको प्रयोग भएको तर क्रियाको प्रयोग पाइदैन । त्यस्तैगरी उदाहरण 'ख' मा 'जाउ भात खान' मा भात खान जाऊ हुनु पर्नेमा पदक्रममा विचलन पर्न गएको छ । त्यस्तैगरी उदाहरण 'ग' मा कर्ता कर्मको प्रयोग पाइन्छ तर क्रियाको प्रयोगमा विचलन पाइन्छ "कान्छी ........, मुख पनि निन्याउरो" यस वाक्यमा पनि क्रियापदमा विचलन पाइन्छ ।

त्यस्तै गरी मुक्त क्रियात्मक वाक्यको प्रयोगका केही उदाहणहरू –

(क) सन्तानका हकमा सबै पूँजी एउटै छोरी रूपमती (पृष्ठ ९)

(ख) अमिनीमा धोकेको पैसा । (पृष्ठ ४०)

(ग) ईश्वरको इच्छा बुझ्न सक्ने कसको तागत । (पृष्ठ २६)

## ६.२.३ ध्वनि पक्रियात्मक विचलन

प्रत्येक भाषाको आफ्नै ध्वन्यात्मक पक्रिया हुन्छ । भाषाको निश्चित र व्यवस्थित उच्चारणमा नै यसको अर्थ पनि सार्थक हुन्छ । भाषाका सम्पूर्ण वक्ताले स्वीकारेका सहज ध्वनि व्यवस्था नै त्यस भाषाको मानक ध्वनि वा उच्चारण हो । यसको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्टरूपमा छुट्याउन सकिने अन्तरबाट ध्वनिप्रक्रियात्मक विचलन देखा पर्दछ । खास एकाइको उच्चारणमा पहिचान्न सकिने अन्तर जस्तै प्रस्तुत (प्रश्तुत) सङ्गीत (सङ्गीत) शहीद (सहिद) दशै (दसै) नै ध्वनि प्रक्रियात्मक विचलन हो (शर्मा २०४८: २८) ।

यस उपन्यासमा प्रयुक्त ध्वनितात्विक विचलनलाई उदाहणका रूपमा प्रस्तुत गरिन्छ-

क) कप्तान्नी खुसी भइन् । रामेकी आमा अघि सरिन् 'मेरी रामेकी बाहुनीजस्ती चण्डाल्नी कसैले देखेको होओइन । पृष्ठ ३ ।

ख) ब्राह्मणीले मुखभरिको जवाफ दिइन् - के आइडिन लाउने ? आइडिन-फाइडिनले निको हुने हो यो ? पृष्ठ ७१

ग। नानीचा - खः वज्यै ! कहिले ट कस्टो ज्ञानका कुरा गर्छन् नि हामी ट छक्क पड्यो । (पृष्ठ ८९)

घ। नानीचा - अस्टि फेता बाँढेको अग्लो ह्वार्लाङ्ग सुरुवाल लाएर दरलाग्दो मानिसले चोकबाट सानो बाजे भनेर कराउँठियो (पृष्ठ ९०) ।

प्रस्तुत उदाहरण (क) मा प्रयुक्त शव्द 'होओइन' शव्दमा विचल भएको छ जसमा 'होइन' नामक शव्दको आवश्यक देखिन्छ । त्यस्तै गरी उदाहरण 'ख' मा प्रयुक्त आइडिन शव्द जुन अङ्ग्रेजी शव्द 'आयोडिन' शव्दको विचलन भई 'आइडिन' प्रयोग गरिएको छ । त्यस्तै गरी उदाहरण 'ग' मा 'त'वर्णमा विचलन भई 'ट' को प्रयोग गरिएको छ, जसले गर्दा ध्वनितात्विक विचलन भएको पाइन्छ । त्यस्तै गरी उदाहरण 'घ' मा अस्टि, फेता, बाँठेको दरलाग्दो, कराउँठियो आदि शव्दहरू क्रमश : अस्ति, फेटा, बाँदेको, डरलाग्दो, कराउँथ्यो विचलन भई प्रयोग गरिएको पाइन्छ । नेवार जातिमा विशेष गरी 'त' ध्वनि र 'ट' ध्वनिमा प्रशस्तै विचलन पाइने हुनाले पाण्डेले जस्ताको तस्तै शव्दको प्रयोग गरेको पाइन्छ । यस वाक्यको आधारमा नानीचा नेवार परिवारकी स्त्री पात्रका रूपमा रहेको पुष्टि हुन्छ ।

उल्लिखित रेखाङ्कित शव्दहरूलाई तालिकाका माध्यमद्वारा अझ प्रष्ट पारिएको छ -

**तालिका नं. ८**
**ध्वनिक्रम**

| क.स. | विचलित ध्वनिक्रम | मानक ध्वनिक्रम | विचलन स्पस्टीकरण |
|---|---|---|---|
| १ | होओइन -ह्+ ओ + ्इ + ्न् ्अ | होइन | ओ आगमन भएको छ |
| २ | आ+य्+ओ+ड्+इ+न्+अ | आयोडिन | इ आगमन भएको छ |
| ३ | क्+अ+स्+ट्+ओ | कस्तो | टो आगमन भएको छ |
| ४ | प्+अ+ड्+अ+य्+ओ | पऱ्यो | ड आगमन भएको छ |
| ५ | ट्+अ | त | ट आगमन भएको छ |
| ६ | द्+अ+र्+अ+ल्+आ+ग्+द्+ओ | डरलाग्दो | ड आगमन भएको छ |
| ७ | अ+स+इ+ट | अस्ति | ट आगमन भएको छ |
| ८ | फ्+ए+त्+आ | फेटा | ता आगमन भएको छ |
| ९ | ब्+आँ+ढ+ए+क्+ओ | बाँधेको | ढे आगमन भएको छ |
| १० | क्+अ+र्+आ+उँ+द्+अ+थ्+इ+य्+अ ो | कराउँदथियो | उ आगमन भएको छ |

### ६.२.४ अर्थतात्विक विचलन

कुनै पनि शब्दको अविधामूलक वा कोशीय अर्थ त्यस शब्दको मानक अर्थ हो । तर कहिलेकाहीँ अविधा अर्थले मात्र नपुगेर लाक्षणिक, व्यञ्जनात्मक, विम्बात्मक आदि विशिष्ट अर्थ व्यञ्जित हुने गर्दछन् । त्यसलाई हामी अर्थतात्त्विक विचलन भन्ने गर्दछौं । तसर्थ साहित्यमा कोशीय अर्थको अतिक्रमण भई ध्वन्यात्मक र आलङ्कारिक अर्थ प्रतिपादन गर्ने गरिन्छ । यस प्रकारको विचलनलाई अर्थतात्त्विक विचलन भनिन्छ । अर्थतात्विक विचलनलाई साहित्य सिर्जनाको सबैभन्दा सार्थक, उर्वरशील र सौन्दर्यमूलक रूपमा लिन सकिन्छ । यस उपन्यासमा अर्थतात्त्विक विचलन भएका केही वाक्यांश तथा शब्दहरू -

(क) चमेलीलाई सासूले कपालमा चढाइराखेकी थिइन्, यसैले कसैलाई रौ बराबर गन्दैनथी (पृष्ठ१ ) ।

(ख) बाटुलीले आँखामा आँसु लिएर के आँखा पर्लक्क पल्टाएकी थिई, मरेको बिरालो काखी च्यापेर हिँडेजस्तो देखियो, ठिङ्ग उभिरह्यो, उसको बोल्ने हब्बा-कब्बा भएन । (पृष्ठ ४२)

(ग) शर्माजी - अहँ, म त पत्याउँदिनँ । बाह्र वर्षसम्म कुकुरको पुच्छर ढुङ्ग्रामा राखे पनि वाङ्गाको बाङ्गै, त्यो कहिले सोझिन्थ्यो ? (पृष्ठ १०६)

उदारहण 'क' मा प्रयुक्त 'कपालमा राखेकी' र 'रौंबराबर' दुई शव्दले क्रमशः पुलपुल्याएकी र कसैलाई कत्ति पनि नगन्ने वा कोहीदेखि नटेर्ने भन्ने लाक्षणिक अर्थ दिन्छ । तसर्थ यहाँ शव्दको विचलन भई यो शव्दको प्रयोग गरी विचलन भएको पाइन्छ ।

उदाहरण 'ख' मा प्रयुक्त 'मरेको विरालो काखी च्यापी हिडेजस्तो' शव्दहरूको प्रयोग पाइन्छ जसको अर्थ विस्तारै भन्ने दिन्छ । विस्तारै वा अल्छी गरी जस्ता शव्दले दिने अर्थ भन्दा सोही शव्दहरूले नै बढी सान्दर्भिक र प्रभावकारी बा रोचकता थप्ने हुनाले यहाँ अर्थतात्विक विचलनले अझ रोचकता थपेको पाइन्छ ।

उदाहरण 'ग' मा पनि रेखाङ्कित शब्दले गति भने पनि उस्ताको उस्तै भन्ने अर्थ भए पनि यी शव्दहरूको विचलन भए पनि सार्थक भएको छ ।

### ६.२.५ भाषिका विचलन

कुनै पनि सिर्जनात्मक लेख वा काव्यमा कुनै खास प्रयोजनका लागि कुनै खास भाषिकाको उपयोग गरी भाषाको मानक रूपको अतिक्रमण गर्नुलाई भाषिका विचलन भनिन्छ । "रूपमती" उपन्यासमा रहेका भाषिका विचलनका उदाहरणहरूः-

(क) अब त छोरीले घर खाइहोली, तेरीलाई ल्याउँछस् भने सँगै लिएर आ भनेर मधुवनले भनेका हुनाले शर्माजीले बुहारीलाई बाबुको हिल्ला लगाइदिए । (पृ.४३)

(ख) नानीचाः- कुन डिन रे कजिनी साहेब ! - यति के मुखबाट निकालेकी थिई, कजिनीले आँखा सन्काइन् ! औंला मुखमा पुऱ्याएर, " चुप" भन्ने इशारा गरिन् । नानीचाले बुझिन, प्वाक्क बोली) नाच भएको ?(पृ.९०)

(ग) नानीचा ऊ कजिनी साहेबलाई ठाहा छ । (पृ.९०)

माथिका उदाहरणहरूमा भाषिका विचलन भएको पाइन्छ । उदाहरण 'क' मा रेखाङ्कित 'आ' वर्ण 'आइज' शब्द विचलन भएर आएको पाइन्छ । त्यस्तै गरी उदाहरण 'ख' मा 'डिन' शब्द 'दिन' शब्दको भाषिका विचलन भएर आएको छ भने उदाहरण 'ग' मा 'ठाहा' शब्द 'थाहा' शब्दको विचलन भएको पाइन्छ ।

## ६.३ समानान्तरता

भाषा प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् । समानान्तरता भनेको बढी नियमितताको पालन हो । समानान्तरतालाई बाह्य र आन्तरिक गरी दुई तहमा अध्ययन गरिन्छ ।

### ६.३.१ बाह्य समानान्तरता

(क) तुसारोको आघातले शक्तिहीन भएका वृक्षहरू केही रसाउँदै आए, पालुवा जताततै बढ्दै आए, रुखका पात हरिया, चिल्ला देखिन लागे, बगैंचामा फलफूलका कोपिलाहरू चारैतिर सुवास फैलाउँदै पटपट फुट्न लागे, चराचुरुङ्गीको मीठो सङ्गीतले वनै गुञ्जिन लाग्यो, भमराहरू भूँ-भूँ गर्दै फूलको रस चाख्न लागे, हावा मन्दमन्द बहँदै कामिनीगणको दिललाई प्रफुल्ल तुल्याउन थाल्यो । ' को हो, को हो' भन्दै कोइली वसन्त ऋतुको बहारमा चुर्लुम्म डुबेर मग्न थिए । (पृ.६०)

(ख) जतिजति रविलालको गल्लीमा आधिपत्य बढ्दै गएको थियो, उतिउति उनकी धर्मपत्नीको उनमाथि रवाफ जम्दै गएको थियो । पहिले पहिले पो खल्तीमा दामसम्म राख्दैनथे, ताल्चा पनि बलियो गरी बाकसमा लगाएका थिएनन् । -पृ.४५)

(ग) हेर, त्यो रविलालकी स्वास्नी हुनसम्मकी संहारे रहिछे । यहाँ सासूलाई त्यस्तरी भन्नु नभन्नु भनी, गर्नु नगर्नु गरी त्यसको चोटपनि पाई । (पृ.११४)

माथिका उदाहरणहरूमा बाह्य समानान्तरता पाइन्छ । उदाहरण 'क' मा पट्ट-पट्ट, भूँ-भूँ, मन्द-मन्द, को हो, को हो जस्ता शब्दहरूको पुनरावृत्तिले बाह्य समानान्तरता देखाउँदछ । उदाहरण 'ख' मा जतिजति, उतिउति र पहिले पहिले जस्ता शब्दहरूको पुनरावृत्ति पाइन्छ भने उदाहरण 'ग' मा भन्नुनभन्नु भनी, गर्नुनगर्नु गरी जस्ता शब्दहरूमा बाह्य समानान्तरता पाइन्छ ।

### ६.३.२ आन्तरिक समानान्तरता

भावार्थ र वाच्यार्थको नियमित पुनरावृत्तिबाट साहित्यिक कृतिमा आन्तरिक समानान्तरताको सृजना हुन्छ । आन्तरिक समानान्तरताले शब्दको तथा वाक्यको अर्थका दृष्टिले समानान्तरतालाई झल्काउँदछ । जस्तैः-

(क) छोरीको उज्वल मुहार, ईश्वरको कालिगड पूरा झल्केको स्वरूप देख्तैमा उनी प्रशन्न भइन् । लाडप्यारले छोरीको पालनपोषण हुन लाग्यो । शुक्लपक्षको चन्द्रमा झैँ उनी ठूली हुँदै गइन् ।

(ख) मिष्टर शर्मा:- के कुरा गर्नुभएको आमा ? एउटी ग्वाँगर मूर्खले पुगेन र अर्की ल्याउन आँट्नुभएको ? नदुखेको कपाल किन डोरी लगाएर दुखाउने ? आमालाई छानाबाट खसेजस्तो भयो । ( पृ.२५)

(ग) रूपमतीको फुट्दै आएको यौवनलाई उनको सारा शरीरमा प्रेम रस संचार हुन लाग्यो, गुलाफको फूल फूलेजस्तो उनको जवानी देखिन्थ्यो, मुस्कानमा बिजुली दौडन्थ्यो । आँखीभौँ मानौ गङ्गाजीको वक्षस्थलमा कालो सर्पको तैरिरहेको हो कि भन्ने जस्तो देखिन्थ्यो । ती ठूलाठूला आँखाहरू जसमा पऱ्यो उही मनोरञ्जित हुन्थ्यो । सौन्दर्यले आफ्नो मजबुत डेरा जमाएको थियो ।(पृ.३७)

उदाहरण 'क' मा विभिन्न अलङ्कार, बिम्बहरूको प्रयोग गरी आन्तरिक समानान्तरतालाई प्रष्ट रूपमा देखाउने प्रयास गरिएको छ । जसमा उज्ज्वल मुहार, ईश्वरको पूरा कालिगड झल्किएको स्वरूप, शुक्लपक्षको चन्द्रमा झैँ आदि शब्दहरूको प्रयोग गरी अति नै राम्री भनेर प्रशंसा गरेको पाइन्छ । उदाहरण 'ख'मा नदुखेको कपाल किन दुखाउने ? छानाबाट खसेजस्तो उखानटुक्काको प्रयोग, अलङ्कारको प्रयोग गरेको पाइन्छ । त्यस्तै गरी उदाहरण 'ग' मा फुट्दै आएको यौवन, प्रेमरस सञ्चार हुनु, गुलाफको फूल फूलेजस्तो मुस्कानमा बिजुली दौडन्थ्यो । गङ्गाको वक्षस्थलमा कालो सर्प पो तैरिरहेको पो हो कि भन्ने जस्तो, मजबुत डेरा जमाएको जस्ता अलङ्कारहरूको प्रयोग गरी उमेर पुग्दै आएकी अति राम्री युवती, सुन्दरी भन्ने अर्थ दिन उपन्यासकारले आन्तरिक समानान्तरताका शब्दहरूको चयन गरेको पाइन्छ ।

## ६.४ सारांश

यस परिच्छेदमा 'रूपमती' उपन्यासमा प्रयुक्त विचलन र समानान्तरताका आधारमा चर्चा गरिएको छ । विचलन भन्नाले भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमणलाई बुझिन्छ । विचलनका आधारमा कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, अर्थतात्विक, भाषिका विचलनहरूको चर्चा गरिएको छ । त्यस्तैगरी समानान्तरता पनि साहित्यिक कृतिमा उत्पन्न हुने एक कलात्मक ढङ्गले व्यक्त गरिने वा अर्थ्याउने प्रक्रिया हो । यो कुनैपनि साहित्यिक कृतिमा उत्पन्न हुने एक कलात्मक ढङ्गले व्यक्त गरिने खालको हुन्छ । कुनैपनि कृतिमा व्याकरण, छन्द, अलङ्कार, रस आदिको नियमित एवम् अनुशासित प्रयोग तथा नियमित पुनरावृत्तिबाट उत्पन्न हुने एक विशिष्ट शैलीलाई समानान्तरता भनिन्छ । समानान्तरता दुई प्रकारका हुन्छन् :- बाह्य समानान्तरता र आन्तरिक समानान्तरता । यिनै दुई पक्षको यस अध्यायमा चर्चा गरिएको छ । यस परिच्छेदमा चर्चा गरिएका विचलन र समानान्तरतालाई तालिकामा देखाइएको छः ।

**तालिका नं. ९**

**विचलन र समानता**

| कोषीय विचलन | व्याकरणात्मक विचलन | ध्वनिप्रक्रियात्मक विचलन | अर्थतात्विक विचलन | भषिका विचलन |
|---|---|---|---|---|
| फर्कोइन | कर्ता,कर्म र क्रियामा विचलन | होओइन | रौ बराबर | आ |
| सकार्छ | पदक्रममा विचलन | आइडिन | मरेको बिरालो काखीच्यापेर हिँडेजस्तो | डिन |
| होओइन | | कस्टो | कपालमा चढाइराखेकी | ठाहा |
| | | दरलाग्दो | | |

# सातौँ परिच्छेद
# निष्कर्ष

रुद्रराज पाण्डे (वि सं १९५७-२०४३) नेपाली साहित्यमा बहुमुखी प्रतिभा लिएर देखापरेका साहित्यकार हुन् । बालककालदेखि नै साहित्यको फाँटमा संलग्न रहेका पाण्डेलाई लेखनाथ पौडेल, चक्रपाणि चालिसे, शम्भुप्रसाद ढुङ्गेल आदि नेपाली साहित्यकारले र प्रेमचन्द्र लगायत हिन्दी साहित्यकारले समेत प्रभाव परेको पाइन्छ । पाण्डेको साहित्यलेखन वि.स.१९७२ बाट शुभारम्भ हुन्छ् । साहित्यका विभिन्न विधामा कलम चलाएपनि उपन्यासको क्षेत्रमा निकै ख्याति कमाएका पाण्डेको रुचिको विषय उपन्यास विधा नै हो । उनका “रूपमती”, “चम्पाकाजी”, “प्रायश्चित”, “प्रेम” र “हेरफेर” गरी पाँचवटा उपन्यास रहेका छन् । पाण्डेका औपन्यासिक प्रवृत्तिलाई हेर्दा आधुनिक नेपाली उपन्यासका प्रवर्तक, आदर्शोन्मुख सामाजिक यर्थावादी प्रवृत्ति, नैतिक तथा आदर्शवादी शिक्षा, मानवीय कमजोरी र दुर्बलताबाट हुने दुष्परिणामको अङ्कन, समसामयिक समाजको चित्रण, नारी शिक्षामा जोड, परम्परित उपन्यासकार, भाषाशैलीमा सरलता आदि प्रवृत्तिहरु पाइन्छन् । पाण्डे नेपाली साहित्यमा देखापरेका युगपुरुष हुन् । साहित्यका अतिरिक्त शिक्षाक्षेत्रमा समेत उनको अद्वितीय योगदान रहेको छ । “रूपमती” पाण्डेको ‘कालजयी’ उपन्यास हो । यही एक उपन्यासले मात्र उनीलाई अमर बनाएको छ । नेपाली भाषामा इतिहासलेखन गरेर पाण्डेले शैक्षिक क्षेत्रमा साहित्येतर पक्षमासमेत नेपाली भाषाको प्रसार गरेको प्रतीत हुन्छ । यी बाहेक पत्रपत्रिका र समाजसेवामा संलग्न भएका पाण्डेले विभिन्न पुरस्कारहरू (गोरखा दक्षिणबाहु र त्रिशक्तिपट्टा जस्ता मानपद्वीबाट विभूषित, त्रिभुवन रजतजयन्ती पदक, महेन्द्र शुभराज्यभिषेक पद्वी त्यस्तै वीरेन्द्र शुभराज्यभिषेक पदक आदि) समेत पाएका छन् ।

उपन्यास पाश्चात्य जगत्मा जन्मेर हुर्केको विधा हो । नेपालीमा पनि उपन्यासको विकास पाश्चात्य साहित्यको सम्पर्क र त्यसको प्रभावको प्रतिफल हो । पश्चिममा विकसित उपन्यास विधासित सम्यक परिचित भएर उपन्यास लेख्ने पहिला नेपाली उपन्यासकार पाण्डे नै हुन् । उनको “रूपमती” विधागत सचेचताका साथ लेखिएको पहिलो नेपाली उपन्यास हो । यही उपन्यासको प्रकाशनबाट नै नेपाली आधुनिक उपन्यासको ढोका उघ्रियो ।

साहित्यशास्त्रमा अङ्कुराएका विविध धारणाहरूमध्ये शैली पनि एक हो । शैलीवैज्ञानिक पद्धतिको उदय र विकास साहित्यकै भाषापरक अध्ययनबाट भएको देखिन्छ । शैलीविज्ञानलाई भाषाविज्ञानकै भाषापरक अध्ययन गर्ने क्रममा हेरिन्छ । शैलीवैज्ञानिक पद्धति भाषा तथा कलापरक हुन्छ । भाषिक तत्त्वद्वारा कथ्यको प्रतिपादन वा प्रकाशन प्रक्रियाको रूपमा शैलीलाई हेरिन्छ । कुनैपनि कृतिको शैलीवैज्ञानिक भाषिक व्याकरणिक स्तर र साहित्यिक स्तर गरी दुई स्तरका आधारमा गरिन्छ । शैली भन्नाले कुनैपनि कथ्यको भाषिक तत्त्वद्वारा प्रतिपादन वा प्रकाशन प्रक्रियालाई बुझउँदछ । शैलीविज्ञान कुनैपनि कृतिको अध्ययन गर्ने वैज्ञानिक आधार हो । “शैली” चयन, मानकबाट विचलन र अन्तरवाक्यीय वैशिष्ठ्य हो भनिन्छ । यिनै शैलीको आधार हेर्दा शैलीविज्ञान आधुनिक युगको नवीनतम् विधा हो । यो एक स्वतन्त्ररूपमा अगाडि बढेको छ । शैलीविज्ञान प्रायोगिक भाषाविज्ञानको एक शाखा हो । शैलीविज्ञानले साहित्यिक कृति वा सङ्कथनको भाषिक आधारबाट विश्लेषण गरी शैलीका माध्यमद्वारा त्यसमा रहेका कलात्मक संवेगहरूको रेखाङ्कन गर्ने कृतिमा अन्तरनिहित सौन्दर्यको उद्घाटन गर्ने लक्ष्य लिएको हुन्छ ।

शैलीको वैज्ञानिक ढङ्गले अध्ययन गर्ने विधालाई शैलीविज्ञान भनिन्छ । यसलाई साहित्य समालोचनाको सिर्जनात्मक पद्धति मानिन्छ । शैलीविज्ञान आधुनिक नवीनतम् विधा हो । यसलाई

काव्यशास्त्र र भाषाविज्ञानको मिलनभूमि पनि भनिन्छ । शैलीविज्ञानले साहित्यलाई भाषिक कला मान्दछ ।

शैलीवैज्ञानिक दृष्टिले कृतिको विश्लेषण गर्ने आधारहरू वा प्रक्रियाहरू :- साहित्यिक संरचना (बनोट र बुनोट), शैली (चयन, अग्रभूमि निर्माण (समानानन्तरता र विचलन)) र भाषा संरचना ( व्याकरण व्यवस्था, शब्दव्यवस्था र ध्वनि व्यवस्था) अपनाइन्छ । शैलीवैज्ञानिक दृष्टिले कृतिलाई कथानकका आधारमा पनि विश्लेषण गरिन्छ । उपन्यासकारले कुनैपनि विशेष योजनाका दृष्टिले आफ्नो कथालाई सङ्गठित बनाएको हुन्छ अनि त्यस घटनालाई एक विशेष क्रमद्वारा राखिएको हुन्छ । उपन्यासकारको यस किसिमको विशिष्ट योजनालाई कथानक वा कथावस्तु भनिन्छ ।

रूपमती उपन्यासको शीर्षक अत्यन्तै मार्मिक र सान्दर्भिक देखिन्छ । प्रमुख नायिका रूपमतीकै सेरोफेरोका आधारमा यो उपन्यास घुमेको छ । अर्थात् आदि, मध्य र अन्त्य पनि रूपमतीको पृष्ठभूमिमा रहेकोले शीर्षक सार्थक रहेको छ ।

बीसौँ परिच्छेद, ११५ पृष्ठमा संरचित रूममती उपन्यास लघु आकारको प्रथम सामाजिक यथार्थवादी उपन्यास हो । समाजमा बुहारीहरूले खप्नुपर्ने सासूहरूको हेला, अपमान वा बुहार्तनलाई यथार्थरूपमा उपन्यासकारले प्रकट गरेका छन् ।

रूपमती उपन्यासको कथानक विकासक्रमलाई हेर्दा फ्रेटागको पिरामिडल प्रणालीअनुसार सबल देखिन्छ । आदि भाग परिच्छेद एकदेखि चौधौँ परिच्छेदसम्म, मध्यभाग चौधौँदेखि अठारौँ परिच्छेदसम्म र अन्त्यभाग उन्नाइसौँदेखि बीसौँसम्म रहेको पाइन्छ ।

उपन्यासको शैलीवैज्ञानिक आधार चरित्रको आधारलाई मानिन्छ । उपन्यासमा कथानकलाई उद्देश्यसम्म पुऱ्याउने विभिन्न पात्रहरू नै चरित्र हुन् । चरित्रको वर्गीकरण गर्ने आधारहरूः-लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा गरिएको छ । यस उपन्यासमा प्रमुख पात्र हविलाल, रूपमती नायक नायिका, सहायक र गौणसहित एक सय पचासजति पात्रहरूको चयन गरिएको छ ।

रूपमती उपन्यासलाई चयनका आधारमा विश्लेषण गरिएको छ । यसै शिलशिलामा शब्दचयन (नामपद, सर्वनामपद, क्रियापद, विशेषणपद, अव्यय, अनुकरणात्मकपद) का आधारले हेर्दा सबल नै देखिन्छ । विभिन्न निपातको प्रयोग गरी उपन्यासलाई उद्देश्यसम्म लान सक्षम देखिन्छ । वाक्यचयनका आधारमा सरल, संयुक्त, मिश्र लगायत लघु, जटिल, प्रश्न, विस्मयादिबोधक, इच्छार्थक वाक्यको चयनको विश्लेषण गरिएको छ । यसरी हेर्दा पनि यो उपन्यास अत्यन्त सक्षम रहेको छ । चिह्न प्रयोगका दृष्टिले प्रश्न चिह्न, अल्पविराम, उद्धरण चिह्न, विस्मयादिबोधक चिह्न, प्रशस्तै पाइएतापनि कोष्ठक, योजक चिह्नको प्रयोग भने गरेको पाइँदैन ।

शैलीवैज्ञानिक दृष्टिले “रूपमती”को विश्लेषण गर्ने आधार विचलन र समानान्तरतालाई अपनाइएको छ । भाषाको ध्वनि प्रक्रिया, व्याकरण संरचना र त्यसबाट प्राप्त हुने अर्थनिश्चित नियम र व्यवस्थाको परिधिभित्र रहेर अध्ययन गरिएको छ । सामान्य भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमण अर्थात् मानकेत्तर प्रयोगलाई विचलन भनिन्छ । विचलनका दृष्टिले “रूपमती” उपन्यासलाई कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, अर्थतात्विक भाषिका विचलनका आधारमा चर्चा गरिएको छ । कुनै पनि साहित्यिक कृतिमा व्याकरण, छन्द, अलङ्कार आदिको नियमित एवम् अनुशासित प्रयोग तथा नियमित पुनरावृत्तिबाट निर्माण हुने शैलीगत विशेषतालाई समानान्तरता भनिन्छ । विचलन बाह्य समानान्तरता र आन्तरिक समानान्तरताको सृजना हुन्छ । “रूपमती”

उपन्यासमा प्रशस्तै बाह्य समानान्तरता पाइन्छ । त्यस्तै गरी आन्तरिक समानान्तरताले पनि दह्रो डेरा जमाएको छ । साहित्यमा अलङ्कार, रूपक, विभिन्न बिम्ब र प्रतीकको आकर्षकरूपमा प्रयोग गरिएको छ । रूपमती उपन्यासलाई हेर्दा अत्यन्तै धेरै तत्सम शब्दहरूको प्रयोग पाइन्छ भने तत्भव पनि उत्तिनै पाइन्छ । त्यस्तै गरी झर्रा, आगन्तुक.(अङ्ग्रेजी, हिन्दी, फारसी, नेवारी आदि), अनुकरणात्मक शब्दको चयन पाइन्छ । विभिन्न शब्दहरूलाई तथा भाषिक शब्दावलीहरूलाई उलटपुलट पारी उपन्यासलाई उद्देश्यतर्फ पुऱ्याउने अवसर दिएको पाइन्छ ।

रूपमती उपन्यास नेपाली समाजको सार्थक रूप झल्कने उपन्यास हो । नेपाली समाजमा रहेका नारीहरू वा सासूहरूले बुहारीप्रति गर्ने गरेको हेला, पेलान, बुहार्तनको यथार्थतालाई छर्लङ्ग पार्न, विद्वान र धनी घमण्डी र मूर्ख स्वभावका पात्रहरूको चयन गरी उपन्यास रचेको पाइन्छ । पण्डित छविलाल, हविलाल, रूपमती सत् चरित्रका छन् भने घमण्डी स्वभावका विलाल, बरालपुत्री, अन्य पात्रहरू पर्दछन् । उपन्यासकारले एकै परिवारका सदस्यहरू पनि विभिन्न शिलस्वभावका हुने कुरालाई छर्लङ्ग पार्न हविलाल र रविलाल दाजुभाइको चरित्रको चयनले प्रष्ट पार्दछ । त्यस्तैगरी जेठानी-देउरानीबीच के-कस्तो बैमनस्य समाजमा वा परिवारमा हुन्छ भन्ने कुरा रूपमतीको पुत्र पैदा हुँदा बरालपुत्री हेर्न नगएको प्रसङ्गले प्रष्ट पारेको छ । घरझगडा गर्दा गाउँका मानिसलाई रमिता हुन्छ । सबैलाई रमाइलो र ठट्टा गर्ने बाटो बन्छ । यस्तो घरझगडा परेको ठाउँमा वा घरमा छरछिमेकी के-कसरी रमिता हेर्न उत्सुक भई पिँढी र छतबाट हेर्दछन् र के-कसरी एक-अर्कालाई उकास्न तल्लीन हुन्छन् भन्ने कुरालाई प्रष्ट पार्न मोहनप्रसाद लुइँटेल, लुइँटेलनी बज्यै, बाटुली, धाई बुढी, काबुली आदि पात्रहरूको चयनले प्रष्ट पार्छ ।

धेरैभन्दा धेरै पात्रहरूको चयन गरी उपन्यास निर्माण भएको पाइन्छ । केही कम पात्रको चयन गरेर उपन्यास निर्माण भएको भए अध्ययन अध्यापन गर्न सरल पर्ने जस्तो देखिन्छ । यसमा अत्यन्तै बढी गौण पात्रको चयन गरिएको छ । यसबाट उपन्यास केही खजमजिए जस्तो भान पर्न सक्छ । भाषागत दृष्टिले हेर्दा सरल, सहज नै देखिन्छ । प्रशस्तै अनुकरणात्मक शब्दहरूको चयनले गर्दा उपन्यासलाई सरसरती पढ्न पट्याइँ नलाग्ने, अल्छी नलाग्ने भएको पाइन्छ । त्यस्तै गरी ठाउँ-ठाउँमा विभिन्न बिम्ब, प्रतीकहरूको प्रयोगले पनि उपन्यास रोचक बनेको छ । विभिन्न भाषिकाहरूको चयन र भाषाहरूको सान्दर्भिक चयनले गर्दा उपन्यास अझ रोचक बन्न पुगेको छ । आगन्तुक शब्दहरूको चयनले उपन्यासको कथावस्तुलाई अगाडि बढाउन मद्दत गरेको छ । विभिन्न अनुच्छेदमा विभिन्न पात्र र पात्रअनुसारको प्रसङ्ग ल्याएर उपन्यासलाई उद्देश्यसम्म तन्काइएको छ । यो उपन्यास प्रथम सामाजिक आदर्शवादी उपन्यासको रूपमा सदासर्वदा चिनिन सक्षम रहेको छ ।

# परिशिष्ट

## १. तत्सम शब्दहरू

निद्रा, रूपमती, पूजा, घडी, सन्ध्या, पण्डित, देवी, निराहार, वर्ष, दृष्टि, पुराण, कलियुग, निराश, आकार, क्रोध, महाभारत, कीर्तन, मनुष्य, आसन, ग्रहण, अत्याचार, भगवती, दया, मरणासन्न, पशुपति, चण्डाल्नी, दश, प्रसन्न, हर्ष, पुरुषार्थ, ईश्वर, भगवती, नियम, विवाह, गायत्री, गोकर्ण, प्रतिष्ठा, एनकेनप्रकारेण, दुर्वाच्य, असैह्य, मधुर, भीषण, उद्वेग, दया स्त्री, हृदय, क्रोधाग्नी, प्रचण्ड, सामर्थ्य, ज्ञान, टीका, शान्ति, विलक्षण, शक्ति, ज्योतिष्, दान, कन्यादान, आज्ञा, प्रकृति, आदर्श, चित्त, घण्टा, गायत्री, भोजन, तान्त्रिक, इष्टमित्र, महात्म्य, दःख, जीवन, आर्जन, मनोहरा, शास्त्रोक्त, आशय, आज्ञा, कलियुग, स्तन, समस्त, सामग्री, कष्ट, तृप्त, दर्शन, आरती, ब्रह्मचारी, उपदेश, मातृहृदय, वेदना, प्रिय, करुण, तुलना, समावेश, पुत्रहीन, अन्धकारमय, जन्म, सन्तानेश्वर, आश्वासन, संसार, विचित्र, मनुस्य, विषाद, स्वरूप, प्रसन्न, पालनपोषण, शुक्लपक्ष, चन्द्रमा, अक्षर, आग्रह, विरूपाक्ष, शास्त्री, वर, गुणी, पुरोहित, कौमुदी, काव्यग्रन्थ, अर्थ, रूपरङ्ग, श्रीपञ्चमी, विवाह, दासी, उद्योग, परम, सुन्दरी, दक्षिणा, आनन्द, गुणवती, रामायण, रजस्वला, व्याकुल, चञ्चल, उत्कण्ठा, प्रतीक्षा, परिचय, संस्कृत, पाठशाला, प्रथम, परीक्षा, काँशी, अवश्यमेव, सर्वप्रथम, कृपादृष्टि, आशय, अनाचार, गच्छेत्, चरण, आनन्द, निरूत्तर, उत्तीर्ण, विश्वविद्यालय, हिन्दू, सहवास, चञ्चल, उत्कण्ठा, पाठशाला, प्राध्यापक, प्रथम, मध्यमा, सार्वप्रथम, आशय, षठेत, चरण, आनन्द, उत्तीर्ण, विश्वविद्यालय, विशेष, हिन्दू, परम्परा, पाश्चात्य, वसन्त कृत, पूर्णीमा, स्वेच्छा, आभास, राधेश्याम, पुस्तक, चमत्कार, आग्रह, उद्देश्य, फलफूल, वक्षस्थल, स्वर, चतुर्थ, कपाल, घृणा, तिरस्कार, रीतिस्थिति, भविष्य, पूर्ण, ग्राह्यस्थजीवन, नाट्यशाला, ऐश्वर्य, अवकाश, दृष्य, आचरण, शुद्ध, प्रलोभन, सत्यनारायण, कृष्णलीला, निम्न, देवता, अदभूत,अन्धपरम्परा, भक्त,सदासर्वदा, दीनहीन, महाभारत, घनघोर, रणसङ्ग्राम, कर्तव्य, अग्रसर, रणकौशल, सुवेदार, पराक्रम, श्रीमद्भागवत्, शस्त्र, दर्शक, हर्ष, प्रमाण, कपोलकल्पित, उदय, ध्रुवसत्य, प्राचीन, मासिक, निरुत्तर, प्रतिष्ठा, सुगन्धित, आत्महत्या, पिशाच, नरक, सत्यनास, तथापी, पाठ्यशाला, अनर्थ, वेद, अध्ययन, वर्षा, दही, धन्य, वचन, मूल, श्रेणी, निश्चय, सुवर्णपदक, परन्तु, आशौच, पञ्चगव्य, मरणान्त, अवकाश, स्वभाव, शीलस्वभाव, सौन्दर्य, पतिदेव, कर्म, चित्र, हताश, गृहस्थी, उपन्यास, सुकुमारी, असल, ब्रह्माण्ड, सुदृष्टि, प्रवेश, नास्ति, उदर, उपस्थित, प्रायशः, अन्धकार, अमावश्य, सुश्रुषा, सार्वोत्तम, श्रद्धा, अभिलाषा, तृष्णा, नश्वर, शरीर, प्रातभ्रमण, दानपुन्य, असव्य, वेदना, परलोक, बज्रपात, परमधाम, क्रमशः, स्मरण, कटिबद्ध, दानपुण्य, धर्ती, चण्डाल, दन्त, घमण्ड, कलह, धनसम्पत्ति, प्रतिभा, आदानप्रदान, शुभकामना, निष्ठाकर्म, श्रदाभक्ति, कल्याण, धैर्य, दुर्वाच्य, दया, रोमाञ्चित, लक्ष्मी, पूर्वजन्म, तपस्या, परमेश्वर, अत्याचार, अमृत, मृतसञ्जीवनी, तेज, शोभायमान, वचन, ब्रह्माण्ड, सर्वत्र, भाग्य, लक्षण, दुर्मुखा, दुर्मती, रहस्य, श्रेय, वृतान्त, बुद्धिमानी, जाग्रम, ऋृण, अंश, पार्थिव, त्रिलोक, भुवन, अपमान, अनुमान, कुजात, दुश्मन, प्रशस्त, प्रहार, प्रातकाल, मृग, सन्सारिक, सुखभोग, लोकाचार, प्रशन्न, दाम, वन्धक, फलाहार, गणेश, ब्रत, वज्रयोगिनी, साधु, महात्मा, आर्शीवाद, उपाशक, परम, निर्मल, जल, आसन, नित्यकर्म, वसन्त, सुवास, प्रफुल्ल, विरहिणी, पूर्णिमा, मनोहर, जन्मोत्सव, सर्वत्र, विस्मात, दुर्गति, चतुर्मासा, व्याप्त, अधम, नरपिशाच, नरक, कोमल, हिन्दी, स्त्री, विलक्षण,आघात, चेहरा, लाल, आदि (२७७ ) ।

## २. तद्भव शब्द

भात, सासु, ससूरा, अध्यारो, तमाखु, बुहारी, थाल, आँप, आमा, कान, घर, मानिस, घिउ, आवाज, सारी, चित्त, हात, धान, आँसु, गाली, हजार, साइत, गलत, पात, पसिना, जिन्दगी, लाज, तेल,

आधा, बाहुन, चामल, बहिनी, घिउ, दखल, बोलैया, काइकुँई, हल्लागुल्ला, खोस्टो,जिरिङ्ग,डुलफिर, दङ्गदास, छट्टु, हडप्पा, काटीकुटी, घुङ्रिएको, अचकल्टा, सफाचट, झलझली, साइत, लाखबत्ती, जजमान, गधा, बदमासी, चोक, आँङ, गाग्रो, बदमाशी, अपुताली, मुस्कराहट, कटाक्ष, आदि ( ६२ ) ।

३. **आगन्तुक शब्दहरू**

अङ्ग्रेजीबाट आएका शब्दहरू- मास्टर, वाच, फेसन, बोडिङ्ग, स्कुल, क्लास, रिकर्ड, कम्पनी, टाइप, इन्जेक्सन, प्रोफेसर, लिटररी, बिस्कुट, फिक्री, रेष्टुराँ, मेम, मिटिङ्ग, लाइब्रेरी, पार्ट, पिकनिक, टि-पार्टी, स्टोभ, कार्ड, सुट, टाइ, पाइन्ट, सिनेमाहल, क्रिस्तान, तुथब्रस, चकलेट, आइडिन, टाइम, फेसन, रेष्टुरेष्ट, फेशन, डिग्री, हडप्पा, पार्क, सोसाइटि, नम्वर, मोटर, आई.ए., एम. ए., म्याट्रिकुलेशन, मिटिङ्ग, मिस्टर, नम्बर आदि (४८) ।

४. **हिन्दी शब्दहरू**

एकदफे, कैसे, नमिलेंगे, हाँ, छोडेगा, गुलछर्रा, कव, मिलेगा, दफे, पहुँचे, नही, लिएगा, पठता, छोडेगा, उसीका, मालुम, चखाएगा, भेटावे, अच्छा, क्यावात, बदमास, दाम, कहिए, हैं, पडाता, क्या, कराएगा, हमारे, भेट -मुलाकातै, कहता, कदम, बदनेवाला –३४ ।

फारसी शब्दहरू -मस्त, काइदा, तबला, तलासी, खुशबू –६ ।
नेवारी –खः बज्यै, कस्टो, थिमि, ढ्या, मरु, हाकुपटासी–७ ।

निपात शब्द–नै, मात्र, कवल, चाहिँ, पनि, ल, है, न, नि, त, यो, क्या, के, कि, रे, क्यारे, हँ, हगि, खै, लौ आदि २०।

५. **अनुकरणात्मक शब्दहरू**

लम्पसार, सुमसुम्याउँदै, कचकच, झकझक, लमक्क, जऱ्याकजुरुक, ट्वार-ट्वार, फतफत, खलखली, झन्कदै, फन्कदै, गड्गडाउदै, हस्याङफस्याङ, साँक्कसुँक्क, घुकघुक, लम्कनु, धुरुधुरु, जुरुक्क, छक्क, झलमल्ल चुर्लम्म, जिरिङ्ग, सफाचट, स्ववार्लम्म, झलझली, छक्क, निन्याउरो, गुट्मुट्याउनु, उकुसमुकुस, झलझली, खासखुस, भ,ल्याँस्स, कचकच, घचघच, सुँक्कसुँक्क, फतफत चटक्क, भतभत, चुर्लुम्म, घप्लक्क, कानेखुसी, गनगन, क्वारक्वारर्ती, भुतुक्क, ढाङ-ढाङ, ढेसिनु, थचक्क, ढपम्म, तपतप, झनक्क, सर्लक्क, जुरुक्क, झ्वाट्ट, हलचल, पर्लकक्क, आकुलव्याकुल, दिक्क, धुमधाम, चाइँचुइँ, गडगडाउनु, मुसुक्क, मुस्कुराउनु, गुटुमुटु, पर्लक्क, छिरिक्क, सुँस्कसुक्क, यताउति, मुर्मुरिनु, चकचक, फरक्क, थक्कथक्क, ट्याङट्याङ, लडीबुडी, कठ्याङ्ग्रिएको, चुर्लम्म, आकुलव्याकुल, अलिअलि, छापछाप छुपछुप, भाँडभैलो, भुतुक्क, स्याबास्, चटक्क, मस्काउनु, लुत्तुक्क, भागाभाग, भकुर्नु, ढाकछोप, थरथर, पुलपुल्याउनु, उल्क्याउनु, सातोपुत्लो, अत्तोपत्तो, गुटुमुटु, टुलुटुलु, धुरुधुरु, जुरुक्क, गद्गद्, चहकमहक, धपक्क, सलक्क, भुतुक्क, लुरुक्क, धुमधाम, ढाकछोप, झटपट, पकापक, भुनभुन, दन्किनु, लुछालुछ, हल्लीखल्ली, चटक्क, छनछन, विचल्ली अनीवानी, जमघट, फड्कार्नु, लछालछ, हल्लन्टाट, सुटुक्क, मिल्काउनु, चालामाला, टामटुम, छामछामछुमछुम, गुटमुटु, ह्वार्लाङ्ग ख्वाक्क, छर्लङ्ग, टुलुटुलु, थचक्क, गटक्क, चटचट, ढुसमुस, झसङ्ग, लट्ठ, झल्याँस्स, फत्र्याकफत्र्याक, ढ्याम्मढुम्म, लम्पसार, सरासर, च्वप्पच्वाप्प, छन्छन्, धमचक्कर, चालचुल, घुक्कघुक्क, झलमलाउँदा, चटचटी, भट्याक-भट्याक, थुचुक्क, भताभुङ्ग, निर्धक्क, दङ्ग, घुत्रुक्क, बल्लबल्ल, पक्क, अलमल्ल, अलपत्र, छक्क, गुटुमुटु, लुरुलुरु, ग्वारग्वार्ती, घुरुघुरु, भड्किनु, पक्क, ढुसुढुसु, अत्तोपत्तो, जिल्ल,

खप्लक्क, झुत्रेझाम्रे, जिल्ल, खप्लक्क, धुरुधुरु, घुक्कघुक्क, थर्र, सुईसुई, घम्साघम्सी, फ्यात्त, इन्तु न चिन्तु, गदगद, घप्लक्क, चकनाचुर, लडीबुढी, सिरीखुरी, जमघट, ट्वाक्क आदि । - (जम्मा १९४)

## ६. उखानटुक्काहरू

जुम्रालाई भैँसी बनाउनु, खुसीले फुल्नु, येनकेन प्रकारेण, बाह्रसत्ताइस कुरा, जगल्टा पनि केलाउनु मुख पनि च्यात्नु, स्वाद पाउनु, नुन खाएको कुखुरो, पेटमा कुरा खेल्नु, बाह्रहातको चोसो पसार्नु, नूनखोर्सानी लगाउनु, डडाल्नु सेकाउनु, फतफते बुढीको गनगन, हिङ नभएपनि हिङ बाँधेको टालो, घर खानु, शुक्लपक्षको चन्द्रमा, फलामको च्यूरा, पुस्तकका कीरा, कागले कान लग्यो भन्दैमा कान छामेर कागको पछि लाग्नु, घिउतेल खन्याएर संहार गर्नु, जाएगा तो जाएगा जजमानका जाएगा, कालो अक्षर भैँसी बराबर, मुखमे रामराम बगलीमे छुरावाले, काट्नु, नदुखेको कपाल किन दुखाउने, छानाबाट खस्नु, कुरा काट्नु, चिसो पस्नु, बाह्रबर्षमा खोलो फर्कनु, मम इच्छा समनास्ति दैव इच्छा बलीयसी, मनको लड्डुको पुल बनाउनु, फुटेको कौडी जति आम्दामी नहुनु, साढेसातले छुनु, बीसको उन्नाइस हुनु, कानमा तेल हाल्नु, केको दान न सान ? ठण्डाराम भइसकेपछि केको स्वाङ्ग ?, आमाबाबुको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामुढामाथि, आफ्नो आङको जुम्रा नदेख्नु, मुखसे रामराम पेटसे कसाइका काम, डाहले भुतुक्क हुनु, हाँ मा हाँ मिलाउनु, ब्रम्हाण्ड जलाउनु, माखो नमार्नु, सिन्का भाच्ने ढङ्ग नहुनु, नाकमुख नदेख्नु, सास फेर्ने फुर्सद नहुनु, मरेको बिरालो काखी च्यापेर हिँड्नु, आफ्नो आङ कन्याएर आफैँलाई छारो, कहुँ तो मा मारी जयन कहुँतो बाप कुत्ता खाया, रूपैयाँको खोला बग्नु, रगतको धारा बगाउनु, मुसो बनाउनु, खुकुरीभन्दा कर्द लाग्ने बाबुभन्दा छोरो जान्ने, अल्छीको पिण्ड, लुटको धन फुपूको श्राद्ध, फुटेको कौडी खानु, राडीको छोरी हाँडीमा परी उम्लेर मरी, उडेको चरा खसाल्नु, घोक्रो पसार्नु, हातभरी काँच भर्नु, धोती न टोपी हुनु, कुलेलाम ठोक्नु, खाए खा नखाए घिच, बाँदरको पुच्छर लौरो न हतियार, एकै ड्याङको मूला, आँखाको कसिङ्गर बन्नु, बोकाको मुखमा कुभिण्डो नअँटाउनु, मनपेट दिनु, इन्द्रको बाबु चन्द्र आएपनि केही नलाग्नु, मुखभरीको जवाफ दिनु, दुईखुट्टे बिरालो, के खोज्छस् कानो आँखो, लामो हात गर्नु, नाक फुलाउनु, चोसो पसार्नु, दाजु/बाबुको थाप्लोमा नाच्नु, मरेपछि डुमै राजा, ढीलो होस् छोरै होस्, मुखबुजो लाउनु, सुइँकुच्चा ठोक्नु, घिउ कहाँ पोखियो आफ्नै थालमा, इदम् भ्रष्टम् उदम् भ्रष्टम्, परोपदेश पाण्डित्यम्, कामधेनु गाई हुनु, बाह्रबर्षसम्म पनि कुकुरको पुच्छर ढुङ्ग्रामा राखेपनि बाङ्गाको बाङ्गै, पैँतालोमुनि दबाएर राख्नु, हातमुख जोर्न पनि धौ-धौ पर्नु, खुस्किनु आदि । (जम्मा १९२)

# सन्दर्भग्रन्थसूची

## क. पुस्तकसूची


अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०५६), **प्रारम्भिक नेपाली शिक्षण**, विद्यार्थी पुस्तक भण्डारभोटाहिटी ।

अधिकारी, हेमाङ्गराज (२०५३), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाण्डौं :विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

………… (२०६२), **सामाजिक र प्रायोगिक भाषाविज्ञान,** काठमाण्डौं, रत्नपुस्तक भण्डार, ।

गौतम, कृष्ण (२०५९), **आधुनिक आलोचनाः अनेकरूप अनेकपठन,** काठमाण्डौंः साझा प्रकाशन ।

ढुङ्गेल, भोजराज तथा दहाल दुर्गाप्रसाद (२०५६), **भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,** काठमाडौंः एम. के. पब्लिसर्स एण्ड डिष्टिब्युटर्स ।

…………, **प्रायोगिक भाषाविज्ञान** (२०५८), एम.के.पब्लिसर्स एण्ड डिष्टिब्युटर्स ।

पाण्डे, रुद्रराज (२०५७), **रूपमती**, अठारौं सं. काठमाण्डौं सा. प्र. ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), **नेपाली उपन्यास र उपन्यासकार,** काठमाण्डौं, साझाप्रकाशन ।

प्रसाई, नरेन्द्रराज र प्रसाई इन्दिरा (२०५२), **रुद्रराज पाण्डे : सृष्टि र दृष्टि,** काठमाण्डौं, रुद्रराज पाण्डे साहित्य समिति ।

बन्धु, चूडामणि (२०५०), **भाषाविज्ञान,** छैटौं सं. काठमाण्डौंः सा. प्र. २०५० ।

………… (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाण्डौंः रत्न पुस्तक भण्डार ।

बराल, कृष्णहरि र एटम नेत्र (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दो. सं. काठमाण्डौंः सा. प्र. ।

राई, इन्द्रबहादुर (२०५०), **नेपाली उपन्यासका आधारहरू,** काठमाण्डौंः सा.प्र. ।

शर्मा मोहनराज (२०५९), **शैलीविज्ञान** काठमाण्डौंः ने. रा. प्र.प्र. दो. सं. ।

शर्मा, मोहनराज र लुईटेल खगेन्द्रप्रसाद (२०५५), **शोधविधि,** ललितपुरः दो. सं. सा. प्र. ।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसीः भूमिका प्रकाशन ।


## ख. शोधपत्रसूची


खनाल, राजेन्द्र (२०६१), **मुगलान उपन्यासको शैलीवैज्ञानिक अध्ययन,** अ. प्र. स्नातकोत्तर अध्ययन पत्र त्रि. विं. वि. कीर्तिपुर ।

चापागाँई, विष्णुप्रसाद (२०६१), **रूपमति उपन्यासको कृतिपरक अध्ययन**, अ. प्र. स्नातकोत्तर त्रि. वि. वि. कीर्तिपुर शोधपत्र ।

ढुङ्गेल, नीलमणि (२०५९), **शिरीषको फूल उपन्यासको शैलीवैज्ञानिक अध्ययन,** अ.प्र. स्नातकोत्तर अध्ययनपत्र म.र.व. क्या.ताहाचल ।

थापा डी. वि. (२०५६), **तीनघुम्ती उपन्यासको शैलीवैज्ञानिक अध्ययन,** स्नातकोत्तरतह त्रि. वि. वि. ने.के. वि. कीर्तिपुर ।

दाहाल, दुर्गाप्रसाद (२०५९), **नरेन्द्रदाई उपन्यासको शैलीबैज्ञानिक अध्ययन**, स्नातकोत्तरतह त्रि. वि. वि. ने.के. वि. कीर्तिपुर ।

धमला, रितुराज (२०६१), **अनिधोपहाडसंगै उपन्यासको शैलीवैज्ञानिक अध्ययन,** अ. प्र स्नातकोत्तर शोधपत्र म.र. क्या. ताहाचल ।

पुडाशैनी, वीरेन्द्र, **राजेश्वरी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन,** अ.प्र शोधपत्र त्रि.वि.वि. कीर्तिपुर ।

रेग्मी, शिवप्रसाद, **शकुन्तल गीतिनाटकको शैलीवैज्ञानिक अध्ययन,** अ. प्र शोधप म.र. क्या. ताहाचल ।

सापकोटा, कृष्णचन्द्र (२०५९), **माइतघर उपन्यासको शैलीवैबज्ञानिक अध्ययन**, अ.प्र. शोधपत्र म.र..क्या. ताहाचल ।

### ग. पत्र पत्रिकाहरू

अधिकारी, हेमाङ्गराज (२०६१), **शैलीविज्ञान,** (सम्प्रेषण पृष्ठभूमि र विश्लेषण प्रक्रिया) अङ्क १ वर्ष १ त्रि.वि.वि.कीर्तिपुर ।

पन्थी, भाउ र थापा रोगन “नीरव” (२०६०), **नेपाली उपन्यास शतवार्षिका स्मारिका** रूपमती उपन्यासको द्धन्दविधान ने.रा.प्र.प्र., पृ. ७८ ।

पौडेल, विष्णु (२०५५), **समकालीन साहित्य रूपमती उपन्यासको चरित्र विधान,** अङ्क १, पुर्णाङ्क ३३, पृ. १४९ ।

राई, इन्द्रबहादुर (२०२९), **‘रूपमतीमा’ नैतिक संरचना,** प्रज्ञा (वर्ष २, अङ्क २), पृं ४३–५२ ।

# वैयक्तिक विवरण

नाम : टीकानाथ पौडेल
जन्ममिति : वि.सं. २०३३/०२/१०
पिताको नाम : हरिप्रसाद पौडेल
आमाको नाम : श्रीमती तुलसा पौडेल
लिङ्ग : पुरुष
नागरिकता : नेपाली
जन्म स्थान : माईमझुवा गा.वि.स., वडा नं. १, इलाम
स्थायी ठेगाना : माईमझुवा गा.वि.स., वडा नं. १, इलाम
सम्पर्क फोन : ९८४१-३०५७२४
धर्म : हिन्दू
भाषा : नेपाली, अंग्रेजी र हिन्दी

शैक्षिक योग्यता

| क्र.सं. | तह | शैक्षिक संस्था | पास गरेको साल | मूल विषय | श्रेणी |
|---|---|---|---|---|---|
| १ | स्नातकोत्तर (एम्.एड.) | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर (त्रि.वि.) | २०६३ | नेपाली | द्वितीय |
| २ | स्नातक (बि.एड.) | महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम (त्रि.वि.) | २०६० | नेपाली | पास |
| ४ | प्रमाण पत्र (आई.एड.) | इलाम उच्च मा.वि., इलाम | २०५६ | नेपाली | द्वितीय |
| ५ | प्रवेशिका (एस.एल.सी. | श्री सरस्वती मा.वि., सुलुबुङ्ग, इलाम | २०५३ | इतिहास, स्वास्थ्य शिक्षा | पास |

तालिम

❖ कम्प्युटर द्यबकष्अ अयगचकभ।

अनुभव

❖ शिक्षक : नवज्योती इङ्गलिस स्कूल, भक्तपुर ।
❖ शिक्षकः विभुती विद्या मन्दिर, गोंगबु चोक, काठमाडौं ।

रुचि

❖ शिक्षण